# कम्लहरी र तिनीहरुको शैक्षिक स्थिति

## दाङ्गका थारु महिलाहरुको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक
आवश्यकता परिपूर्तिको लागि तयार पारिएको

**शोधपत्र**

प्रस्तुतकर्ता
प्रवीण कुमार धिताल
रोल नं.: ६२ (२०६४-०६६)

समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं
२०६८

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र /मानवशास्त्र**
**केन्द्रीय विभाग**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिका लागि मेरो निर्देशन र सुपरीवेक्षणमा प्रविण कुमार धितालले "कम्लहरी र तिनिहरुको शैक्षिक स्थिति : दाङ्गका थारु महिलाहरुको एक अध्ययन" विषयमा यो शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाइ आवश्यक मूल्यांकन र स्वीकृतिका लागि सिफारिस गर्दछु ।

.............................
मिली जोशी
शोधपत्र निर्देशन
समाजशास्त्र /मानवशास्त्र
केन्द्रिय विभाग, किर्तिपुर
मिति : २०६८ /३ /१

## त्रिभुवन विश्वविद्यालय
## समाजशास्त्र/मानवशास्त्र
## केन्द्रिय विभाग, कीर्तिपुर ।

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, विश्वविद्यालय क्याम्पसका छात्र प्रवीण कुमार धितालले प्रस्तुत गर्नु भएको "कम्लहरी र तिनीहरुको शैक्षिक स्थिति : दाङ्गका थारु महिलाहरुको एक अध्ययन" विषयक शोधपत्रलाई समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नका निमित्त स्वीकृति प्रदान गरिएको छ ।

............................ ............................

मिली जोशी
शोधपत्र निर्देशक

नीति अर्याल खनाल
बाह्य परीक्षक

...........................................

प्रा.डा. ओम गुरुङ
विभागीय प्रमुख
समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय

मिति : २०६८ । ।

# कृतज्ञता ज्ञापन

सर्वप्रथम आफुलाई शिक्षाको यस उच्च तह सम्म पुग्न हर तरहबाट अविछिन्न रुपले प्रोत्साहन र हौसला प्रदान गर्नुहुने पूज्यनीय बुवा उत्तर कुमार धिताल र आमा इन्दिरा देवी धिताल ज्यू प्रति अत्यन्त आभार प्रकट गर्दछु ।

प्रस्तुत "कम्लहरी र तिनीहरुको शैक्षिक स्थिति : दाङ्गका थारु महिलाहरुको एक अध्ययन" विषयको शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका निमित्त तयार गरिएको भए पनि यसले कम्लहरीका बारेमा अध्ययन गर्ने विद्यार्थी एवम् यस सम्बन्धी जिज्ञासा राख्ने जो कसैका लागि पनि सहयोग पुऱ्याउने आशा गरेको छु ।

यो शोधपत्रलाई यस रुपमा ल्याउने क्रममा प्रत्येक पाइला पाइलामा सुझाव र निर्देशन दिएर आफ्नो अमूल्य समय लगाई सहयोग गर्नु भएकोमा म मेरा शोध निर्देशक मिली जोशी तथा बाह्य निरीक्षक नीति अर्याल खनाल प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो शोधकार्य मेरो पहिलो अनुभव भएकोले शोध अध्ययन गर्ने क्रममा कमी कमजोरी अवश्य रहेका होलान् जसलाई हटाउन आफ्नो तर्फबाट भरमग्दुर प्रयास गरेको छु । यो शोधकार्य गर्ने समयमा विभिन्न सल्लाह सुझाव दिई सहयोग गर्नु हुने साथीहरु प्रकाश पण्डित र गणेश राज तिमिल्सैना प्रति हार्दिक आभार प्रकट गर्दछु । यसका साथै शोधकार्य गर्ने समय सम्म विविध पक्षबाट सहयोग पुऱ्याउने मेरा बहिनीहरु सरस्वती र पूजा धिताललाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरि भाई विप्लव रेग्मी र बहिनी रक्षा रेग्मीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र तयार गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग सदभाव प्रदान गर्ने सवै संघ-संस्था, मित्र तथा सुभेच्छुक प्रति आभार प्रकट गर्दछु ।

**प्रवीण कुमार धिताल**

# विषय सूची

पेज नं.

**अध्याय एक : परिचय**

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता पत्र iii

विषयसूची iv

तालिका/चित्र सूची vii

पुणार्थ शब्द viii

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको उद्देश्य ५

१.३.१ सामान्य उद्देश्य ५

१.३.२ विशिष्ट उद्देश्य ५

१.४ अध्ययनको महत्व ५

१.५ अध्ययनको संगठन ६

१.६ अध्ययनको सीमा ७

**अध्याय दुई : सन्दर्भ साहित्यको समीक्षा**

२.१ कमैया र कम्लहरी प्रथा ८

२.२ थारुहरु जग्गा विहिन र कमैया हुनुको ऐतिहासिकता ९

२.३ कमैया आन्दोलन १३

२.४ कम्लहरीको सम्बन्धमा भएका कानूनी प्रावधान १५

२.५ थारु महिला र शिक्षा १७

## अध्याय तीन : अनुसन्धान विधि


३.१ अध्ययन क्षेत्र २१

३.२ अध्ययनको ढाँचा २१

३.३ अध्ययनको स्रोत र प्रकृति २२

३.४ नमुना छनौट २२

३.५ तथ्याङ्क संकलनका विधि २३

३.५.१ अन्तरवार्ता २३

३.५.२ वैयक्तिक अध्ययन २३

३.५.३ अवलोकन २४

३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण २४


## अध्याय चार : कम्लहरी प्रथा


४.१ कम्लहरी प्रथा २५

४.२ थारु बालिका कम्लहरी हुनुका कारण २८

४.२.१ आर्थिक कारण २९

४.२.२ सामाजिक कारण ३१

४.२.३ राजनीतिक कारण ३३

४.३ कम्लहरीले गर्नु पर्ने काम ३४

४.४ कम्लहरी र हिंसा ४०


## अध्याय पाँच : कम्लहरीको शैक्षिक अवस्था


५.१ कम्लहरी र शिक्षा ४२

५.२ कम्लहरी हुँदा स्कुल जान नपाएको ४४

५.३ कम्लहरी हुँदा थोरैले जान पाए पनि प्रगति गर्न नसकेको ४९

५.४ मुक्त भएपछिको अवस्था ५१

## अध्याय छ : सारांश तथा निष्कर्ष


| | | |
|---|---|---|
| ६.१ | सारांश | ५७ |
| ६.२ | निष्कर्ष | ६३ |
| | सन्दर्भसामग्रीहरु | ६५ |
| | अन्तरवार्ता प्रश्नावलीहरु | ६६ |
| | अनुसूची १ | ६८ |
| | अनुसूची २ | ६९ |
| | अनुसूची ३ | ७३ |

## तालिका सूची


| क्र.सं. | | तालिकाको नाम | पृष्ठ |
|---|---|---|---|
| १. | तालिका १ | कम्लहरीको परिवारको जग्गा र स्वामित्वको अवस्था | ३० |
| २. | तालिका २ | कम्लहरीको परिवारको खाद्यान्न पर्याप्तता | ३१ |
| ३. | तालिका ३ | उत्तरदाताले कम्लहरीको रुपमा विताएको समय | ४५ |


## चित्र सूची


| क्र.सं. | | चित्रको नाम | पृष्ठ |
|---|---|---|---|
| १. | चित्र नम्वर १ | कम्लहरी हुनुका कारणहरु | २८ |
| २. | चित्र नम्वर २ | मुक्त कम्लहरी र उनीहरुको परिवारको शैक्षिक अवस्था | ४३ |

# पुणार्थ शब्द

| | | |
|---|---|---|
| इन्सेक [INSEC] | - | Informal Sector Service Center |
| एफ.एन.सी. [F.N.C.] | - | Friends of Niddy Children |
| बेस [BASE] | - | Backward Society Education |
| सी.आर.सी.[C.R.C.] | - | Child Right Convention |
| आइ.एल.ओ. [I.L.O.] | - | International Labour Organization |
| नेसाक [NESAC] | - | Nepal South Asia Center |
| स्वान[SWAN] | - | Society Welfare Action Nepal |
| युनेस्को [UNESCO] | - | United Nations Educational Scientific & Cultural Organization |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया कमैया भन्नाले साह्रै जोतिन सक्ने, कमाइवाल आर्जनी, पौरखी वा हिकमति, जग्गा धनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका किसान भन्ने बुझिन्छ (शर्मा १९९९) । त्यसैगरी परम्परागत रुपमा कमैया भन्नाले कडा परिश्रम गर्ने थारु पुरुषलाई मान्ने गरिन्छ । तर पछि उपयुक्त परिभाषा रुपान्तरित भइ कमैया शब्दको अर्थ मेहनती थारु पुरुष जो सम्पूर्ण परिवार सहित जमिन्दारको लागि काम गर्थ्यो र त्यस वाफत उत्पादनको केही हिस्सा र रकम प्राप्त गर्थ्यो लाई जनाउँछ । त्यसैगरी मेहनती थारु महिला/छोरी वा कमैयाको श्रीमतीलाई कम्लहरी भनिन्थ्यो । कम्लहरी भन्नाले कडा परिश्रम गर्ने थारु महिला वा कमैयाको श्रीमतीलाई जनाउथ्यो (फुजिकुरा सन् २००४) । तर अहिले त्यो परिभाषा रुपान्तरित भएको छ । अहिले निश्चित शर्तमा कुनै मालिक वा अभिभावक वा स्वयम् कम्लहरी बीच लिखित वा मौखिक सम्झौता भई निश्चित समयावधिका लागि, निश्चित ज्याला, अन्न वा अन्य सुविधा पाउने शर्तमा घरबाहिर काम गर्न गएका वा पठाइएका ७/८ वर्ष देखि लिएर ३०/३५ वर्ष उमेर समूहका थारु बालिका/महिला वा किशोरीलाई कम्लहरी भनिन्छ । त्यसैले कम्लहरी भन्नाले विवाहित वा अविवाहित थारु बालिका/महिला वा किशोरीलाई जनाउँछ । गरीब परिवारका लागि कम्लहरी प्रथाले केहि हद सम्म खान र लाउनमा राहत प्रदान गरेको हुँदा यो एक पेशाको रुपमा स्थापित भएको छ । कमैया हुनेमा थारु जातिका थिए । र उनीहरु तराईका रैथाने थिए । कमैया थारु अधिकांशको जग्गा जमिन थिएन । भए पनि थोरैको थियो । कोही ऐलानी जग्गा भोग चलन गर्दै आइरहेका थिए । कमैयाहरु प्रायः जमिनदारले आफ्नो जग्गामा बनाइदिएको सानो झुपडीमा बस्दथे । परिवारको एक सदस्य कमैया रहन्थे भने अरुले बाहिर काम गर्दथे । कमैयाले विशेष गरेर जमिनदारको कृषिसँग सम्बन्धित कार्यहरु गर्थे । साथै उनीहरुले जमिनदारले भने अनुसार अन्य काम पनि गर्दथे ( फुजिकुरा सन् २००४) ।

दाङ्गमा सबैभन्दा धेरै कम्लहरी रहेको तथ्याङ्क छ । २०५७ सालमा फ्रेन्डस अफ निड्डी चिल्ड्रेन (एफ एन सी) ले लिएको लगतमा ५००० कम्लहरी रहेको कुरा सार्वजनिक गरिएको थियो । त्यसैगरी २०६६ मा यो संख्या १७० मा झरेको छ । ९०% कम्लहरीहरु कमैया परिवारबाट जाने गरेको पाइएको छ । पश्चिम नेपालको बाँकेमा ६५०, वर्दियामा १३९२, कञ्चनपुरमा ६००, कैलालीमा २५०० गरी जम्मा ५१४२ जना अहिलेपनि कम्लहरी रहेका छन् ( लामिछाने २०६६) ।

कम्लहरीको यकिन तथ्याङ्क कसैसँग पनि नभएको हुँदा यसैलाई आधिकारिक तथ्याङ्क मानिएको छ । पश्चिम नेपालमा थारुहरु कमैया र कम्लहरी जस्तो बधुवा प्रथामा बाँधिन पुग्नुको एउटा प्रमुख/आधारभूत कारण जग्गा विहिनता र गरिबी हो (इन्सेक-२०४९) ।
आफ्नो जग्गा जमिन नभएपनि कृषिमा नै निर्भर रहने हुँदा यिनीहरु जमिनदारबाट शोषित र पिडित रहे (विष्ट सन् २००४) ।

नेपालको कुल जनसंख्याको ३०.८ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेका छन् (CBS 2057 B.S.) । परिवारको कमजोर आर्थिक स्थितिका कारण ठूला केटाकेटीले घर र साना बच्चाबच्चीको रेखदेख गर्नुपर्दछ । फेरी साँझ विहानको छाक टार्न मुस्किल पर्ने ती परिवारलाई स्कुलको खर्च व्यहोर्न पनि गाह्रो पर्दछ फलतः ती परिवारका केटाकेटी शिक्षाबाट बञ्चित हुन्छन् । यसरी कसीने गरिवी र अशिक्षाका कठोर दुस्चक्रका कारण बालबालिका अन्ततः श्रमशोषण तथा अन्य शोषणबाट आक्रान्त हुन पुग्छन् । बालश्रमको मुख्य कारण गरिवी हो । बालश्रम धेरै प्रकारका छन् । घरेलु देखि जोखिमपूर्ण कार्यमा बालबालिका लगाइन्छन् । गरिवी, अशिक्षा र शोषणको अवस्था नघटे सम्म बालश्रम हट्दैन । कम्लहरी प्रथामा कम्लहरीको सम्बन्ध जग्गासँग हुने वा कम्लहरी जानु पुर्व १ वर्ष काम गर्ने सर्त वा कामको ज्यालाको केही हिस्सा पहिला नै लिने भएकोले उनीहरुलाई कामबाट आफू खुसी छुटकारा पाउन मुस्किल पर्छ किनभने यसमा परिवारको रोजगारी र वाच्ने आधार गाँसिएको हुन्छ । कम्लहरी बसिरहेको घरबाट छुटकारा पाउन कम्लहरीको परिवारले कमाई रहेको जग्गा छोड्नु पर्छ जसले गर्दा उनीहरु बधुवा हुन्छन् । तर बाल श्रमिक व्यक्तिको रोजगारीमा सिमित रहेको हुँदा उनीहरु कम्लहरी जस्तो बाध्यात्मक परिस्थितिमा रहेका हुदैनन् । वास्तवमा गरीब मुलुक जहाँ आधा

जनसंख्या गरिवीको रेखामुनि रहेका छन् त्यस्ता देशहरुमा बालश्रमिक अत्याधिक रहेका छन् ( सिन्हा सन् २०००) ।

यसरी देशमा गरिबी र बालश्रम शोषण शिक्षाको बाधक बन्न पुग्छ, जस्को उदाहरण नेपालमै थारु कम्लहरीका अवस्थामा पनि देखिन्छ । थारु समुदायका महिलाको शिक्षामा पहुँच नहुनुका केही विशिष्ट कारण छन् भन्ने मान्यता यो शोधपत्रको हो । त्यो विशिष्ट कारणको आधार हो कम्लहरी प्रथा जुन अन्य जातिमा र पश्चिम तराई बाहेक अन्य क्षेत्रमा पाइदैन । त्यसैले अन्य सिमान्तकृत समुदायको महिलाको शिक्षामा पहुँच र त्यससँग सम्बन्धित कारणहरु खोज्ने विषयमा यो अनुसन्धान केन्द्रित छ ।

नेपालमा शिक्षाको शुरुवात प्राचीन समयदेखि नै भएको थियो । जुन बेला धार्मिक शिक्षा दिने गरिन्थ्यो (थारु सन् २००१) । आधुनिक तथा औपचारिक शिक्षाको शुरुवात भएको धेरै समय भएको छैन । थारुहरु पहिले पनि धार्मिक शिक्षामा सहभागी थिएनन् र अहिले पनि आधुनिक शिक्षामा सङ्ख्यात्मक हिसावले पछाडि नै रहेका छन् । थारु समाजमा किन शिक्षालाई महत्व दिइएन वा उनीहरुमा विद्यालय गएर शिक्षित हुनुपर्दछ भन्ने कुराको ज्ञान किन भएन ? अरु समुदायका मानिसहरु पनि कृषिमा आश्रित भएपनि शिक्षा क्षेत्रमा केही न केही सहभागिता रहेको छ । तर थारुहरु पछि पर्नुको कारण के थियो ? जबकी नेपालमा राणाशासनको समाप्ति सँगै शिक्षामा सर्वसाधारणको पहुँचको विषय हुँदा पनि थारुहरु शिक्षा क्षेत्रमा पछाडि नै रहनुको कारण प्राथमिक शिक्षा निःशुल्क गरिदा पनि उनीहरु शिक्षाबाट बञ्चित हुनुपर्ने कारण अथवा उनीहरुले शिक्षाप्रति चासो नदिनुको कारणहरु के थियो ? भन्ने सवालको जवाफ यस अध्ययनमा खोज्ने प्रयास गरिएको छ । दाङ्ग जिल्लामा गरिएको यस अध्ययनले गरिवी लगायत अन्य के कारणले र कसरी पश्चिम नेपालमा कम्लहरी प्रथालाई कायम राखेको छ र त्यसले शिक्षामा उनीहरुको पहुँचलाई के कसरी प्रभाव पारेको छ भनेर विश्लेषण गर्नेछ ।

## १.२ समस्याको कथन

कम्लहरी प्रथा तराईका पाँच जिल्ला दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बढी पाइन्छ जुन जिल्लाहरुमा कमैया प्रथा रहेको थियो । तराईमा रहेको कमैया प्रथाको बारेमा अध्ययन अुनसन्धान प्रशस्तै. भएका छन् (फुजिकुरा सन् २००४, लामिछाने सन् २००५, शर्मा

सन् १९९९) । आदि) तर कम्लहरी प्रथामा केन्द्रित भएका अध्ययनहरु कम छन् । थारु महिलाको शिक्षाको बारेमा केही अध्ययन अनुसन्धान भएका छन् । थारु महिलाहरुले घरको काममा साथै जमिनदारको घरको काम गर्नु पर्ने भएको र विहे पछाडि अर्काको घरमा जाने हुँदा छोरीको शिक्षामा खर्च गर्दैनन् ( रजौरे सन् १९८१) ।

काम गरेर तुरुन्तै आम्दानी हुने र शिक्षाबाट तुरुन्तै लाभ प्राप्त गर्न नसकिने हुँदा र छोरीले घरको काम सम्हाल्नु पर्ने हुँदा थारु महिलाहरु स्कुल जानबाट बञ्चित छन् (खनाल सन् १९९९) ।

खनालले गरेको अध्ययन सम्पूर्ण थारु महिलाको शिक्षामा केन्द्रित छ र त्यो अध्ययन संख्यात्मक विधि अपनाएर गरिएको अध्ययन हो । त्यसैगरी लामिछानेको अध्ययन कमैया प्रथामा केन्द्रित छ र त्यसमा परिवारमा महिलाको स्थान बारे चर्चा गरिएको छ । महिला र पुरुषको परिवारमा बराबरी स्थान छैन । महिलाहरु पुरुषको दाँजोमा सामाजिक कार्यमा कम सहभागी हुन्छन् । कमैयाको श्रीमती /छोरी भएको नाताले कम्लहरीले जमिनदारको घर भित्रको काम निशुल्क गर्नु पर्छ । उनीहरुको परिवारमा निर्णायक भूमिका नरहने कुरा देखिन्छ । थारु भाषामा पढाई हुने स्कुल घर नजिक नभएकाले पनि थारु महिलाहरु शिक्षामा भन्दा काममा बढी संलग्न हुन्छन् (लामिछाने सन् २००५) । रघुनाथ लामिछाने (२०६६) द्वारा लिखित कम्लहरी पुस्तकले कम्लहरीहरुको भोगाइको बारेमा सम्पूर्ण जानकारी दिएपनि यसले शिक्षाको पाटोलाई उति छुन सकेको छैन ।

अहिलेको प्रतिस्पर्धात्मक समाजमा मानव विकासको लागि शिक्षा एउटा आधारभूत आवश्यकता हो । साक्षरताले सूचनामा पहुँच पुऱ्याउन सहयोग गर्दछ भने शिक्षाले नयाँ अवसरको लागि ढोका खोल्दछ । शिक्षाले सामाजिक भेदभाव र विभेदपूर्ण शक्ति सम्बन्ध एवम् अवसरका संरचनाहरु प्रति आलोचनात्मक सोचाइ राख्न र तीनका बारेमा प्रश्न गर्न सक्षम बनाइ दिन्छ तर नेपालीहरुको शैक्षिक स्तर त्यति सन्तोषजनक छैन । त्यसमा पनि महिला र पुरुष बीच शिक्षाको पहुँचमा स्पष्ट विभेद छ । शिक्षामा सवै जाति र लिङ्गको राम्रो सहभागिता नदेखिनुको कारणले पनि उनीहरुको सामाजिक स्थान माथि उठ्न सकिरहेको छैन ।

नेपाल लगायत अन्य देशहरुमा महिलाको शिक्षामा समान पहुँच नहुनुका कारण बारे धेरै अध्ययन अनुसन्धान भएका छन् । (अन्तराष्ट्रिय श्रम सङ्गठन १९८२, भट्ट र अरु सन् २००८

बजिर सन् २००० आदि) । यी अध्ययन अनुसन्धानले महिलाको शिक्षामा कम पहुँचको स्थिति र त्यसका विभिन्न कारणहरु देखाएका छन् । तर यी अध्ययन अनुसन्धानले थारु महिलाको शैक्षिक स्थितिलाई समेट्न सकेका छैनन् । किनभने थारु महिला कम्लहरी प्रथामा बाधिएका छन् । यो प्रथा अन्य जातिका महिलामा नपाइने हुँदा यो अन्य भन्दा फरक र पृथक अनुभव हो जसबारे कम चर्चा भएको छ । त्यसैले थारु कम्लहरीहरुको शैक्षिक स्थितिबारे अध्ययन आवश्यक छ । यसरी यो अध्ययन थारु महिलाको शिक्षामा कम्लहरी प्रथाले पार्ने प्रभावमा केन्द्रित रहेको छ ।
"आधो पढो हर से गयो पुरो पढो घर से गयो" (आधा पढेपछि हलो छोड्यो र पुरा पढेपछि घर छोड्यो) भन्ने उखानको महत्वपूर्ण भूमिका भएको कारण थारुहरु शिक्षामा आउँदैनन् । ( लामिछाने २०६६ ) । यसरी गरिवी, कम्लहरी प्रथाको कारणले थारु महिलाको शिक्षामा न्यून उपस्थिति रहेको विभिन्न अध्ययनले देखाएको छ । थारुहरुले शिक्षाको महत्व बुझेका छन् र अशिक्षित भएकै कारण आफुहरु पछाडि परेको, अरुबाट हेपिएको र दविएको कुरा राम्रोसँग बुझेका छन् (इन्सेक २०४९) । यति हुँदा हुँदै पनि उनीहरु शिक्षामा आएका छैनन् जुन आम प्रश्न र चासोको विषय भएको हुँदा यो अनुसन्धान आवश्यक र महत्वपूर्ण छ ।

## १.३ अध्ययनको उद्देश्य

यो अनुसन्धान थारु महिलाको शैक्षिक स्थितिमा केन्द्रीत रहेको छ । यसका निम्न प्रकारका विशिष्ट उद्देश्यहरु रहेका छन् ।

### १.३.१ सामान्य उद्देश्य

थारु महिला कम्लहरी हुनाको कारण पत्ता लगाउने ।

### १.३.२ विशिष्ट उद्देश्य

कम्लहरी प्रथाले थारु महिलाको शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

पश्चिम नेपालको दाङ्ग, बाँके, वर्दिया, कैलाली, कञ्चनपुरमा अहिले पनि कम्लहरी प्रथा कायमै छ जहाँ मानिसलाई दासदासीका रुपमा नोकर राख्ने गरिन्छ । कमैया प्रथासँगै जोडिएको यस प्रथाले कमैया प्रथाको उन्मूलन भएको दशक वित्दा समेत निरन्तरता पाइरहेको छ । यसो

हुनुको पछाडिको मुख्य कारण महिलाका समस्यालाई समस्या नठान्नु र महिला आवाज बाहिर आउन नसक्नु दुवै उत्तिकै जिम्मेवार रहेका छन् । त्यसैले कम्लहरीको शैक्षिक अवस्थाको बारेमा गरिएको यस अध्ययनले कम्लहरीका पिडा र भोगाइलाई उजागर गर्ने प्रयास गरेको छ । कम्लहरी प्रथाका कारण शिक्षाबाट बञ्चित हुनु परेको यथार्थता चित्रण गरेको छ ।

यो अध्ययन कम्लहरी प्रथा र यसले थारु महिलालाई कसरी शिक्षाबाट वञ्चित गरेको छ भन्ने बुझ्न सहयोग गर्नेछ । साथै यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ता, समाजशास्त्री, मानवशास्त्री, जिज्ञासु र यस जातिको उत्थानको लागि आवश्यक योजना निर्माण गर्ने योजनाकार, नीति निर्मातालाई समेत यस अध्ययनबाट प्राप्त निष्कर्ष उपयोगी हुनेछ ।

## १.५ अध्ययनको सङ्गठन

यो शोधपत्र ६ भागमा विभाजित छ । अध्ययनको पृष्ठभूमि पछि यसको दोस्रो अध्यायमा सन्दर्भ साहित्यको समीक्षा गरिएको छ । यस भागमा कमैया र कम्लहरी प्रथाको परिचयका साथै थारुहरु जग्गा विहिन र कमैया हुनुको ऐतिहासिकता कमैया आन्दोलन र कम्लहरीको सम्बन्धमा भएका कानूनी प्रावधानका साथै थारु महिला र शिक्षाका बारेमा संक्षेपमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान विधिहरु रहेको छ । जस अन्तर्गत अध्ययन क्षेत्र, अध्यननको ढाँचा, अध्ययनको स्रोत, नमूना छनोट, तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरणका साथै अन्त्यमा अध्ययनको सीमाबारे चर्चा गरिएको छ । चौथो अध्यायमा कम्लहरी र थारु बालिकाहरु कम्लहरी बन्ने प्रक्रियाका साथै कम्लहरी हुनुका कारण, उसले गर्नु पर्ने कामको बारेमा विस्तृत रुपमा वर्णन गरिएको छ । जो पूर्ण रुपमा स्थलगत अध्ययनमा आधारित छ ।

अध्याय पाँचमा कम्लहरीको शैक्षिक अवस्था शीर्षकमा कम्लहरी र शिक्षा, कम्लहरी हुँदा स्कुल जान नपाएको, कम्लहरी हुँदा थोरैले जान पाए पनि प्रगति गर्न नसकेको कुरालाई अध्ययनको क्रममा गरिएका अन्तर्वार्ता, मुक्त कम्लहरीको अनुभव, यस क्षेत्रमा काम गरिरहेका सामाजिक संस्थाका व्यक्ति वा थारुका वारेमा अध्ययन गरेका व्यक्तिको अनुभव र प्रतिक्रियाका आधारमा गरिएका चर्चा र विश्लेषण यहाँ समेटिएको छ र अन्त्यमा अध्याय छ मा सारांश र निष्कर्ष रहेको छ ।

## १.६ अध्ययनको सीमा

एक समाजशास्त्र/मानवशास्त्रको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि एक विद्यार्थीको हैसियतले गरिएको अध्ययन भएकोले समय, स्रोत, साधन एवम् आर्थिक कठीनाइका बाबजुद समग्र पश्चिम नेपालमा रहेका कम्लहरीहरुलाई समेट्न नसकि दाङ्ग जिल्लाका केही गाउँमा रहेका कम्लहरीहरुलाई समेटिएको छ । त्यस्तै समय अभावका कारण प्रत्येक घरमा गइ कम्लहरीसँग भेट्न र कम्लहरी घर फर्कने समयसम्म कुर्न सक्ने अवस्था नरहेकोले कम्लहरी बसिरहेका धेरै बालिका/किशोरीसँग कुरा गर्न सकिएन । दाङ्ग जिल्लामा कम्लहरी प्रथा विरुद्ध भएका कार्यक्रमको प्रभाव र संचार माध्यमबाट कम्लहरीबारे प्रसारण हुने कार्यक्रमले गर्दा कम्लहरी बारे सजिलै जानकारी प्राप्त गर्न र उनीहरुसँग सहज रुपमा भेट्न र कुराकानी गर्न कठीनाई भयो । यो अनुसन्धान दाङ्गका केही सिमित गाउँहरुकमा मात्र गरिएकोले यो अध्ययनले अन्यत्रका यस्तै समस्याको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको समीक्षा

### २.१ कमैया र कम्लहरी प्रथा

कमैयाको अर्थ शब्दकोषमा यसरी दिइएको छ "साहे् जोतिन सक्ने कमाइवाल, आर्जनी, पौरखी वा हिकमती, जग्गा धनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका किसान" । यो परिभाषाले कमैयाको वर्तमान वास्तविक स्थिति देखाउदैन तर कमैयाहरुलाई काममा जोत्न सकिने रहेछ भन्ने कुरा चै स्पष्ट इंगित गर्दछ (शर्मा १९९९) ।

"कमैया वस्तुतः कामदार त हो तर त्यसको हालत सामान्य कामदारको सरह नभै नेपाल लगायत विश्वमै उन्मूलन भै सकेको कमारा वा दास प्रथा जसलाई बाँधा पनि भनिन्छ सरह रहेको हुन्छ । त्यसैले यो मानव शोषण, उत्पीडनको प्रतिविम्वको रुपमा सभ्य मानव जातीको निमित्त कलङ्कको रुपमा उपस्थित भएर रहेको छ (शर्मा- १९९९) ।

कमैया भन्नाले मेहनती थारु पुरुष जो सम्पुर्ण परिवार सहित जमिनदारको लागि काम गर्छ र त्यस बाफत उत्पादनको केही हिस्सा रकम प्राप्त गर्दछ । परिवारको जुनसुकै व्यक्ति कमैया हुन सक्छ । कमैया प्रथालाई परिभाषित गर्दा मेहनती थारु पुरुषको संज्ञा दिइन्छ । तर उसले सहनु परेको शोषण र असमान सामाजिक सम्बन्ध, जसले कमैया लाई उसको आफ्नो स्वतन्त्रता अनुभव गर्न दिदैन, त्यसको बारेमा चर्चा गरिदैन (इन्सेक, २०४९) ।

कमैया प्रथा थारु जातिमा पाइन्छ । बहुसंख्यक गरिव किसान बाजे बराजुले लिएको ऋण चुक्ता गर्न कमैया बनेको तर्क गरिन्छ । दाङ्गमा कमैयालाई माघ महिनामा एक वर्षको लागि राख्दथे । यदि कुनै कमैयाले ऋण लिएको जमिन्दार कहाँ बस्न नचाहेमा नयाँ जमिनदारले उसको ऋण चुक्ता गरी आफ्नोमा लिएर जान पाउँथ्यो । कमैया प्रथालाई सामाजिक मान्यता प्राप्त थियो (इन्सेक, २००४) ।

यसरी परम्परागत रुपमा "कमैया" ले कडा परिश्रम गर्ने मानिस भन्ने जनाउँथ्यो । यसको स्त्रीलिङ्गी शब्द 'कम्लहरी' ले कडा परिश्रम गर्ने महिलालाई जनाउँथ्यो । त्यसबाहेक

कमैया, कम्लहरी जस्ता नामले थारु जातिको संयुक्त परिवारमा निश्चित भूमिका र स्थान बोकेको हुन्थ्यो (फुजिकुरा सन् २००४)।

यसरी माथिका परिभाषाहरुबाट कमैया भन्नाले मेहनती थारु पुरुषलाई जनाउँछ । कमैया प्रायः माघिबाट सम्पूर्ण परिवार सहित आफु भन्दा धनि जग्गावाल जमिनदारको लागि काम गर्छन् ।

एउटा पुरुष योग्य कमैया हुनका लाीग उसको श्रीमती हुनै पर्थ्यो अर्थात कमैया सँगै एउटा महिला (दिदी, बहिनी, छोरी) हुन जरुरी थियो अन्यथा उसले प्राथमिकता पाउदैनथ्यो । कमैया कि श्रीमती वा उक्त महिलाले कमैया बसेको घरमा खानाको भरमा घर भित्रको सम्पूर्ण काम गरिदिनु पर्दथ्यो (लामिछाने २०६०)। कमैया प्रथाको उन्मूलन पछि यिनै कमैयाका किशोर अवस्थाका छोरी/श्रीमती/दिदीबहिनीहरु घरायसी कामका लागि राखिदै आएका छन् । सामान्यतया ७-८ वर्ष देखि १८-२० वर्ष सम्मका किशोरीहरु खास गरी शहरी क्षेत्रमा हुने खानेका घरमा कम्लहरीका रुपमा रहदै आएका छन् । कमैया जस्तै यिनीहरु पनि माघिको समय देखि बस्न थाल्छन् । मालिक र कम्लहरीका अभिभावक वा मध्यस्तकर्ताहरु बीच कति दिने, पढाउने कि नपढाउने ? के के काम गर्ने,कहाँ जाने भन्ने छिनोफानो हुन्छ । यसमा कम्लहरी जाने बालिकाको कुनै राय वा मञ्जुरी लिन आवश्यक ठानिदैन । मालिकका घरमा कम्लहरीले पिडा र यातना पाए पनि कम्लहरी घर फर्कन पाउदैनन्, किनभने लैजाने बखत एक वर्ष पूरा गर्ने बाचा मालिकले कम्लहरीका अभिभावकलाई गराएका हुन्छन् । उनीहरु त्यो बाचा पुरा गर्न बाध्य पारिएका हुन्छन् । तर मालिकले कम्लहरीलाई जुनसुकै बेला पनि निकाल्न सक्छ अर्थात उसको बाचा पुरा गर्न कसैले बाध्य पार्न सक्तैन । मालिकलाई प्रश्न गर्न नसक्ने र मालिकको इच्छामा जीवन चल्ने हुँदा उनीहरु सूचना र चेतनाबाट विमुख हुन्छन् । शर्तका कारण पढ्न पाउदैनन् किनभने मालिकले कम्लहरीलाई पढाउन आवश्यक ठान्दैन र कम्लहरीहरु आधुनिक ज्ञान, सीप र शिक्षा जस्ता कुराबाट बञ्चित हुन्छन् (लामिछाने, २०६६)।

## २.२ थारुहरु जग्गा विहिन र कमैया हुनुको ऐतिहासिकता

पश्चिम नेपालका बाँके, वर्दिया, कैलाली, कञ्चनपुरमा विर्ताका रुपमा हजारौ विघा जमिन बाड्न थालेपछि कमैया प्रथा शुरु भएको मानिन्छ । राणाकालमा र त्यसपछि पनि सत्ता र

शक्तिमा वसेका व्यक्तिहरुले आफ्ना मान्छेलाई बक्सिसका रुपमा हजारौं विघा जमिनका विर्ताहरु बाँडे । विर्ता पाउनेले आफ्ना विर्तालाई खेतीयोग्य जमिन बनाउन दाङ्ग जिल्लाका थारुहरु लगे । ती थारुहरुले नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) मानिने ती क्षेत्रलाई आफ्नो श्रमले खेतीयोग्य जमिनमा परिवर्तन गरे । उनीहरु विभिन्न आश्वासनमा काम गर्न त्यहाँ पुऱ्याइए तर उनीहरु र उनीहरुका सन्तानले केही पाएनन् । बरु उनीहरु र उनीहरुका सन्तान बाँधा बस्न बाध्य बनाइए (सुवेदी, २०५७) । सन् १९६० भन्दा पहिले थारुहरु जग्गाका मालिक थिए । सन् १९६० को शुरुतिर औलो उन्मूलन कार्यक्रम [ज्ञ]लागु भएपछि उच्च जातका (बाहुन, क्षेत्री) बासिन्दा तराईमा बसोबास गर्ने क्रम वढ्यो । उच्च जातका बासिन्दाहरुले तराईमा भएको जग्गा वितरणको फाइदा उठाई जग्गा आफ्नो स्वामित्वमा बनाए । यसका लागि पहाडीहरुले सरकारी निकायमा भएका आफ्नो सम्बन्धका मानिसहरुको प्रयोग गरी फाइदा लिए (फुजिकुरा सन् २००४) । थारुहरु भने यसका बारेमा अनभिज्ञ भएकै कारण धेरैले आफ्नो स्वामित्वमा रहेको जग्गा पनि गुमाए । साथसाथै थारुहरुले जग्गामा लगाइएको कर तिर्न नसक्नाले आफूसँग भएको जग्गा पहाडीलाई हस्तान्तरण गर्न बाध्य भए । जग्गामा भएको यहि असमान वितरणले कोही थारु धनी जग्गावाल पनि भए भने कोही जग्गा विहिन हुनपुगे । जग्गा विहिन थारुहरु पछि गएर पहाडीहरुको कमैया रहन बाध्य भए । कमैया थारुहरु अधिकांशको आर्थिक स्थिति कमजोर रहेको छ । गैर कृषिको उपयोगबाट धन कमाउन नलागेर केवल कृषिमा आश्रीत रहने र उब्जेको अतिरिक्त अन्न पनि जाँड रक्सी पारेर सक्ने हुनाले थारुहरुको आर्थिक स्थिति कमजोर हुन पुगेको तर्क संकेत गरिन्छ (गौतम २०४४) ।

औलो उन्मूलन भन्दा अगाडि थारुहरुको अन्य जातिसँग खासै अन्तरसम्बन्ध थिएन । औलो उन्मुलन पश्चात पहाडबाट अन्य जातिका मानिसहरु बसाइ सराई र भूमि सुधार कार्यक्रम लागु हुनु जस्ता कारणले गर्दा सोझा, इमान्दार र नियम पालना गर्ने प्रवृत्ति भएका थारुहरुलाई तत्कालीन राज्य सत्तासँग नजिक रहेका उच्च वर्ग (सेना, पुलिस, कर्मचारी, राणा, राजाका मान्छे) ले प्रशासनका कर्मचारीहरुलाई हातमा लिइ उनीहरुको जग्गा आफ्नो अधिनमा पारे (सुवेदी २०५७) । फलस्वरुप कतिपय थारु जातिका मानिसहरु आफ्नो अधिनमा रहेको भूमि

---

[१] तराई औलो ग्रसित क्षेत्र भएको हुँदा सन् १९६० को दशकमा USAID को सहयोगमा औलो उन्मूलन कार्यक्रम लागु गरि तराईमा बसोबास गर्ने क्रम बढेको हो (रजौरे १९९७) ।

गुमाई आफु बसेको ठाउँबाट नेपालको पश्चिम तर्फ बसाई सरेको पाइन्छ । उनीहरुले थारुहरुको आर्थिक अवस्थाबारे अगाडी भनेका छन् थारुहरुले आफ्नो आवश्यकता पुरा गर्न कृषि उपजलाई साट्ने र बेच्ने गर्दछन् । थारुहरु घर परिवारका सम्पूर्ण सदस्यहरु बाहिर गएर काम गर्नु भन्दा पनि घरमा नै कृषि कार्यमा संलग्न भएका हुन्छन् (रजौरे १९७७) ।

रघुनाथ लामिछाने (२०६०) का अनुसार थारुहरु कमैया हुनुका दुई कारण छन् । पहिलो कारण थारुहरु जग्गा विहिन भएको हुनाले उत्पादनको लागि अरुको आश्रय लिनुपर्‍यो र दोस्रो आफ्नो खर्चका लागि ऋण लिनुपर्ने भएकोले कमैया हुनुपर्ने बाध्यता रहर्‍यो । साथै थारुहरु जग्गा विहिन र कमैया हुनुको पृष्ठभूमिलाई राजनैतिक र ऐतिहासिक व्याख्या गरेका छन् । यस समस्यालाई औपनिवेशिक पृष्ठभूमिमा राखेर व्याख्या गरिएको छ । गौतम (२०४४) ले पहिले थारुहरु एकै ठाउँमा स्थायी रुपले नबस्ने भएकोले थारुहरुलाई जग्गा आफ्नो स्वामित्वमा बनाउनेमा भन्दा त्यसको प्रयोगसँग मात्र मतलब थियो । साथै जग्गा स्वामित्वमा बनाउन लामो सरकारी कामकाजको प्रक्रिया पूरा गर्नुपर्ने भएकोले उनीहरु जग्गा विहिन भएका हुन भन्ने तर्क गरेका छन् ।

कमैया हुनेमा थारु जातिका थिए र उनीहरु तराईका रैथाने थिए । कमैया भन्नाले परिवारको मुलि बाहेक अरु सदस्यलाई जनाउथ्यो (फुजिकुरा सन् २००४) । फुजीकुराले जेठो दाजु बाहेक अन्य सदस्यहरु कमैया हुन्छन् भन्ने तर्क गरेपनि परिवारको जुनसुकै सदस्य कमैया हुन सक्छन् । परिवारको मुलि वा जेठो दाजु नै कमैया हुन सक्छन् र जेठो दाजु कमैया भएको उदाहरणहरु पाइन्छन् ।

कमैया थारु अधिकांशको जग्गा जमिन थिएन । भय पनि थोरैको थियो कोही ऐलानी जग्गा भोगचलन गर्दै आइरहेका थिए । कमैयाहरु प्रायः जमिनदारले आफ्नो जग्गामा बनाइदिएको सानो झुपडीमा बस्दथे । परिवारको एक सदस्य कमैया रहन्थे भने अरुले भने बाहिर काम गर्दथे । कमैयाले विशेष गरेर जमिन्दारको कृषिसँग सम्बन्धित कार्यहरु जस्तै खेत जोत्ने, बारी खन्ने, तरकारी, धान, गहुँ, मसुरो आदि रोप्ने, काट्ने आदि कामहरु गर्थे । साथै उनीहरुले जमिन्दारले भने अनुसार अन्य काम पनि गर्थे कमैयाकी श्रीमती/छोरी/दिदीवहिनी (कम्लहरी) ले घरभित्रको काम गरिदिनु पर्दथ्यो । त्यो काम गरे वापत उनीहरुलाई खान र एक

वर्षमा एक जोर कपडा दिन्थे । कसैले भने घर बनाउने जग्गा समेत दिन्थे (फुजिकुरा सन् २००४) । तर त्यो जग्गा कमैयाको स्वामित्वमा रहदैनथ्यो ।

कमैया र जमिनदार बीच एक प्रकारको लेनदेनको सम्बन्ध रहन्थ्यो तर त्यो सम्बन्ध असमान हुन्थ्यो । जमिनदारले लगाएका हरेक काम कमैयाले गर्नु पर्दथ्यो तर उसले जमिदारलाई कुनै दायित्व वा कर्तव्य सिर्जना गराउन सक्तैनथ्यो । जमिनदारले कमैयालाई हरेक किसिमको आदेश दिने, काम गराउने, पिट्ने, गाली बेइज्जत गर्ने, खान नदिने जस्ता कार्य गर्न सक्दथे भने कमैयामा कुनै प्रतिवाद गर्ने सामर्थ्य हुँदैनथ्यो (इन्सेक २०४९) ।

कमैयाले गर्ने कामको कुनै सीमा हुदैनथ्यो । खानका लागि लाग्ने समय र सुत्ने समय ५/६ घण्टा बाहेक कमैयाले अरु समयमा काम मात्र गर्दथे । त्यस वाफत जमिनदार/मालिकले कमैयालाई बस्ने बेलाको सर्त अनुसार लुगा, जिन्सी र अन्न प्रदान गर्दथे । त्यस बाहेक कमैयाको आवश्यकता अनुसार पछि तिर्ने गरी ऋण दिन्थे । यसरी कमैयाले जमिनदारको (जग्गा र घरायसी काम सम्बन्धी) आवश्यकता पूर्ति गरिदिएका हुन्थे भने जमिनदारले पनि कमैयाको न्यूनतम आवश्यकता पूर्ति गरिदिएका हुन्थे । तर यी दुई विच जहिले पनि असमान श्रम लेनदेनको सम्बन्ध रहेको व्याख्या गरिएको छ (इन्सेक २०४९) ।

कमैया बस्ने र छोड्ने सम्झौता माघि[२] पर्व पछि शुरु हुन्थ्यो । कमैयाले लिएको ऋण चुक्ता गरेपछि मात्र कमैयाबाट मुक्ति पाउथ्यो । यदि कुनै थारुले काम गरिरहेको जमिनदारलाई छोड्नु परेमा सम्पूर्ण ऋण तिर्नुपर्दथ्यो वा नयाँ जमिनदारबाट सापट लिएर बुझाउनु पर्थ्यो । कमैयाले प्रायः १२ देखि १५ घण्टा दैनिक काम गर्नु पर्दथ्यो । त्यसको बदलामा उनीहरुले पैसा होइन उत्पादित वस्तुको केहि हिस्सा प्राप्त गर्दथे (ढकाल र अरु सन् २०००) । कमैयाले जमिनदारको लागि वर्ष भरीनै काम गर्नु पर्थ्यो । उसले पाउने विदा भनेको दशैंको बेला दुई दिन र माघिमा एक दिन हुन्थ्यो । उसले विरामी विदा पाउँदैनथ्यो । यदी ऊ विरामी भयो भने उसको सट्टामा परिवारको अन्य कुनै सदस्यले त्यो काम गर्नुपर्थ्यो होइन भने कमैयाले प्राप्त गर्ने उत्पादकत्वबाट काम नगरेको दिनको अन्न घटाएर मात्र पाउँथ्यो (ढकाल र अरु सन्, २०००) । कमैयाले जमिनदारको बाहेक बडघर (छानीएको घरको मुलि) को लागि पनि काम गर्नु पर्थ्यो । साथै गाउँको बाटो, कुलो, नहर बनाउने अन्य सामुदायिक कार्यमा निःशुल्क श्रमदानको लागि

---

[२] माघ महिनाको पहिलो दिन माघि पर्व मनाइन्छ । माघि थारुहरुको ठूलो चाड हो ।

परिवारको प्रतिनिधित्व गर्नुपर्दथ्यो (फुजिकुरा सन् २००४) । कमैयाले मात्र नभएर आवश्यक परेको खण्डमा कम्लहरीले पनि निःशुल्क सेवा प्रदान गर्नुपर्थ्यो । यदि कम्लहरीले कामको ज्याला प्राप्त गरेपनि कमैयाले पाउने ज्यालाको आधा भाग मात्र पाउँथिन् । कमैयाहरु धेरै थरीका थिए । एक पैसा ऋण नभएको कमैया देखि लिएर धेरै ऋण भएका, आफ्नै जग्गा जमिन घर भएका, जग्गा जमिन घर नभएका सम्म कमैया हुन्थे । कुनै थारु परिवारले ऋण कटाउने सर्तमा आफ्नी छोरीलाई कम्लहरीको रुपमा पठाउँथे भने कसैले पैंसा र अन्न पाउने सर्तमा कम्लहरी पठाउँथे । यसरी जमिनदार पिच्छे कमैया र कम्लहरीलाई प्रदान गर्ने ज्याला फरक फरक हुन्थ्यो ।

यसरी कमैया र उनका परिवारले जमिनदारको लागि काम गर्नुपर्ने बाध्यता भएका कारण उनीहरु अन्य बाहिरी क्रियाकलापबारे अनभिज्ञ थिए । कमैंयाहरु स्थानीय रुपमा चुनिएको गाउँको मुख्य व्यक्ति (महतौ) ले बोलायको गाउँले सभामा समेत सहभागी हुन पाउँदैनथे । त्यसैले कमैयाका भोगाइ, पीडाका आवाज राजनीतिक, आर्थिक र कानूनी मामिला सम्म पुग्दैनथ्यो । उनीहरु गाउँको परम्परागत चाडपर्व, रितीरिवाज र सांस्कृतिक कार्यक्रममा भने संलग्न हुन्थे (फुजिकुरा सन २००४) । यसरी उनीहरु चेतना र सशक्तिकरण जस्ता कार्यबाट बञ्चित भए । जसले गर्दा समाजमा दविएर, हेपिएर बाँच्नपर्ने स्थितिको सिर्जना भयो ।

हुन त कमैया मात्र होइन पहिले नेपालमा निश्चित जात धर्म र भाषाको एकल वर्चस्वका कारण बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय मुलुकमा बहुधर्म, संस्कृति र जाती नै विभेदकारी नीतिको शिकार बन्दै आइरहेका छन् । एकजातीय पञ्चायतकालमा यस्तो विभेदका सवालहरु उठाउने जमर्को कसैले बुझेर वा नबुझेर गरेनन् । एक भाषा, एक धर्म र राजसंस्थालाई मात्रै राष्ट्रिय एकताका आधारहरु बनाइयो (वर्घट सन् १९८४) । यसरी कुलिन घरानाका मान्छेहरुले गरिव, किसान र तल्लो वर्ग माथि शासन गरे जसले गर्दा अरु भाषा धर्म र संस्कृति मान्ने मानिसहरु राज्यको मूल धारमा समाहित हुन सकेनन् । यिनै कारणहरुले गर्दा इतिहासबाटै अन्य तल्लो वर्ग शिक्षामा समावेश हुने अवसर प्राप्त गर्न सकेनन् । फलतः परम्परागत कृषि प्रणाली बाहेक नयाँ अवसर र सीपसँग परिचित हुन पाएनन् ।

## २.३ कमैया आन्दोलन

कमैया आन्दोलन, कैलालीका शिवराज पन्तको अधिनमा रहेका १९ जना कमैयाले आफ्नो स्वतन्त्रता र ऋण रद्द गराउन सरकारी निकायमा दायर गरेको मुद्दाबाट २०५७ बैशाख १९ गते देखि शुरु भएको थियो । आन्दोलनका कारणको बारेमा कमैया राजदेव भन्दछन् "बाजेले त्यही कमाए, बुवाले पनि त्यहि कमाए मैले पनि त्यहि कमाए । छोराले पनि त्यही कमाउनु पर्ने । यसरी चुप लागेर बस्ने हो भने त नातीले पनि त्यही कमाउनु पर्छ । त्यसकारण हामीले आन्दोलन गरेको" (सुवेदी २०५७) । आन्दोलन अगाडि बढ्दै जाँदा हजारौं त्यस्ता मुद्दाहरु जिल्ला प्रशासनमा पर्न थाले । व्याक वार्ड सोसाइटी एजुकेशन (वेस) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायतका विभिन्न गैरसरकारी संस्थाहरुले आन्दोलनमा साथ दिए । आन्दोलनले ठूलो रुप लियो । अन्ततः उक्त आन्दोलनले सरकारलाई कमैया मुक्ति घोषणा गर्न बाध्य पार्‍यो । अन्तमा सन् २००० जुलाई १७ मा नेपालमा सवै किसिमका वधुवा कृषि मजदुर 'मुक्त' भएको घोषणा भयो (श्रेष्ठ, २०५७) । त्यस पश्चात कमैयाले मुक्ति पाएका हुन त त्यसो भनिए पनि उनीहरु सँग लामो समयसम्म अन्तरसम्बन्धित जग्गा र जिविकोपार्जनसँग जोडिएको जमिनमा उनीहरुको केहि हक नलाग्ने गरी जमिनसँगको सम्बन्ध छुटाउँदा वास्तवमा जमिनदारले मुक्ति पाए तर कमैयाले पाएनन् । सरकारले आवश्यक गृहकार्य नगरी कमैया मुक्तिको घोषणा गरेको हुँदा, मुक्त भएपनि स्वतन्त्र रुपमा बस्न सक्ने स्थितिमा कमैयाहरु थिएनन् । तसर्थ मुक्ति पछि कमैयाहरुको स्थितिमा झन् अन्योलमा पर्‍यो । मुक्ति पाए पनि जग्गा जमिन नभएकोले कोही जमिनदारले दिएको जग्गामा बस्न थाले, कोही ऐलानी जग्गामा बसे भने कोही सुकुम्वासीको बस्तीमा बस्न थाले । मुक्ति पछि पनि जमिनदारको जग्गा नै प्रमुख स्रोत भएकोले थारुहरु अधिया [घ] प्रथा अँगाल्न बाध्य भए ।

कमैया मुक्तिको घोषणासँगै कम्लहरीलाई पनि मुक्तिको घोषणा भएको थियो (बास्कोटा २०६५) । कम्लहरी प्रथाले अझ प्रश्रय पायो तर उक्त प्रथा हट्न सकेन । "थारुहरु सोझा, सरल र इमान्दार भएको हुनाले उनीहरुलाई काममा लगाउन सजिलो हुने हुनाले थारु कम्लहरीको बढि माग हुने तर्क गरिन्छ" (गौतम २०४४) । कम्लहरी प्रथाको कुरा गर्दा गरिवी र जग्गा विहिनता प्रमुख कारण भएको तर्क गरिन्छ तर जातियताको चर्चा भएको पाइदैन । कम्लहरी प्रथा हट्न नसक्नुको पछाडि गरिबीको साथसाथै जातियताको पनि उत्तिकै ठूलो भूमिका छ ।

[३] अधिया प्रथा भन्नाले जमिनदारको जग्गामा काम गर्ने र त्यसबाट उब्जेको उत्पादन आधा आधा बाँड्नु हो ।

नेपाली समाजमा रहेको छुवाछुत र जातिगत वर्गीकरण भित्र थारु पानी चल्ने जातमा पर्छ जस्ले गर्दा अन्य जातको तुलनामा थारु जातका महिलाहरुको कम्लहरीका लागि बढि माग हुन्छ । अन्य जातिमा भन्दा थारु जातिमा महिला कम्लहरी हुनु जाती प्रथाको पनि महत्वपूर्ण भूमिका छ । किनभने सबै सिमान्तिकृत समूहका महिलाहरु कम्लहरी नहुनु र थारु महिला मात्र कम्लहरी हुनुमा गरिवीका साथै जातियता पनि बढि हावी भएको देखिन्छ । पानी नचल्ने भएमा सवै काम आफै गर्नुपर्ने र पानी चल्ने भएको खण्डमा काममा राहत हुने हुनाले थारु कम्लहरीहरुको माग बढेको हो । पहिले कम्लहरी भन्नाले कमैयाको श्रीमतीलाई जनाउथ्यो । पछि यो शब्दले घरायसी काममा संलग्न सबै थारु महिलालाई जनाउन थाल्यो । पछिल्लो समयमा गाउँबाट बाहिर खासगरी शहरी क्षेत्रमा घरेलु कामदारको रुपमा पठाइने थारु किशोरी/युवतीहरु नै कम्लहरीको रुपमा चिनिन्छन् जसले ज्याला वा अन्न पाउँछन् । कम्लहरीको क्षेत्रमा काम गर्ने संस्था निकायले पनि तिनै किशोरी /युवती (घरेलु कामदारको रुपमा रहेका) लाई नै लक्षित गरेको पाइन्छ ।

## २.४ कम्लहरीको सम्बन्धमा भएका कानूनी प्रावधान

नेपालमा कम्लहरी राख्ने प्रचलन प्रथाको रुपमा स्थापित छ । यसलाई दास प्रथाको अवशेषका रुपमा लिइन्छ । नेपालमा दास प्रथाको उन्मूलन वि.सं. १९८१ मा चन्द्र शमशेरको पालामा वैधानिक रुपमा अन्त्य भएको घोषणा भए तापनि दास प्रथा जस्तै कम्लहरी, बुक्रही, ओरगानी, भैसवार, छेग्रहवा जस्ता प्रचलन हालसम्म कायम रहेको पाइन्छ (कुवँर २०६६) ।

नेपालको मुलुकी ऐन २०२० को जीउ मास्ने बेच्नेको महल ११ नम्बर ३ मा कसैले कसैलाई कमारा कमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन हुँदैन भनेर भनिएको छ । त्यसरी कमारा कमारी बनाउने, दास तुल्याउने वा बाँधा बनाउने व्यक्तिलाई तीन वर्ष देखि दश वर्ष सम्म कैद हुन्छ र अदालतले त्यस्तो कसुरदारबाट सम्बन्धित व्यक्तिलाई मनासिव क्षतिपूर्ति समेत भराई दिन सक्ने व्यवस्था गरेको छ । तर यो प्रावधानहरु कानूनमा मात्र सिमित रहेको र व्यवहारिक पक्ष कमजोर रहेकोले यस प्रावधानले कम्लहरी राख्ने कार्यलाई समेटेको पाइदैन ।

कमैया श्रम (निषेध गर्ने) सम्बन्धि ऐन २०५८ ले कम्लहरी शब्दको स्पष्ट परिभाषा नगरे पनि 'कमैया श्रम र कमैया श्रमिक' भन्ने शब्दको परिभाषा गरेको छ । कमैया श्रमिकको

परिभाषा भित्र 'कमलरिया' भन्ने शब्द राखेको पाइन्छ । जसले कम्लहरी प्रथालाई समेटेको मान्न सकिन्छ । उक्त ऐन अनुसार 'कमैया श्रम' भन्नाले देहायका कारणबाट विना ज्याला वा न्यून ज्यालामा ऋण दाताको लागि गर्नुपर्ने श्रम वा सेवा संम्झिनु पर्छ ।

- आफु वा आफ्नो परिवारले लिएको ऋण तिर्न वा सोको व्याज चुक्ता गर्नको लागि ।
- पुर्खाले लिएको ऋण वा सोको व्याज तिर्नको लागि
- ऋण दाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नको लागि ।

''कमैया श्रमिक'' भन्नाले भैसवार, गैवार, छेग्रहवा, हरुवा, चरुवा, हलि गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनु पर्दछ भनिएको छ । यस ऐनले कसैले पनि कसैलाई कमैया श्रमिकको रुपमा काम लगाउन निषेध गरेको छ (महरा २०६६) ।

यस बाहेक कम्लहरी प्रथालाई उन्मूलन गर्नका लागि सहयोगी हुने राष्ट्रिय घोषणा तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरु पनि छन् । जस्तै बालबालिका सम्बन्धी ऐन २०४८, बालश्रम ( निषेध र नियमित गर्ने ) ऐन २०५६, सन् १९८९ को बाल अधिकार महासन्धि (सी.आर.सी.), सन २००२ को बालश्रम सम्बन्धि अन्तराष्ट्रिय महासन्धि (आइ.एल.ओ.) लाई नेपालले अनुमोदन गरिसकेको छ । सी.आर.सी. को धारा २७ को उपधारा (१), (२), धारा २८ को उपधारा १(१), धारा २९ को उपधारा १(१), धारा ३२ र ३६ ले बालबालिकाहरुको शारीरिक र मानसिक विकास गर्ने, शिक्षा प्राप्त गर्ने, प्राथमिक शिक्षा अनिवार्य रुपले निःशुल्क अध्ययन गर्न पाउने अधिकार प्रदान गर्दछ । साथै उक्त धाराले बालबालिकालाई व्यक्तित्व विकास गर्ने अवसर पाउने, आर्थिक शोषण विरुद्धको हक र पढ्न पाउने अवसरबाट वञ्चित हुन नपर्ने हक प्राप्त गर्नुका साथै तोकिएको समय र अवधि सम्म मात्र काममा लगाउन सकिने व्यवस्था गरेको छ ।

बालबालिका सम्बन्धि ऐन, २०४८, बालबालिका सम्बन्धी नियमावली, २०५३ र बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ र कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ नेपालमा जारी छ । यी ऐनहरु निर्माण भएपनि व्यवहारमा तिनीहरुको प्रभाव देखिदैन । २०६१ सालमा असाहय नानीहरुको साथी (FNC) र काठमाडौं स्कुल अफ ल का विद्यार्थीहरुले संयुक्त रुपमा तत्कालीन श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, महिला बालबालिका

तथा समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय, केन्द्रिय बाल कल्याण समितिको कार्यालयलाई विरुद्ध बनाएर सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । प्रतिक्रिया स्वरुप सर्वोच्च अदालतले २०६३ भाद्र २५ मा कम्लहरी प्रथा उन्मूलन सम्बन्धि ऐन बनाई लागु गर्न नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको थियो । जुन अहिले सम्म पुरा भएको छैन ।

कम्लहरी प्रथालाई उन्मूलन गर्नका लागि थप र नयाँ कानूनको आवश्यकता पर्दैन वर्तमान कानून नै महत्वपूर्ण छ । कम्लहरी प्रथा तथा कम्लहरी बसेको किशोरीलाई शिक्षाबाट वञ्चित गरिने प्रायः कानूनबाट निषेधित छ । तथापि यो प्रचलन अझ कायम छ किनभने कानून निर्माण गर्ने मानिसले नै कम्लहरी राखेको पाइन्छ । जसले गर्दा कम्लहरी बनाउने मानिसले नै बनाएको कानूनले कसरी कम्लहरी मुक्त गर्न सक्छ । त्यसैले यो कानूनी र प्रशासनिक आधारमा मात्र नहट्ने निश्चित छ, किनभने यसका विभिन्न सामाजिक, सांस्कृतिक र आर्थिक पक्षहरु छन् । ती पक्षहरुले कसरी कम्लहरी प्रथा जीवित राखेका छन् भन्ने नबुभ्दासम्म कानूनी /प्रशासनिक प्रयासबाट मात्र यसको समाधान हुन सक्दैन ।

## २.५ थारु महिला र शिक्षा

शिक्षामा असमान सहभागिता र अवसरको इतिहास लामो समयदेखि चल्दै आइरहेको छ । प्रधानमन्त्री जंगबहादुरले निश्चित रुपमा आफ्ना परिवारका सदस्यहरुलाई अंग्रेजी बोल्न र लेख्न जान्ने बनाउन सन् १८५४ मा दरबार स्कुलको शुरुवात गरे (त्रि.वि. २०५३) । यस स्कुलमा पनि जनताका छोराछोरीको पहुँच थिएन । शासन व्यवस्थासँग नजिक भएका राणाहरुको स्वीकृतिमा यस विद्यालयमा पढ्न पाउँथे । नेपालमा औपचारिक शिक्षाको विस्तार सन् १९५१ पछि मात्र भएको हो । यसपछि केही हदसम्म भएपनि जनताका छोराछोरीले शिक्षा ग्रहण गर्न पाए । सन् १९५० मा एक प्रतिशतको हाराहारीमा रहेको नेपालको साक्षरता दर सन् १९८० सम्म २३ प्रतिशत सम्म पुग्यो (स्टाभ र हान्नम सन् २००१) । तर पञ्चायत कालमा पनि शिक्षाको नाममा राज्यले निश्चित भाषा, धर्म र संस्कृतिलाई मात्रै बढावा दिने काम गऱ्यो (बन्त सन् १९९६) । जसले गर्दा गरिव जनतामा शिक्षाको पहुँच पुगेन जुनकुरा नेपालका कमैयाहरुमा हालसम्म शिक्षाबाट बञ्चित रहेको स्थिति देखिन्छ ।

शिक्षाको कमीले गर्दा थारुहरु अन्धविश्वास र रुढिवादी मानसिकताबाट ग्रस्त छन् । थारुहरुको मनोविज्ञान विश्लेषण गर्दा खेती छदैछ । पढाएर के काम ? भनेको पाइन्छ । केटाहरु ठूलो भएपछि खेतीमा लागिहाल्छन् भन्ने मनोवृत्तिले थारुहरुको शिक्षाको विकासमा बाधा पुऱ्याएको देखिन्छ (प्रसाद २०३४) । आफ्नो समुदाय नजिक स्कुल नभएको पढ्नको लागि दैनिक एक घण्टा यात्रा गर्नुपर्ने र नजिक स्कुल भएपनि नेपाली भाषाको प्रयोग हुने हुनाले थारुहरुको शिक्षामा न्यून उपस्थिति छ । द्रोण प्रसाद रजौरे (सन् १९८१) ले आफ्नो अध्ययनमा थारुहरुले प्राथमिक शिक्षा सम्म पढेपछि त्यो भन्दा माथि भाषाको कारणले अन्य विद्यार्थीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् र पढाई छोड्छन् भनेका छन् । त्यसैगरी थारु महिलाहरुलाई पनि भाषाकै कारण पढाइमा बाधा पुगिरहेको छ । त्यसको साथ साथै थारु महिलाहरुको जनशक्ति घरको काममा बढि चाहिने र महिला शिक्षालाई आरामदायीको रुपमा हेरिने हुँदा महिलाको शिक्षामा न्यून उपस्थिति छ (रजौरे सन् १९८१) । थारु महिला कम्लहरीको रुपमा काम गर्न जान्छन् र अधिकांश कम्लहरी बालिका घरेलु कामदारको रुपमा मात्र सिमित छन् । स्कुल जाने उमेरका थारु बालिकाहरुको जनशक्ति परिवार पाल्नमा खर्चिएको हुँदा उनीहरुको शिक्षामा उपस्थिति निकै कम छ (रजौरे, १९८१) ।

"थारुहरु शिक्षामा नआउनुको कारण उनीहरुमा प्रचलित उखान, आधा पढो हरसे गयो , पुरो पढो घरसे गयो" (आध पढेपछि हलो छोड्यो, पुरा पढेपछि घर छोड्यो) को पनि महत्वपूर्ण भुमिका छ । एउटै गाउँमा बस्ने बाहुन क्षेत्रीहरुमा पढ्नुपर्छ भन्ने धारणा छ तर थारुहरुमा त्यस्तो धारणा पाइदैन (लामिछाने २०६६) । यसबाट के तर्क निकाल्न सकिन्छ भने गरिवीले नै यो तर्क वा विचार थारुहरुमा आएको हो । यदि पढेर घर छोड्ने डर हुने भएको भए बाहुन श्रेत्रीमा पनि हुन्थ्यो तर उनीहरुको पढाईमा राम्रो प्रतिनिधित्व छ । त्यसैले गरिवी नै थारुहरुको लागि शिक्षाको बाधक हो । गरिवीकै कारण थारु महिलाहरु कम्लहरी बस्न बाध्य छन् र उनीहरुको शिक्षामा कम सहभागिता छ । साथै भाषा पनि बाधक भएका कारण उनीहरु पछाडि परेको कुरा राम्रोसँग थाहा छ । शिक्षा मात्र एक माध्यम हो जसले समाजमा विद्यमान यो समस्यालाई चिर्न सक्छ भन्ने बारे उनीहरु सचेत छन् (खनाल सन् १९९९) ।

भाषिक समस्या सबै थारु विद्यार्थीको भएपनि महिलाहरु बढि यसबाट पिडित छन् । थारुहरुको संस्कृतिले महिलालाई पुरुषसँग खुलस्त कुरा गर्ने र घुलमेल हुने अवसर दिदैन जसले

गर्दा उनीहरु आफ्नो समूहमा केन्द्रित हुन्छन् । उनीहरु स्कुलमा पनि २०-२५ जनाको महिलाको समूह संगै बस्छन् र थारु भाषामै बोल्छन् । अन्य मानिससँग कम बोल्ने भएकोले उनीहरुलाई नेपाली जान्ने अवसर कम हुन्छ । शिक्षक कक्षामा नेपाली भाषामा पढाउँदा उनीहरु एकोहोरो शिक्षकलाई हेरिरहन्छन् । उनीहरु केही बुझ्दैनन् । उनीहरुले किताब लिएर स्कुल त आउँछन् तर न बोल्छन, न त लेख्छन्, न त प्रयास नै गर्दछन् । किताब फर्काएर घर जान्छन् र गृहकार्य कहिल्यै गर्दैनन् । त्यसैले उनीहरु कक्षामा फेल हुन्छन् । उनीहरुले २/३ वर्ष एउटै कक्षामा पढ्छन्  र अन्ततः स्कुल छाड्छन् (अवस्थी सन् २००४) । शिक्षक र अन्य विद्यार्थीसँगको कम अन्तरक्रियाले गर्दा थारु महिलालाई बढी भाषिक समस्या पर्ने उनको तर्क छ । भाषिक समस्या महिलाको मात्र होइन तर बढी थारु महिलालाई प्रभाव पारेको छ ।

नेपाली भाषा अधिकांश जनजातिका बालिका /महिलाहरुको मातृभाषा होइन त्यसैले जनजातिका बालिका /महिला स्कुल भर्ना हुँदा उनीहरुले स्कुल र नेपाली भाषा जस्ता २ ओटा नौला कुराहरुको एकैपटक सामना गर्नुपर्दछ (विश्व बैङ्क सन् २००६) । स्कुलमा नेपालीमा पढाइएका पाठहरु बुझ्नका लागि सहयोग गर्न सक्ने स्थानीय भाषा बोल्ने शिक्षक कम हुनु र भएपनि त्यस्तो कार्यको थालनी भएको छैन । त्यसले गर्दा स्कुलको वातावरण बालिका मैत्री हुन सकेको छैन । यसको अर्थ स्कुलको भाषिक समस्या महिलाका मात्र हुन भन्ने होइन । यो समस्या जनजातिका सवै केटाकेटीका लागि हुन सक्छ तर मेरो चासो थारु महिलाप्रति भएकोले यस शोधपत्र थारु महिलामा केन्द्रित रहेको छ ।

स्कुलमा शिक्षकले गर्ने लैङ्गिक विभेदले पनि छात्राहरु स्कुल छोड्न बाध्य हुन्छन् । छात्राहरुलाई छात्रहरुसँग तुलना गरेर उनीहरुलाई अल्छी, असक्षम, कम तीक्ष्ण र मिहिनेती हुँदैनन् भनेर शिक्षकहरुले भन्ने गरेको पाइन्छ । जसले गर्दा छात्राहरु आफ्नो क्षमता प्रति विश्वस्त रहदैनन् (माथेमा सन् २००७) । भारतमा गरेको एक अध्ययनले कक्षामा उत्तिर्ण नभएकोले र बालिकाको स्कुलमा सन्तोषजनक क्रियाकलाप नरहेका कारण ३५ प्रतिशत बालिका स्कुल छाडेको तथ्याङ्कले देखाएको छ । त्यस्तै महाराष्ट्रको एक अध्ययनले ग्रामीण क्षेत्रका बालबालिकालाई प्रजनन, स्वास्थ्यका कारण एक्लै स्कुल नपठाउने गरेको कुरा अध्ययनले देखाएको छ (जैन सन् २००८) ।

विभिन्न कारणले शैक्षिक आर्थिक रुपमा पिछडिएका थारु बालिका/किशोरीका लागि समावेशी शिक्षाको आवश्यकता देखिन्छ । नेपालको आर्थिक वर्ष २०५६/५७ देखि परिक्षणका रुपमा लागु भई शुरु गरिएको यस कार्यक्रमले समाजमा आर्थिक रुपबाट पिछडिएका, सामाजिक रुपबाट बहिष्कार भएका वा तल्लो वर्गमा परेका, विविधकारणले अगाडि बढ्न नसकेका वा पिछडिएका जाति, जनजाति, र आदिवासी, समाजमा शारिरीक र मानसिक रुपबाट कमजोर भएका र विविध सुविधाबाट वञ्चित भएका बालबालिकाहरुलाई सामाजिक न्यायका आधारमा सबैलाई शिक्षा प्रदान गर्ने काम गर्दछ (शर्मा एण्ड शर्मा, २०६५) ।

यसरी सबै बालबालिकाले आफ्नो समुदायमा अनिवार्य शिक्षा पाउने अधिकारको सुनिश्चित गर्ने प्रक्रिया जसले विभेद रहित शैक्षिक वातावरणको सिर्जना गर्नुको साथै जात, जाति, धर्म, लिङ्ग, अपाङ्गता जस्ता विषयलाई विद्यालयको विविधता र संस्कृति सम्पदाको रुपमा स्थापित गरि उनीहरुका सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकता परिपूर्ति गर्ने प्रक्रिया भएकोले विभिन्न कारणबाट शैक्षिक स्थितिमा पछाडि पारिएका थारु बालिका/किशोरीका लागि यो समावेशी शिक्षा (Inclusive Education) उपयोगी देखिन्छ ।

त्यसै गरि सन् १९९० मा संयुक्त राष्ट्र संघले तय गरेको "सवैका लागि शिक्षा" (Edcation For All) भन्ने नारालाई सफल रुपमा कार्यान्वयन गराउनको लागि नेपालका प्राथमिक विद्यालयका छात्राहरुको भर्नामा बृद्धि गर्न प्रोत्साहन स्वरुप विद्यालय पोशाक र छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ भने दशौं पञ्चवर्षिय योजनाले ६ देखि १० वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाहरुलाई साक्षर गराउने लक्ष्य लिएको पाइन्छ ।

त्यसै गरि युनेस्को (UNESCO) को सहयोगमा सन् २००१ मा दक्षिण एशियाली शिक्षामन्त्रीहरुको काठमाडौंमा बसेको वैठकले सवै पिछडिएका र कठीन अवस्थाका बालबालिकालाई सन् २०१५ सम्ममा गुणस्तरयुक्त निःशुल्क शिक्षा प्रदान गर्ने र महिलाको साक्षरता दर पनि ५० प्रतिशत सुधार गर्ने प्रतिवद्धता जनाइएको थियो । (अधिकारी, २०६७) ।

यसरी प्रभावकारी रुपमा यी कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सकेमा अधिकांश शिक्षाबाट बञ्चित रहेका थारु जातिका महिला तथा बालबालिकाका लागि उपयोगी हुने देखिन्छ ।

# अध्याय तीन

## अनुसन्धान विधिहरु

यस अध्यायमा अनुसन्धानको लागि प्रयोग हुने विधिहरु अध्ययन क्षेत्र, अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत, नमुना छनौट, तथ्याङ्क संकलनका प्रकार, तथ्याङ्क विश्लेषण तथा अध्ययनको सीमा बारेमा उल्लेख गरिएको छ । जुन यस प्रकार रहेका छन् :

### ३.१ अध्ययन क्षेत्र

यो अध्ययन मध्य पश्चिमाञ्चल विकास क्षेत्र, राप्ती अञ्चलको महाभारत र चुरे पवर्त क्षेत्रको बिचमा अवस्थित दाङ्ग जिल्लामा गरिएको हो । त्यहाँ कम्लहरी प्रथा व्यापक रुपमा पाइन्छ । साथै उक्त क्षेत्रमा पहिले कम्लहरी बसेका र हाल कम्लहरी बसीरहेका थारु महिलाहरु उपलब्ध हुन सक्ने भएकाले उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिइएको हो । साथै अनुसन्धानकर्ता दाङ्गको बासिन्दा भएको र कम्लहरी प्रथालाई नजिकबाट देखेको हुँदा दाङ्ग जिल्लाका विभिन्न गाउँहरु डुरुवा, नारायणपुर, लमहि, सिसहनियामा छरिएर रहेका कम्लहरी र मुक्त कम्लहरी सँग भेटेको हुँदा सम्पूर्ण दाङ्ग जिल्लालाई अध्ययन क्षेत्र भनिएको छ ।

### ३.२ अध्ययनको ढाँचा

यस अनुसन्धानको ढाँचा स्थलगत अध्ययनमा आधारित खोजमूलक एवम् वर्णनात्मक रहेको छ । यसमा थारु कम्लहरीहरुको शैक्षिक अवस्थाको बारेमा तथ्यहरु संकलन गरि त्यसका बारेमा वर्णनात्मक रुपमा व्याख्या गरिएको छ । त्यसै गरि यो अनुसन्धान सामाजिक निषेध र लैङ्गिक असमानता जस्तो सैद्धान्तिक ढाँचामा आधारित छ । किनभने सामाजिक भेदभाव र लैङ्गिक असमानता जस्ता दोहोरो भेदभावमा परेका कम्लहरीहरु सामाजिक रुपमा पनि तिनीहरुको पेशालाई हेयका दृष्टिकोणले हेरिन्छ भने अर्कोतिर घरपरिवारबाट पनि छोरालाई पढाउने वा घरको अन्य कार्य गराएर छोरीलाई अर्काको घरमा कम्लहरी पठाउने जस्तो कार्य

गरि विभेद गरिएको देखिन्छ । त्यसैले कम्लहरीहरु घर परिवार र समाज दुवैबाट दोहोरो विभेदमा परेको देखिन्छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययनलाई बढि प्रभावकारी बनाउन अनुसन्धानकर्ता आफैं सम्बन्धित क्षेत्रमा गएर अवलोकन, अन्तरवार्ताका आधारमा तथ्याङ्क संकलन गरिएको छ । साथै प्रकाशित लेख, रचना, पुस्तकहरुलाई पनि अनुसन्धानको आधारको रुपमा प्रयोग गरिएको छ । खासगरी गुणात्मक प्रकृतिका तथ्याङ्कहरु माथि जोड दिइएको छ ।

## ३.४ नमुना छनौट

- प्रथम चरणमा, यस अध्ययनको लागि डुरुवा, नारायणपुर, चैलाही र सिसहनियामा रहेका जम्मा ५८० घरधुरी थारुहरुलाई र देउखुरीको नर्तिमा अवस्थित लावाजुनी छात्रावासमा रहेका ५० जना मुक्त कम्लहरीलाई पनि उद्देश्यमूलक छनौट विधिबाट छनौट गरियो ।
- दोस्रो चरणमा, ५८० घरधुरीबाट हाल कम्लहरी बसिरहेका जम्मा ११ जना र कम्लहरीबाट मुक्त भैसकेका जम्मा १६५ जना गरि जम्मा १७६ जना मात्र कम्लहरीसँग सम्बन्धित र बाँकी परिवार कम्लहरीसँग असम्बन्धित भएकोले जम्मा १७६ जनालाई मात्र उद्देश्यपूर्ण छनौट विधिबाट छनौट गरियो ।
- तेस्रो चरणमा, जम्मा १७६ जनामध्येबाट हाल बसिरहेका ११ जना कम्लहरीबाट जम्मा ४ जना, मुक्त कम्लहरी १६५ जनाबाट जम्मा ३६ जना र लावाजुनी[४] छात्रावासमा रहेका ५० जना मुक्त कम्लहरीबाट जम्मा १० जना गरी कूल ५० जना कम्लहरीहरुलाई फेरि उद्देश्यपूर्ण छनौट विधि (Purposive Sampling) बाट छानी उनीहरुसँग अन्तरवार्ता गरियो ।

---

[४] २०६४ सालमा नाएफ नेपालको सहयोगमा स्वानले देउखुरीको नर्तिमा लावाजुनि नामक छात्रावासको स्थापना गरेको छ । यहाँ खासगरि अभिभावक र घरवारविहिन पढ्ने उमेरका ५० जना मुक्त कम्लहरीहरु बसेर पढिरहेका छन् । यसलाई पापज हाउस काठमाडौंले सहयोग गरेको छ ।

- अन्य नमूना छनोट विधि प्रयोग गर्दा कम्लहरी मुक्त भएका र बसिरहेका र विशिष्ट खालको अनुभव भएका महिलाहरु पर्न सक्ने संम्भावना कम भएको हुँदा उद्देश्यपूर्ण नमूना छनोट विधि अपनाइएको हो ।

त्यसैगरी थारुहरुको बारेमा अध्ययन अनुसन्धान गरेका व्यक्ति (द्रोण प्रसाद रजौरे, महेश चौधरी), थारु र कम्लहरीका क्षेत्रमा लामो समयसम्म निरन्तर काम गरेका व्यक्ति -शान्ति चौधरी, मान बहादुर क्षेत्री, दिपलाल चौधरी, आशमानी चौधरी), कम्लहरी र मुक्त कम्लहरीले पढ्ने स्कुलका शिक्षक/शिक्षिका (शोभाराम चौधरी, शान्ता चौधरी), यस क्षेत्रमा लामो समयसम्म निरन्तर कलम चलाइरहेका विभिन्न व्यक्तित्वहरुलाई  जानकार व्यक्तिको रुपमा लिइएको थियो ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

### ३.५.१ अन्तरवार्ता

उद्देश्यपूर्ण नमूना छनौट विधिबाट छानिएका ४६ जना मुक्त कम्लहरी र ४ जना बसिरहेका कम्लहरीहरु र थारुहरुको बारेमा अध्ययन अनुसन्धान गरेका व्यक्ति, कम्लहरी र मुक्त कम्लहरीले पढ्ने स्कुलका शिक्षक, शिक्षिका, यस क्षेत्रमा लामो समयसम्म निरन्तर कलम चलाइरहेका विभिन्न व्यक्तित्वहरुसँग अन्तरवार्ता गरियो । यस अध्ययनका लागि विस्तृत रुपमा अन्तरवार्ता लिइएको छ । अन्तरवार्तामा बसिरहेका कम्लहरी, मुक्त कम्लहरी र जानकार व्यक्तिका लागि छुट्टाछुट्टै प्रश्नपत्रको प्रयोग गरिएको छ । खुला उत्तर आउने (Open ended) प्रश्नहरुको प्रयोग गरिएको थियो । थारु बालिकाहरु कम्लहरी हुनु पछाडिका कारणहरु र कम्लहरी प्रथाले उनीहरुको जीवनकालमा के कस्तो प्रभाव पारेको छ भन्ने बारे जानकारी प्राप्त गर्न यस अध्ययन विधिको प्रयोग गरियो ।

### ३.५.२ वैयक्तिक अध्ययन

अन्तरवार्ता र अवलोकन गरिएका कम्लहरी र मूक्त कम्लहरीहरु मध्ये ५ जना जसको कम्लहरी हुनु पछाडि वा कम्लहरीले शिक्षामा पारेको प्रभाव बारे अन्य भन्दा फरक खालको अनुभवहरु समेटेर वैयक्तिक अध्ययन तयार गरिएको छ । यी ५ जनाको वैयक्तिक अध्ययनले

कम्लहरी प्रथाले शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नुका साथै थारु किशोरी/महिलाहरु कम्लहरी हुनाका कारणहरु गहन रुपमा पत्ता लगाउन सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा राखिएको छ ।

### ३.५.३ अवलोकन

यस अध्ययनका लागि अवलोकन पनि आवश्यक रहेकोले अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा बसेर अवलोकन गरिएको हो । अवलोकनका क्रममा कम्लहरीलाई उनका मालिकको घरमा गई भेटिएको थियो । (दाङलाई २०६५ माघ १ गते कम्लहरी मुक्त जिल्ला घोषणा गरिएको र कम्लहरी प्रथा विरुद्ध विभिन्न कार्यक्रम, सूचना प्रचारप्रसार, नाटक र रेडियो कार्यक्रमहरु संचालन भैरहेको अवस्थामा प्रायः ले कम्लहरी बारे जानकारी नदिने र कम्लहरी भएको जानकारी प्राप्त भए पनि उनीहरुसँग प्रत्यक्ष भेटेर स्पष्टसँग कुरा गर्न कठिन भयो) मुक्त कम्लहरीहरुलाई उनीहरुको घरमा उनीहरुले पढ्दै गरेका स्कुल छात्रावासमा पनि भेटियो । मुक्त कम्लहरी तथा कम्लहरीले गर्नु पर्ने काम, उनीहरु विद्यालय जान पाए नपाएको अवस्था, कम्लहरी बस्ने घरमा उसले पढ्न पाउने समय र कम्लहरीको दैनिक क्रियाकलापको बारेमा पत्ता लगाउन अवलोकन विधि अपनाइयो । त्यस्तै यस विधिले कम्लहरीको भनाइ र गराइका विविधताका बारेमा अध्ययन र अनुभव गर्न सहयोग गऱ्यो ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

यो अध्ययन कम्लहरी प्रथा हुनुको कारण खोज्ने र त्यसले शिक्षामा पारेको प्रभावको विश्लेषणमा केन्द्रित भएकोले अध्ययनमा संकलन गरिएका तथ्याङ्कहरु गुणात्मक खालका छन् । गुणात्मक अध्ययन भएकोले प्राप्त तथ्याङ्कलाई व्याख्या र वर्णन गरी विश्लेषण गरिएको छ भने प्राप्त केही संख्यात्मक तथ्याङ्कलाई तालिका र चित्रमा प्रस्तुत गरिएको छ । विभिन्न विधि तथा तरिकाबाट प्राप्त तथ्याङ्कलाई वर्गीकरण गरी एक अर्कासँग दाँजेर व्याख्या, वर्णन र विवेचना गरी विश्लेषण गरिएको छ ।

# अध्याय चार

# कम्लहरी प्रथा

## ४.१ कम्लहरी प्रथा

कम्लहरी प्रथा पश्चिम नेपालको पाँच जिल्ला दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा व्यापक छ । यो नेपालमा दास प्रथाको अवशेषको रुपमा रहेको छ । कम्लहरी प्रथा अन्य जाति मगर, कुमालमा पनि पाइन्छ (के.सी. २०६५) । तर अधिकांश कम्लहरीहरु थारु जातिका छन् । नेपालको पाँच जिल्ला दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा व्यापक रुपमा कम्लहरी पाइन्छ भने पनि व्यापकताको प्रतिशत वा वास्तविक तथ्याङ्क कसैसँग पनि छैन । थारु भनेर चिनिय पनि सवै थारुहरुको सामाजिक र आर्थिक स्थिति एउटै प्रकारको छैन । कोही थारु घरजग्गा भएका छन् भने अधिकांश जग्गा विहिन छन् । जग्गा विहिन थारुहरु पहिले कमैया थिए भने अहिले जमिनदारको जग्गामा अधियाँ कमाउँछन् । जग्गाको असमान वितरणले समाजमा सामाजिक र आर्थिक असमानता बढाएको छ (ढकाल र अरु सन् २०००) जसबाट थारुहरु अझ बढी पिडित छन् । थारु जातिमा रहेको कमैया र कम्लहरी प्रथा यसकै उपज हो ।

थारु बालिका/किशोरी वा महिला जो निश्चित शर्त वा बन्देजमा कुनै मालिक वा मध्यस्थकर्ता र अभिभावक वा स्वयम् कम्लहरी बीच लिखित वा मौखिक सम्झौता भै निश्चित समयावधिका लागि (प्रायः माघको पहिलो साताबाट पुषको अन्तिम सम्म) निश्चित ज्याला, अन्न वा अन्य सुविधा पाउने शर्तमा घर बाहिर काम गर्न गएका/पठाइएका वा काममा लगाइएका थारु बालिका/किशोरी वा महिलालाई कम्लहरी भनिन्छ । [छ]संयुक्त राष्ट्र संघको कार्यक्रममा प्रस्तुत एउटा कार्यपत्रमा घरेलु कामको साथसाथै अन्य कृषिकार्यमा संलग्न महिला/किशोरीलाई कम्लहरी भनि परिभाषित गरेको छ ।

---

[छ] २०६६ मा भएको "दाङ्ग जिल्लामा कम्लहरी प्रथाको अन्त्यका दिगो उपायहरु" विषयक सार्वजनिक संवाद कार्यक्रम स्थानका अध्यक्ष कृष्ण कुमार चौधरीले प्रस्तुत गरेको आधारपत्रबाट लिइएको ।

कम्लहरी कमैयाकै स्त्रीलिङ्गी शब्द भएको हुनाले पनि हुन सक्छ कमैया र कम्लहरीले गर्ने काम र उनीहरुलाई मालिकले गर्ने व्यवहार हु-बहु मिल्न जान्छ । इन्सेकको अध्ययनमा कमैया र जमिनदार/मालिक विच असमान प्रकारको लेनदेन सम्बन्ध रहेको कुरा उल्लेख गरिएको छ । जमिनदार/मालिक ले गर्ने व्यवहार सम्बन्धमा मुक्त कम्लहरी गीता चौधरी भन्छिन् “ जति काम गरेपनि सानो काम विगारेमा कुटाई खान पर्थ्यो । घरमा खान नपुगेर यहाँ आएको भनी मलाई गाली बेइज्जत गर्थे” ।

दाङ्गमा विभिन्न खालका कम्लहरीहरु रहेका छन् । आमा बाबु, घरबास र आफन्त नभएका कम्लहरी, घरबास भएका तर आफन्त नभएका कम्लहरी, अभिभावक भएका तर जग्गा जमिन नभएका कम्लहरी, परिवार ऐलानी जग्गा वा सुकुमवासीको रुपमा बसोवास गर्दै आएकोले कम्लहरी बनेका, कमैया बाबु आमाका छोरी कम्लहरी बनेका, अतिरिक्त आम्दानी वा देखासीकिमा कम्लहरी बनेका । यि विभिन्न प्रकारका कम्लहरीहरुलाई ४ प्रकारमा विभाजन गर्न सकिन्छ ।

१. ऋण तिर्नका लागि बनेका कम्लहरीहरु
२. अभिभावक विहिन कम्लहरीहरु
३. अधिया जग्गा कमाउनका लागि बनेका कम्लहरीहरु
४. अतिरिक्त आम्दानीका लागि बनेका कम्लहरीहरु ।

थारु समाजमा कम्लहरी प्रथालाई सहज रुपमा लिइन्छ । अभाव ग्रस्त आर्थिक स्थिति भएकोले एक वर्ष अर्काको घरमा काम गर्न जानुपर्छ भन्ने मान्यतालाई स्वभाविक रुपमा लिएको पाइन्छ । पहिले कम्लहरी पठाउन बाध्यताबाट विकसित भयो र पछि यो संस्कारको रुपमा स्थापित भएको छ । [ट]

कम्लहरी प्रथाको शुरुवातबारे विभिन्न मतहरु पाइन्छन् । यो प्रथा कहिले र कसरी शुरु भयो यकिनका साथ भन्न सकिदैन । थारुहरु र थारुहरुका लागि काम गरिरहेका व्यक्तिहरुले यसलाई दास प्रथाको अवशेषको रुपमा लिन्छन् । यो कुप्रथा हो र यसको अन्त्य हुनुपर्छ भन्ने मान्यता उनीहरु राख्छन् । तर थारुहरुको वारेमा अध्ययन अनुसन्धान गरेका द्रोण प्रसाद रजौरेको भने यस प्रति भिन्न मत रहेको छ । उनले यो दास प्रथा होइन, यो थारुहरुको आफ्नै

[ट] एफ.एन.सी. दाङ्ग कार्यक्रम संयोजक मान बहादुर क्षेत्रीसंगको कुराकानीमा आधारित ।

परम्पराबाट विकास भएको प्रचलन हो भन्दछन् । उनले थारु समाजमा पहिले निश्चित सम्झौतामा ज्वाईले ससुराको काम गरिदिने, मामाले भान्जाको काम गरिदिने चलन थियो । यसै चलनबाट कमैया कम्लहरी प्रथाको शुरुवात भएको तर्क राख्दछन् । पहिले तराईमा थारुहरुको बसोबास थियो औलो उन्मूलन पछि अन्य जातका मानिसहरु तराईमा बसोबास गर्न थाले । थारुहरुको अशिक्षा र सोझोपनाको फाइदा अन्य जातका मानिसहरुले उठाउन थाले पछि यस प्रथाले विकृत रुप लिएको उनको विचार छ । कम्लहरी पनि एक पेशा हो, ज्यालादारीमा आधारित काम गरेर खान पाउँछ, निश्चित ज्याला र मन लाग्दा छोड्न पाउछन् भने त्यो कुनै समस्या होइन, अन्य पेशा जस्तै घरेलु कामदारका रुपमा यो पनि एउटा पेशा हो । अहिले वैदेशिक सहयोग लिनका लागि मात्र यसलाई बढाइचढाइ गरिएको रजौरे बताउँछन् । बालश्रमलाई भने हतोत्साहित गर्नुपर्छ भन्ने उनको धारणा छ । 'कम्लहरी दास प्रथा नभएको र कम्लहरी राख्न पाउनुपर्छ भन्ने धारणा शिक्षिका शान्ता चौधरीको पनि छ । उनी भन्छिन् "यदि कम्लहरी राख्न पाइदैन भने बाल बच्चा हेर्ने जिम्मा र त्यसको व्यवस्था पनि गर्न सक्नु पर्छ । कम्लहरी प्रथा हट्यो भने अधिकांश जागिरे महिला घर बस्नुपर्ने अवस्था रहन्छ । कम्लहरीले घरको काम गरिदिने र बालबच्चा हेरिदिने हुनाले महिलाले जागिर गर्न पाएका छन् होइन भने पढेलेखेका महिला घर बस्नुपर्ने बाध्यताको सिर्जना हुनसक्छ, यस तर्फ कसैले सोचेको छैन । कम्लहरीले निश्चित ज्याला र पढ्न पाउँछन् भने कम्लहरी राख्न पाउनु पर्छ" । चौधरीले उक्त तर्क गरे पनि एउटा जागिरमा टिक्नका लागि अर्कालाई शिक्षाबाट बञ्चित गर्नु राम्रो होइन । कम्लहरी प्रथा नपाइने अन्य जिल्लाका महिलाहरुले पनि काम गरिरहेका छन् । त्यसैले कम्लहरी प्रथाले निरन्तरता पाउनु हुन्न जस्तो लाग्छ ।


यसरी व्यक्तिको काम र पारीवारिक पृष्ठभूमि अनुसार कम्लहरी बारे फरक धारणा रहेको पाइन्छ । कम्लहरी उन्मूलन अभियानमा लागेका वा कम्लहरी प्रथा विरुद्ध काम गर्ने व्यक्तिहरुले कम्लहरी राख्न हुन्न भन्ने धारणा राखेको पाइन्छ भने अन्यले कम्लहरी एक पेशा हो, कम्लहरी राख्न पाउन पर्छ भन्ने धारणा राख्दछन् । केही हुने खाने थारु बाहेक अन्य थारु र कमैया थारुको आर्थिक अवस्था अत्यन्त दयनीय छ । प्रायको घरबास छैन, कतिले ऐलानी जग्गा भोग चलन गर्दै आइरहेका छन् । २००७ सालमा कमैया कम्लहरी प्रथा लगायतका दास प्रथाको अन्त्य गर्न तत्कालीन कांग्रेस- राणा सरकारले कुनै कानुनको कार्यान्वयन गर्न सकेन जसले गर्दा

यस प्रथाले गहिरो सँग जरा गाड्यो । त्यसो भनिए पनि सरकारले कानून बनाएर लागु गर्दा यो प्रथा सजिलै हट्छ भन्ने छैन । अहिलेको अवस्थामा हेर्ने हो भने कम्लहरीको सम्बन्धमा धेरथोरै कानूनहरु बनाइएका छन् तर पनि यो प्रथा हट्न सकेको छैन । तसर्थ कम्लहरी प्रथा संस्कार र मानसिकताको रुपमा र थारुहरुको सामाजिकरणको अभिन्न अंग बनिसकेको छ ।

## ४.२ कम्लहरी हुनुका कारण

यस उपखण्डमा कम्लहरी हुनुका विभिन्न कारण र अहिले सम्म यस प्रथा कायम रहनुका विभिन्न कारणहरुलाई विभिन्न शीर्षकमा बाँडेर चर्चा गरिनेछ । अध्ययनको क्रममा अर्न्तवार्ता गरिएका ४६ जना मुक्त कम्लहरी र ४ जना रहिरहेका कम्लहरी गरी जम्मा ५० जनाको कम्लहरी हुनु पछाडि उनीहरु आफैले दिएको कारणलाई चित्र नं. १ मा देखाइएको छ ।

**चित्र १**




स्रोतः स्थलगत सर्वेक्षण, २०६७

चित्र नं. १ मा कम्लहरी हुनुका विभिन्न कारणहरु देखाइएको छ । जम्मा ५० जना मध्ये २१ जना घर खर्च चलाउन नसकेर कम्लहरी बसेको र ९ जना अभिभावकले पढाउन नसकेर कम्लहरी हुनुपरेको पाइयो । थारुहरुसँग प्रमुख पेशा कृषि र उनीहरुसँग जग्गाको स्वामित्व नभएको कारण परिवारले जग्गा कमाउनका लागि कम्लहरी बस्नेको संख्या ६ रहेको छ । त्यसैगरी कम्लहरी स्वयम् आफ्नो इच्छाले कम्लहरी बन्नेको संख्या ४ रहेको छ भने अन्य विभिन्न कारणले कम्लहरी बन्नेको संख्या १० रहेको छ । यसरी हेर्दा घर चलाउन नसकेर

कम्लहरी हुने ४२ प्रतिशत, पढाउन नसकेर १८ प्रतिशत, जग्गाको लागि १२ प्रतिशत, बस्न मन लागेर ८ प्रतिशत र अन्य कारणबाट कम्लहरी बस्ने २० प्रतिशत देखिन्छन् । कम्लहरी बस्नुका यि विभिन्न कारणहरुलाई विश्लेषण गर्दा ९०% कम्लहरीहरु आर्थिक कारणले कम्लहरी बनेको पाइन्छ । यिनै कारणहरु उनीहरुलाई शिक्षाबाट बञ्चित गर्ने प्रमुख तत्वको रुपमा पनि रहेका छन् । गाँस, बास, जस्ता आधारभूत आवश्यकता पुरा नभएका कारण उनीहरु शिक्षाबाट बञ्चित हुनु परेको अवस्था छ भन्न सकिन्छ । विद्यालयको पहुँच सम्म पुग्नको लागि न्यूनतम रुपमा पनि उनीहरुको स्कुलमा लाग्ने खर्च जस्तै कपि, कलम, किताव, स्कुल पोशाक, जुत्ता, चप्पल, स्कुलको न्यूनतम शुल्क तिर्न सक्ने अवस्थामा हुनुपर्‍यो तर खान र बाँच्नका लागि संघर्ष गरिरहनुपर्दा आर्थिक कारणले नै उनीहरु दक्ष नागरिक हुनबाट बञ्चित छन् । अप्ठेरो परेर कम्लहरी बस्नेको संख्या धेरै छ । यहाँ अन्य कारणहरुमा घर नहनु, कम्लहरी एक्लै हुनु, कम्लहरी बस्ने जात भएर भन्ने जस्ता प्रतिक्रियाहरु उत्तरदाताले दिएका थिए । कम्लहरी प्रथाले प्रश्रय पाउनुका कारणलाई मुख्य तीन भागमा वर्गीकरण गरि यहाँ चर्चा गरिएको छ ।

### ४.२.१ आर्थिक कारण

थारुहरुको कमजोर आर्थिक अवस्थाका कारण विहान बेलुका हात मुख जोर्न कष्टकर हुन्छ जसले गर्दा केहि आम्दानी हुने र खर्च धान्न केहि सजिलो हुने आशाले आफ्ना साना छोरीहरुलाई कम्लहरी पठाउन बाध्य छन् । उनीहरुको जमीनमाथिको पहुँच कम भएको कारण अरुको जग्गामा श्रम लगाउन बाध्य छन् । अधिकांश कम्लहरी परिवार संग जमिन छैन । जिविकोपार्जनका निम्ति थारुहरु प्रायः कृषिमै निर्भर रहन्छन् (गौतम २०४४) । कृषिमा निर्भर रहने र आफ्नो जग्गा जमिन पनि नभएका कारण थारु जातिमा अधियाँ कमाउनका लागि छोरीहरुलाई कम्लहरी पठाउनु पर्ने बाध्यता छ । फ्रेन्डस अफ निड्डी चिल्ड्रेन (एफ.एन.सी.) ले लिएको कम्लहरीको लगतमा ९० प्रतिशत कमैया परिवारका बालिका/किशोरी कम्लहरी रहेको तथ्याङ्क छ ।[ठ] २०५७ सालमा कमैया मुक्त भएपनि उनीहरुको उचित पुनः स्थापना हुन नसक्नुका कारण पेट गुजाराका लागि कम्लहरी पठाउन कमैयाहरु बाध्य भए । थारुहरु परम्परागत रुपमा कृषि कार्य गर्ने र कृषि बाहेक अन्य बैकल्पिक उद्यम गर्ने सीप नभएकोले

[ठ] एफ.एन.सी.का कार्यक्रम संयोजक मान बहादुर क्षेत्रीसँग गरिएको कुराकानीमा तथा उक्त संस्थाको प्रतिवेदनमा आधारित ।

अरुको जमिनमा श्रम लगाउनु पर्ने अवस्था छ । केही थारुहरुसँग अन्य बैकल्पिक उद्यम गर्ने सीप भए पनि आर्थिक अभावले गर्दा सो कामको थालनी गर्ने अवस्था छैन ।

नेपालमा पाँच कक्षासम्म शिक्षा निःशुल्क भनिएपनि विभिन्न बहानामा अभिभावकहरु शुल्क तिर्न बाध्य छन् । उदाहरणका लागि परीक्षा शुल्क, कम्प्युटर शिक्षा शुल्क आदि । सरकारी स्कुलहरुले राज्यबाट सिमित बजेट प्राप्त गर्ने हुँदा स्कुलमा चाहिने सामग्रीहरु जस्तै वेन्च, चक, कालोपाटी आदि खरिदका लागि विद्यार्थीबाट न्यूनतम शुल्क उठाउनु पर्ने बाधात्मक स्थिति रहेको स्कुलका शिक्षकहरुको गुनासो छ । अनिवार्य रुपमा स्कुलको पोशाक लगाउनै पर्ने, किताव, कापी, कलम, जुत्ता आदि खरिद गर्नै पर्ने जस्ता परिस्थितिका कारणले निम्न आर्थिक स्तरका परिवारलाई खर्च धान्न मुश्किल पर्छ । कमजोर आर्थिक स्थितिका अभिभावकहरु यी विविध कारणले गर्दा आफ्ना बच्चाहरुलाई त्यसमा पनि छोरीहरुलाई स्कुल पठाउनबाट रोक्ने गर्छन् (माथेमा सन् २००७) । सिमान्तकृत समूहका महिलाहरु यो परिस्थितिबाट अझ्र बढि पिडित छन् । जनजाति भित्र सिमान्तकृत समूहको रुपमा सुचिकृत थारुजाति पनि यो अवस्थाबाट अछुतो छैन । गरिवी र आर्थिक अभावका कारण पढ्नु पर्छ भन्ने चेतना भएपनि स्कुलमा लाग्ने अतिरिक्त खर्च व्यहोर्न सक्ने अवस्थामा थारुहरु छैनन् । आर्थिक अभाव, गरिवी र भूमिहीनताका कारण पनि थारु बालिकाहरु शिक्षाको पहुँच भन्दा टाढा छन् ।

**तालिका नं. १**

**कम्लहरीको परिवारको जग्गा स्वामित्वको अवस्था**

| क्र.सं. | जग्गाको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १-४ कट्ठा | ११ | २२ |
| २. | ५-७ कट्ठा | ८ | १६ |
| ३. | ८-१० कट्ठा | ६ | १२ |
| ४. | कत्ति छैन | १३ | २६ |
| ५. | थाहा छैन | १२ | २४ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. १ अनुसार जग्गाको स्वामित्व हेर्दा १-४ कट्ठा जग्गा हुने उत्तरदाताको संख्या ११ रहेको छ । ५-७ कट्ठा जग्गा हुने ८ जना छन् भने ८-१० कट्ठा जग्गा हुने ६ जना मात्र छन् । उत्तरदाता मध्ये जग्गा नहुने सवैभन्दा बढि १३ जना र जग्गाको स्वामित्व बारेमा जानकारी नभएका १२ जना रहेका छन् । यस तालिकाले कम्लहरी प्रथा कायम रहनु जग्गा विहिनता एउटा प्रमुख कारण हो भन्ने कुराको संकेत गर्दछ ।

**तालिका नं. २**

**कम्लहरीको परिवारको खाद्यान्न पर्याप्तता**

| क.सं. | खान पुग्ने महिना | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कत्ति पुग्दैन | १३ | २६ |
| २. | ३ महिना | ९ | १८ |
| ३. | ६ महिना भन्दा कम | ८ | १६ |
| ४. | ६ महिना भन्दा बढी | ६ | १२ |
| ५. | वर्ष भरी | ४ | ८ |
| ६. | थाहाँ छैन | १० | २० |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. २ अनुसार खान कत्ति पनि नपुग्ने कम्लहरीहरु सवैभन्दा बढि अर्थात १३ जना खाद्यान्न प्रर्याप्तताबारे जानकारी नभएका १० जना रहेका छन् भने वर्षभरी खानपुग्नेको संख्या ४ मात्र रहेको छ । त्यसैगरी ३ महिना मात्र खान पुग्नेको संख्या ९ जना, ६ महिना भन्दा कम र ६ महिना भन्दा बढी खान पुग्ने क्रमशः ८ र ६ रहेका छन् । यस तालिकाले प्रायः कम्लहरीहरु खान लाउन नपुग्ने स्थितिका रहेका छन् भन्ने इङ्गित गर्दछ । यसबाट कम्लहरीहरु प्रायः गरिविको स्थितिमा रहेका छन् भन्ने स्पष्ट हुन्छ ।

## ४.२.२ सामाजिक कारण

समाजको बनोट, वर्गीय असमानता जस्तोः सानो, ठूलो, धनी, गरिव, गरिखाने र दलायर खाने जस्ता सामन्ती संस्कार, अरुको श्रममा मस्ति गर्ने श्रम शोषक समाज, आदि समाजमा

विद्यमान रहेकाले कम्लहरी प्रथालाई सहज रुपमा लिएको पाइन्छ । जसले गर्दा यो परम्परा कायम रहन र फस्टाउने अवसर पाएको हो । समाजमा रहेका कुप्रथा, कुसंस्कार, कुरितीलाई परिमार्जन गर्नुको साटो त्यसलाई परम्परागत र संस्कार ठानिनुले यस्ता प्रथाहरुले संरक्षण पाइरहेका छन् । समाजले वर्गीय र जातीय भेदभावको संरक्षण दिए जस्तै धनीले गरीबलाई शोषण गर्ने कुरा परम्परा ठानिन्छ र जात अनुसार समाज तल्लो र उपल्लो भनेर विभाजित छ र यसले सामाजिक मान्यता र संरक्षण पाइरहेको छ । तल्लोले उपल्लोको सेवा र सम्मान गर्नुपर्छ भन्ने मान्यता रहेको र यहि कुरा मानिदै आएको छ । यो कुरा परम्परागत रुपमा चल्दै आएकोले शोषकले शोषण गरेको शोषितले शोषित भएको महशुस गरिदैन र गरेपनि शोषितले आवाज उठाउन सक्दैन । थारु सोझो, इमान्दार र नेपाली समाजमा रहेको छुवाछुत र जातीय विभाजनमा पानी चल्ने जात भएकोले थारु जातका बालिका कम्लहरीको रुपमा बढि माग हुन्छ । उनीहरु जुन हदको शोषण र अत्याचार सहन बाध्य परिएका हुन्छन् जस्तै मालिकको बच्चाको दिशा धोइदिने देखि मालिकका सवै लुगा धुन बाध्य छन् । जस्तोसुकै काम गर्ने आदेश दिए पनि मान्नु पर्ने र यौन शोषण हुँदा पनि चुप लागेर बस्न बाध्य बनाइएका छन् ।

सिसहनिया दाङ्ग कि मैना चौधरी भन्छिन् "म दाङ्गको तुलसीपुरमा रुपेस भन्नेको घरमा कम्लहरी बसेकी थिए । अन्य कामका अलावा मैले अलि पर घर भएका, गाई भैसी पालेका छिमेकीको घरमा भुस, गोवर आदि चोर्न जानु पर्थ्यो । राती ३-४ बजे घरपेटी आमैले उठाएर अरुको भुस गोवर आदि चोर्न पठाउँथिन । एक दिन गोवर चोर्न गएका वेला गाईले लात्तिले हान्यो, म त्यहि लडे निकैवेर रोए र पछि फर्के । किन ढिला आइस भनेर उल्टै मलाई गाली गरे" ।

छोराछोरीमा परिवारले गर्ने लैङ्गिक विभेद जस्तोः छोरीलाई अर्काको घरमा जाने जात भन्ने र छोरीमा लगानी गरेर प्रतिफलको आशा नगर्ने हुनाले कम्लहरी प्रथा कायम छ । छोराले बुढेसकालमा पाल्छ र आर्थिक कारोवार गर्छ भन्ने मानसिकताका कारण थारुहरुले छोरालाई स्कुल पठाएका हुन्छन् भने छोरीहरु कम्लहरी बसेका हुन्छन् । हुन त परम्परागत रुपमा समाजमा छोरीमा लगानी गर्ने र छोरा सरह छोरीले पनि काम गर्न वा पढ्न सक्छे भन्ने विश्वासमा कमि रहेको पाइन्छ । यो थारु समाजमा मात्र नभएर अन्य जातिमा पनि पाइन्छ ।

छोरीले विहे पछि घरको काम सम्हाल्नु पर्ने भएकोले उनीहरुलाई शिक्षा भन्दा काम सिकाउन तर्फ अभिभावक केन्द्रित भएको पाइन्छ ।

थारुले पढेमा देवीदेवता रिसाउँछन् भन्ने सामाजिक अन्धविश्वास रहेको पाइन्छ जसले गर्दा विगतमा थारुहरु निरक्षर रहे । यस्ता धार्मिक अन्धविश्वासमा केही कमि आए पनि पूर्ण रुपले हट्न सकेको छैन । फलतः थारु बालिका/किशोरी स्कुल जाने उमेरमा कम्लहरी बन्न पुग्छन् । कम्लहरी प्रथाको लागि आर्थिक कारण पनि समस्याको रुपमा रहेको छ तर आर्थिकको दाँजोमा सामाजिक कारण बढि समस्यामूलक रहेको छ । सामाजिक कारणबाट धानिएको संस्कार र मानसिकताले सामाजिकिकरणलाई निर्धारण गर्छ र कम्लहरी प्रथा जस्ता समस्या चलिरहन्छन् । उदाहरणको लागि थारु बालिकाको सामाजिकरण"हामी गरीब केहि गर्न सक्दैनौ" भन्ने छ र उनीहरुले कम्लहरी वस्नुको कारण गरीवी मात्र ठान्छन् । तर फेरी यसको लैङ्गिक पाटो पनि छ । गरिवि भन्दै कम्लहरी बसिरहेका बालिका/किशोरीका दाजुभाई भने स्कुल गइरहेका छन् । तसर्थ केवल अभाव र गरिवी भन्दा पनि विभिन्न सामाजिक सांस्कृतिक अवस्थाको कारणबाट बनेको संस्कार मानसिकता नै कम्लहरी प्रथा कायम राख्ने प्रमुख कारण हो । त्यसैले वास्तविक समस्या भनेको सामाजिक कारण, जस्तो सामाजिकीकरण, लैङ्गिक विभेद, अवसरको मूल्य कामलाई बढी महत्व ठानिनु आदि हो । यसलाई चुनौति दिन शिक्षाको ठूलो भूमिका हुन्छ । जसलाई कम्लहरी प्रथाका विभिन्न कारक तत्वहरुले रोकेका छन् ।

### ४.२.३ राजनीतिक कारण

परम्परागत रुपमा लामो समय सामन्ती राजनीतिक प्रणालीले जरा गाडेकाले त्यसको अवशेषको प्रतिविम्ब, कमैया, कम्लहरी प्रथालाई राजनीतिक संरक्षण भइरहेको छ । राजनीतिक नेतृत्वको अदुरदर्शिताका कारणले भएको असमान जग्गा वितरणले गर्दा पश्चिमतिर थारुहरु भूमिहीन हुन पुगे ।

" सन् १९६० को सुरुमा औलो नियन्त्रण पछि पहाड र सिमापारी भारतबाट मानीसहरु तराइमा बसोबास गर्नका लागि ओइरो लाग्नु र औलो नियन्त्रण हुनु अघि सरकारले कर्मचारी, सेना तथा शाही परिवारका सदस्यहरुलाइ सेवा बाफत जमिन प्रदान गर्नु र नयाँ बासिन्दाले सरकारी कर्मचारीको मिलेमतोमा खेतियोग्य अधिकांश जमिन आफ्नो नाममा दर्ता गर्नु जस्ता कृयाकलापले गर्दा सोझा र प्रशासन संग डराउने थारुहरुले भुमिमाथिको आफ्नो परम्परागत

अधिकार गुमाय । औलोको प्रकोप र जंगलि जनावरको त्रास खेप्न सक्ने थारुहरु नोकरको रुपमा तिनै मालीककोमा काम गर्न थाले ( शर्मा, सन् १९९९) । तर पनि राजनीतिक रुपमा यस्ता परम्परालाई समस्याको रुपमा लिइएको पाइदैन ।

"२०५७ सालमा कमैया मूक्तिको घोषणा भएपनि कमैयाहरु अहिले पनि सरकारी बेवास्ताबाट निरास छन् । आधा भन्दा बढि कमैया रुखको फेदमा छन् । सरकारी घोषणा अनुसारको सुबिधा पाएका भनियकाहरुले पनि बगर, राजमार्ग, खोला, पाखा, बन, जस्ता ठाउँमा लालपुर्जा पाएका छन् । उनिहरुको अबस्था पनि दयनिय छ ( मुक्त पाइला, अप्रिल, सन्, २००८ )" । यस कारण कमैया मुक्ति भएपनि उनीहरुको उचित थात वास नहुँदा खान र बाँच्नका लागि उनिहरुले आफ्ना छोरीबुहारीलाइ कम्लहरी पठाउन बाध्य भए । जसले गर्दा कमैया भन्दा पनि जोखिमपूर्ण बधुवा कामदारको रुपमा काम गर्दै आइरहेका कम्लहरीको सवाल प्रति कसैको ध्यानाकर्षण भएन । राजनीतिक रुपमा महिलाका सवालहरुलाई मान्यता दिइएन । जसले गर्दा कम्लहरी प्रथा यथावत् रह्यो ।

## ४.३ कम्लहरीले गर्नु पर्ने काम

कम्लहरी बनेपछि एउटी थारु बालिकाले उसका हरेक कार्यहरु कम्लहरी हुँदाका शर्तमा आधारित भएर गर्नुपर्ने हुन्छ, यो शर्त मौखिक हुने गर्दछ । कम्लहरी लैजाने बखत माघिमा नै के कस्ता सुविधा पाउने, पढाउने कि नपढाउने कति ज्याला, लुगा, विदा वा अन्य के दिने भन्ने शर्त हुन्छ । मालिकले कम्लहरीलाई प्रदान गर्ने ज्याला शर्त अनुसार चल्छ । कम्लहरीलाई दिने ज्याला वा अन्य सुविधामा कुनै प्रकारको हेरफेर गर्न मालिक वा जमिनदार राजी हुँदैन तर कम्लहरीहरु आफ्नो शर्त पूरा गर्न बाध्य पारिएका हुन्छन् । कम्लहरीले मालिकका लागि गर्नुपर्ने सेवा शर्त भन्दा बढि हुन्छ र मालिकले चाहे अनुसार परिवर्तन भएको हुन्छ । जस्तै घरको काम गर्ने र पढाउने शर्तमा कुनै बालिकालाई कम्लहरी लगिएको खण्डमा, मालिकले कम्लहरीलाई नपढाउन पनि सक्छ तर कम्लहरीले घरको सम्पूर्ण काम वा मालिकको आदेश अनुसार गर्नै पर्ने हुन्छ । मालिकको घरमा कम्लहरी रहँदा थारु बालिका/किशोरीको जीवन शर्तको परिधिमा

सिमित रहेको हुन्छ । बसिरहेको मालिक कहाँ नै बस्ने भएमा त्यो शर्त हरेक माघिमा नविकरण हुन्छ ।[ड]

कम्लहरीहरु प्रत्येक दिन साहुको घरकै कामकाजमा लाग्ने र उनीहरुले वर्षमा ४/५ दिन मात्र विदा पाउँछन् । दशैको ३/४ दिन र माघि पर्वमा १/२ दिन । यस बाहेक विरामी पर्दा समेत उनीहरु काम गर्न बाध्य हुन्छन् । विरामी परेका वेला पनि उनीहरुले सुख पाउदैनन् । नजिकमा छन् भने विरामी परेका वेला कम्लहरीलाई घर पठाइदिन्छन् र उसको सट्टामा घरको कुनै अन्य सदस्य काम धान्न आउनुपर्छ र टाढा छन् भने औषधि उपचारमा लाग्ने सम्पूर्ण खर्च उसको ज्यालाबाट कटाइन्छ । हाड घोटेर काम गरे पनि उक्त कार्यको सम्मान र इज्जत भने छैन । यति काम गरे वाफत उनीहरुले पाउने पारिश्रमिक भनेको वर्षको एक जोर कपडा, दुई जोर चप्पल र उमेर अनुसार वर्षको ५००० देखि १२००० रुपैया सम्म हुन्छ । उक्त पारिश्रमिकलाई दैनिक रुपमा हिसाव गर्दा उनीहरुले १३ रुपैया ६९ पैसा देखि ३२ रुपिया ८७ पैसा सम्म मात्र प्राप्त गर्दछन् । यी सम्पूर्ण कार्य सम्हाल्ने कम्लहरी बालिकालाई शिक्षा प्रति रुचि भएपनि त्यहाँ सम्मको पहुँच धेरै टाढाको कुरा हो । शिक्षामा आउन पहिले घरेलु कामबाट छुटकारा पाउनु पर्‍यो तर उनीहरुलाई घरेलु कामबाट छुटकारा पाउन धेरै गाह्रो छ किनभने मालिकले कम्लहरीलाई घरायसी काममा दलाउनको लागि राखेको हुन्छ । यसरी थारु बालिकाहरु कम्लहरी प्रथाका कारण शिक्षाबाट बञ्चित छन् । साथै थारु महिलाहरु घरायसी काममा बढि संलग्न हुने हुँदा उनीहरु स्कुलमा कम उपस्थित हुन्छन् ।

उनीहरुका अभिभावक अशिक्षित भएको कारणले गर्दा पनि थारु महिलाको शिक्षा प्रभावित भएको हो । अभिभावकले छोरीलाई स्कुल भर्ना त गरिदिएका हुन्छन् तर दैनिक स्कुल पठाउन त्यति चासो दिदैनन्, त्यसैले उनीहरुको शिक्षामा कम उपस्थिति छ । थारु बाहेक अन्य जातिमा पनि घरायसी बाल श्रमिकको रुपमा बालबालिकालाई पठाउने चलन छ । तर कम्लहरी जस्तो तिनिहरु बधुवा हुँदैनन् किनभने त्यो व्यक्तिको रोजगारसँग मात्र सम्बन्धित हुन्छ । उनीहरुलाई काम छाड्न र नयाँ काममा संलग्न हुनलाई कुनै रोक वा अवरोध हुँदैन । कम्लहरीको सम्बन्ध जग्गासँग हुने वा कम्लहरी जानु पूर्व एक वर्ष काम गर्ने शर्त वा कामको

[ड] २०६६ मा भएको "दाङ्ग जिल्लामा कम्लहरी प्रथाको अन्त्यका दिगो उपायहरु" विषयक सार्वजनिक संवाद कार्यक्रममा स्थानका अध्यक्ष कृष्ण कुमार चौधरीले प्रस्तुत गरेको आधार पत्रबाट लिइएको ।

ज्यालाको केहि हिस्सा पहिले नै लिने भएकाले कामबाट आफूखुसी छुटकारा पाउन मुस्किल हुन्छ किनभने यसमा व्यक्तिको रोजगारको साथसाथै परिवारको रोजगार वा बाँच्ने आधार परिवारको दबाब पनि गाँसिएको हुन्छ । कम्लहरी बसिरहेको परिवारबाट छुटकारा पाउन कम्लहरीको परिवारले कमाई रहेका जग्गा छोड्नु पर्छ । बाल श्रमिक र कम्लहरीको प्रकृति फरक भएपनि कारण एउटै हो तर कम्लहरीको समस्या बाध्यात्मक र जटिल छ र यसले शिक्षामा प्रत्यक्ष असर गरेको छ ।

कम्लहरीहरु मौखिक शर्तमा माघि देखि एक वर्षसम्म बस्छन् कतिपय अवस्थामा यो हरेक वर्षमा नविकरण हुन्छ र उनीहरुको वर्षको ४/५ दिन मात्र विदा पाउछन् । सवै खाले कम्लहरीहरु चाहे त्यो गाउँमा बसेको होस् वा सहरमा, उनीहरुले दैनिक सोह्र घण्टासम्म घरधन्दाको काम गर्दछन् । कामको चाप बढि भएको अवस्थामा मालिकहरु कम्लहरीहरुलाई चौविसै घण्टा काम लगाउन पनि पछि पर्दैनन् । गाउँमा बस्ने कम्लहरीले भाँडा मोल्ने, कुचो लगाउने, दैनिक २/३ घण्टा घाँस काट्ने, लुगा धुने, भकारो सोर्ने, ग्वाला जाने, वेला वखत वनमा पात टिप्न र दाउरा लिन जाने, वारीमा काम गर्ने (खन्ने, तरकारी रोप्ने, बोटविरुवामा पानी चार्ने) कुटन पिसन को लागि कहिलेकाँही मिलमा जाने र साना बच्चा छन् भने धाइ आमाको समेत काम गर्ने गर्दछन् । त्यसैगरी शहरतिर बस्ने कम्लहरीहरुले खाना बनाउने, भाँडा माझ्ने, कोठा सफा गर्ने, लुगा धुने, पानी भर्ने, समान किन्ने त्यस्तै सानो बच्चा भएमा धाइ आमाको काम गर्ने कामहरु गर्दछन् । १० वर्ष कम्लहरी जीवन विताएकी २२ वर्षिय रीता विगत सम्झदै भन्छिन्  *" कम्तिमा पनि मैले दैनिक १६ घण्टा काम गर्थे, आराम केहो थाहा थिएन । कहिले काँहि म भाँडा माझ्दा माझ्दै निदाउँथे । भकारो सोर्दा खुट्टामा घाउ भएर पानी बग्ने हुँदा पनि मैले विदा पाइन औषधोपचारको त टाढाको कुरा "। यति धेरै काम गर्दा पनि उनीहरुले मिठो र चोखो पेटभरि खान पाउछन् भन्ने कुराको कुनै निश्चित हुँदैन । १६ घण्टा काममा दलिन परेपछि स्कुले शिक्षा पाउने त टाढाको कुरा हो । दिनभरी काममा व्यस्त हुने कम्लहरीहरुलाई स्कुल जाने फुर्सद नै हुँदैन । स्कुल जान पहिले कम्लहरीबाट छुटकारा पाउनु पर्‍यो, छुटकारा पाए पनि उमेर अनुसार कक्षा सुहाउँदो हुने संभावना कम हुन्छ । त्यसैले कम्लहरीको काम शिक्षाको बाधक बनेर रहेको छ ।*

उनीहरु सानो उमेरमा नै बाबु आमाबाट टाढा रहने, आमा बाबु र परिवारको माया ममता नपाउने, बौद्धिक क्षमताको विकास हुन नपाउँदै अर्काको बन्धन र दमनमा पर्ने हुनाले पनि कम्लहरीहरु कामको परिधि बाट बाहिर आउन सकेका छैनन् । कामको संसार भन्दा बाहिर आउन नदिएको हुँदा उनीहरु आफ्नो अधिकारको बारेमा थाहा पाउँदैनन् र आफ्नो जीवन निर्णय प्रक्रियामा उनीहरुको पहुँच हुँदैन । अन्य जातका केटाकेटीले पारिवारिक भेटघाट वा पारिवारिक, धार्मिक कार्यक्रमहरु जस्तो पुजाआजा, विवाह, व्रतबन्ध जस्ता कार्यक्रमहरुमा बाहिरी मानिससँग भेटघाट गर्ने अवसर पाउँछन् जसले गर्दा साना केटाकेटी अरुको देखासिकी गर्ने र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पढाइको प्रोत्साहन र हौसला पाइरहेको हुन्छन् । तर थारु कम्लहरीहरु यसबाट पनि बन्चित हुन्छन् किनभने कम्लहरी भएको कारण आफ्नै घरमा हुने धार्मिक कार्यक्रमहरुमा पनि उनीहरु सहभागि हुन पाउँदैनन् । कम्लहरी प्रथाका कारण थारु बालिका धेरै कुराहरुबाट टाढा रहनु पर्ने अवस्था छ ।

थारुहरु गरिब र भूमिहीन भएकाले उनीहरु अर्काको जमिनमा श्रम लगाएर अधिया कमाउँछन् । अधिया कमाउनेमा पनि थारुहरु नै बढि छन् । जमिनदारले कसलाई आफ्नो जग्गा अधिया दिने भन्ने निर्णय पनि माघि पर्वसँगै हुन्छ । जमिनदारको जग्गामा अधिया कमाउने र कम्लहरी प्रथासँग नदेखिदो तर निकट सम्बन्ध छ । माघि पर्वसँगै जमिनदारले थारु परिवारसँग जग्गाको अधियाबारे कुरा गर्छन । यसैवेला जमिनदारले थारु परिवारलाई उनीहरुकि छोरी कम्लहरी दिने वाचा गर्न लगाउँछन् । यसरी जमिनदारहरु त्यो थारु परिवारलाई जग्गा अधिया दिन्छन् जो आफ्नी छोरी कम्लहरी पठाउन राजी हुन्छन् । यदि काम गर्न नमानेमा वा कम्लहरी भागेमा उक्त परिवारले जमिनदारको खेत, वारिमा काम गर्न पाउँदैन (बास्कोटा, २०६५) । यसरी हेर्दा जग्गा, अधिया र कम्लहरीको प्रत्यक्ष सम्बन्ध नदेखिए पनि आपसमा जकडिएका छन् । अधियाबाफत कृषि उत्पादन आधा आधा र कम्लहरी बसेवाफत जमिनदारले उक्त परिवारको लागि छुट्टै व्यवस्था (अन्न, पैसा, कपडा आदि) गरिदिएको हुन्छ । कम्लहरी र अधियाको सम्झौता एकैदिन हुन्छ तर हिसाव किताव अलग अलग हुन्छ । थारु परिवारले जसको जग्गा कमाउँछन् उसैको घरमा कम्लहरी पठाउँछन् ।

## घटना १

रीता सानै हुँदा उनकी आमा धेरै विरामी परिन् । रीताको बाबा गाउँमै कमैया थिए । घरमा कमाउने कोही थिएन र जग्गा जमिन पनि थिएन । घरको आर्थिक अवस्था कमजोर भएका कारण विरामी भएको समयमा उपचार गराउने खर्च पनि परिवारसँग भएन । गरिवीका कारण परिवार पाल्न नसक्ने भएपछि ती विरामी आमाले रीतालाई चिनजानको एक आचार्य परिवारमा पाल्ने र काम लगाउने शर्तमा जिम्मा लगाइन । त्यसको केही समय पछि नै रीताकी आमा रोगकै कारणले वितिन । सानै भएकिले २/३ वर्ष उनलाई केहि काम गर्न लगाइएन तर पछि उनको कार्यभार

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

थारु बालिका कम्लहरी प्रथामा बाँधिदा उनीहरुको श्रम शोषण त हुन्छ नै साथै उनीहरुले आफ्नै जीवनको महत्वपूर्ण समय घरेलु श्रमिक भएर विताउँछन् । पठन पाठन र सर्वाङ्गिण विकासको लागि महत्वपूर्ण मानिने हुँदा बाल अवस्थामा उनीहरु उमेर भन्दा ठूलो भार बोक्न प्रयोग भएका छन् ।

जमिनदारको घरमा बाहेक अन्य परिवार जसले निश्चित ज्याला दिन्छन् त्यस्तो परिवारमा पनि कम्लहरी पठाउने चलन छ । कम्लहरीलाई दिने पैंसा र व्यवस्था जमिनदार वा परिवार पिच्छे फरक फरक हुन्छ ।

## घटना २

प्रमिला चौधरी ७ वर्षकी थिइन् । घरमा बस्दा उनले पढ्न पाएकी थिइनन् । चिनजानको एक धनी परिवारको महिलाले उनलाई काठमाडौं जाऔं ठूलो शहर छ 'म तिमीलाई पढाउछु' भनेर फकाइन । प्रमिलाका घर परिवारका सदस्यहरुले पनि उनलाई पठाउनलाई राजी बनाए । ७ वर्षकी अवोध वालिका दाङ्गबाट काठमाडौं जान राजी भइन् । उनी काठमाडौं पढ्न जान पाइन्छ भनी दङ्ग थिइन । त्यो बाहेक उनलाई घरकाले किन पठाउन वा नौलो मानिसले किन लैजान लागेको हो केही थाहा थिएन । प्रमिला काठमाडौं आइन, परिवारलाई छाडेर आएको पिडा त थियो तर नयाँ ठाउँमा आएको र पढ्न पाउने आशाले खुसी थिइन तर उनको त्यो खुसी धेरै दिन रहेन । केहि दिनमै उनलाई थाहा भयो कि त्यहाँ उनलाई पढाउन होइन उनका बाबु विरामी भएको समयमा लिएको दश हजार ऋण चुक्ता गर्न काठमाडौं ल्याइएको रहेछ । उनलाई पढ्न नपाउने भएपछि त्यहाँ बस्न मन लागेन । तर उनको त्यो निर्णयले केहि हुन सक्दैनथ्यो । उनका परिवार धेरै टाढा थिए, मालिकककले उनका कुरा सुन्दैनथे । उनी विवस भएर त्यही बसिन् । उनी चौध बर्षकी हुँदा सम्म उक्त घरमा दैनिक १५/१६ घण्टा काम गरेर बसिन् । काम धेरै

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

यी विभिन्न प्रकारका कम्लहरी मध्ये सवैभन्दा पिडित र दयनीय अवस्थामा ऋण तिर्नका लागि कम्लहरी बनेका छन् । किनभने उनीहरु बाबु आमाले लिएको आठ-दश हजार ऋण तिर्न कम्लहरी बसेका हुन्छन् तर उनीहरुको ७/८ वर्षसम्म एउटै घरमा १५/१६ घण्टा काम गर्दा समेत उनीहरुको त्यो ऋण चुक्ता हुँदैन । यिनीहरु ऋण तिर्न बसेको हुँदा ज्याला, पढाइ, अन्न र विदा जस्ता विभिन्न सुविधा जो अन्य कम्लहरीले प्राप्त गरेका हुन्छन्, त्यो यिनीहरुले पाउँदैनन् ।

विभिन्न प्रकारका कम्लहरी भए पनि कम्लहरी हुनुको मुख्य कारण भूमिहिनता र निम्न आर्थिक अवस्थासँग जोडिएर आएको पाइन्छ । कम्लहरी बसेका सबै जसोको आफ्नो परिवारको जग्गा जमिन छैन जसको छ उनीहरुको ३ देखि ५ कट्ठा मात्र छ जुन एक परिवारका लागि अप्रयाप्त छ । थारुहरुको निम्न आर्थिक अवस्थाको फाइदा कथित धनी वर्गले लिएका छन् । धनी वर्गले माघ महिनाबाट शुरु हुने कम्लहरी प्रथाको माध्यमबाट श्रम शोषण गरेर फाइदा लिइरहेका छन् । माघ महिनाको शुरुवातसँगै थारु बस्तीमा विहानै देखि कार, जिप, मोटरसाइकलको लाम लाग्ने गर्दछ । यो घुइचो कम्लहरी लिन आएका शहर वा गाउँकै सवल आर्थिक अवस्था भएका मानिसहरुको हुने गर्दछ । पैंसाकै भरमा कथित धनी वर्गले थारु बालिका /किशोरी वा अभिभावकलाई विभिन्न प्रलोभन र आस देखाई देशका विभिन्न ठाउँमा कम्लहरी लैजान्छन् । थारु अभिभावकहरु पनि २/४ पैसा आउने र खर्च धान्न केहि सजिलो हुने आशामा पराईको हातमा आफ्ना कलिला बालिका/किशोरीलाई सुम्पिन्छन् (घिमिरे २०५५) । यो थारु परिवारको रहरभन्दा पनि कमजोर आर्थिक अवस्थाका कारण सिर्जित बाध्यता हो ।

कमजोर आर्थिक अवस्था, निरक्षर अभिभावक, कृषि वा दैनिक ज्यालामजदुरी पेशामा संलग्न परिवार र परिवार संख्या धेरै भएका परिवारका बालिका/किशोरी प्राय कम्लहरी रहेको

पाइन्छ । कथित धनी वर्गलाई न्यून पारिश्रमिक वा सस्तोमा धेरै काम गर्न सक्ने सहयोगी कामदार र निम्न वर्गलाई पैसा, ऋण, अधिया जग्गाको आवश्यकता परिरहेको हुन्छ । यि दुई वर्गको माग र पूर्तिको चपेटामा थारु बालिकाहरु पर्ने गर्दछन् र कम्लहरी हुन पुग्दछन् । यसबाट दुई वर्गको आवश्यकता पुर्ति त भएको हुन्छ तर लेनदेन समान खालको हुँदैन । पैसाको महत्व धेरै हुने र कम्लहरीको श्रमको मूल्याङ्कन कम हुने भएकोले सानो रकमको लागि धेरै श्रम खर्चिनु पर्ने बाध्यता छ साथै नेपाली श्रम बजारमा घरेलु श्रमलाई मूल्यहिन मान्ने सामाजिक परिपाटी पनि हो । जहाँ प्रायः महिला वर्ग संलग्न हुन्छन् । एउटी थारु बालिका/किशोरी कम्लहरी भएपछि घरको कामको साथ साथै उसले विभिन्न प्रकारका हिंसा पनि सहनु पर्ने हुन्छ ।

## ४.४ कम्लहरी र हिंसा

अहिले पनि कम्लहरी बस्ने कतिपय बालिकाहरु हराउँछन् । सोझा थारुहरुलाई जमिनदारले न त ज्याला दिएका छन् न त छोरीको खवर । “छोरी भागेर गई हल्ला नगर भनेर उल्टै जमिनदारले धम्क्याउँछन्” पिडितहरु भन्दछन् (के.सी.२०६५) । दाङ्गमा यस्ता थुप्रै घटनाहरु भएका छन् । थारुलाई धम्क्याउने र डरत्रास देखाई यस्ता क्रियाकलापलाई भित्र भित्रै दवाइएका छन् । कतिपय जमिन्दारले उजुरी नगर्नु भनि जग्गा दिएर यस्ता घटनाहरुलाई लुकाइरहेका छन् । उदाहरणका लागि दाङ्ग तुल्सीपुरकी सिता चौधरी हराइन् । जमीनदारले सिताको परिवारलाई उजुरी नगर्नु भनि ५ धुर जग्गा दिएका थिए (के.सी२०६५) । २०६५ पुस महिनामा काठमाडौंमा श्रमिक बालिका भेला भयो कम्लहरी मुक्त भएका बालिकाहरुको पुर्नस्थापनाका लागि उक्त भेला गरिएको थियो । भेलामा बाँकेकी कम्लहरी दिलु चौधरीले भनिन् “आफूले खाएर बचेको दाल र भातमा साहुले पानी हालेर दिन्थ्यो” त्यसैगरी दाङ्गकी लक्ष्मी चौधरीले भनिन्“ साहुका छोराछोरीले फालेको भात खान्थे” (वास्कोटा, २०६५) । यसरी आफ्नो पेट पाल्नका लागि पठाइएका कम्लहरीहरु मिठो, चोखो र पेटभरी खान नपाएको कुरा छर्लङ्ग भएको छ ।

कतिपय कम्लहरीहरु आफ्ना मालिकबाट यौन दुर्व्यवहार खेपिरहेका हुन्छन् । यस्ता घटना डर त्रास देखाई भित्र भित्रै लुकाइन्छ । घरायसी कामकाज बाहेक शारिरीक शोषण पनि खेपिरहेका छन् कम्लहरीहरु । दाङ्ग बनकट्टा सोहनपुर-८ कि अनिता चौधरीले उनका मालिक

मदन शर्माको यौन शोषणबाट बच्चा जन्माइन । तर त्यो घटना लुकाउन र मालिकले आफूलाई निर्दोष सावित गर्न राजनीतिक दलको समेत सहयोग लिए (अधिकारी २०६४) । तर असफल भए अनिताले सरकारी एवम् गैरसरकारी संस्थाहरुको सहयोगमा न्याय पाइन् । उता वर्दियाको सुमन काठमाडौंमा कम्लहरी बस्दा मालिकको घरमा आउने व्यक्तिको यौन शोषणबाट बच्चा जन्माइन तर उनले न्याय त के उल्टै मालिकको गाली वेइज्जती सहनु पऱ्यो (थारु २०६६) । कम्लहरीका सम्बन्धमा यस्ता घटना धेरै हुने गरे पनि बाहिर नआउने वा भित्रभित्रै गुपचुप राखेर मिलाउने गरेको पाइन्छ । बाहिर आए पनि पिडितहरुले न्याय पाउँछन् भन्न सकिदैन ।

कम्लहरीले सहनुपरको हिंसा सम्बन्धमा रघुनाथ लामिछाने (२०६०) लेख्छन् । "बाहिरी मानिस मात्र हैन, काम गर्न बसेकै घरका बुढादेखि नातिसम्मको यौन तृष्णा मेटाउनुपर्ने तर सवैको कुरा सवै बीच गोप्य राख्नु पर्ने र त्यसो गर्न नसके ज्यानै समेत जान सक्ने सम्भावनाबाट पनि कम्लहरीहरु पीडित हुन्छन् ।
यहि कारण हो - एकाधबाहेक अरु यौन शोषणका घटना प्रकाशनमा आउनै पाउँदैनन् ।

सुलभ र सरल पहुँच भित्र न्यायपालिका नपर्ने र यस्ता घटनालाई दर्ता गरे पनि मेलमिलापमा पठाउने भएका कारण धेरै घटना प्रकाशनमा नआएका हुन सक्छन् । प्रकाशनमा नआउने र आए पनि दोषीमाथि कारवाही नचल्ने वा यस्ता घटना दोषीको इज्जतसँग जोडिने सामाजिक मान्यता हुँदा यस्ता घटनाले सामाजिक प्रश्रय पाइरहेका छन् ।

# अध्याय पाँच


# कम्लहरीको शैक्षिक अवस्था

## ५.१ कम्लहरी र शिक्षा

कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा महिलाले ओगटेको हाम्रो देशमा परापूर्व काल देखिको सामाजिक बनोट र सांस्कृतिक मान्यताले शिक्षामा महिलाको सहभागिता र पहुँच पुरुषको भन्दा न्यून रहेको छ । गुणस्तरीय शिक्षामा महिलाको पहुँच कम भएको कारणले समाजमा अपेक्षित सामाजिक परिवर्तन हुन सकेको छैन । महिलाहरुको आर्थिक रुपमा मौलाउने आधारलाई सिमित पारिएको छ । थोरै मात्र आमाबाबुहरु छोरीहरुबाट आर्थिक उपार्जनको आशा राख्छन् र छोरीहरु बुढेसकालको सहारा हुने कुरामा आशावादी हुन्छन् । जसको फलस्वरुप महिलाहरु परिवारबाटै आधारभूत अधिकारबाट वञ्चित हुन पुग्छन् । केटीहरु करिब १.४ प्रतिशत समय केटाको भन्दा बढी काम गर्छन । स्कुल र अरु सार्वजनिक अनुभवको क्रियाकलाप दोस्रो प्राथमिकतामा पर्दछ (नेसाक १९९८) । दक्षिण एशियाको महिला शिक्षाको अवस्थालाई हेर्ने हो भने अत्यन्त दयनीय देखिन्छ । यस क्षेत्रमा विश्वका आधा जति अशिक्षित महिलाहरु छन् भन्ने अनुमान छ (बजिर सन् २०००) । किन महिलाको शिक्षामा पहुँच कम भयो भन्ने सवालमा दुइवटा कारणहरु देखा पऱ्यो । पहिलो, गरिवीका कारण उनीहरुमा घरेलु कामकाजको जिम्मेवारी बढि भयो जसले गर्दा शिक्षाले प्राथमिकता पाएन । दोस्रो महिलाहरुको जुन परम्परागत भूमिका छ, त्यसको लागि शिक्षाको आवश्यकता पर्दैन भन्ने परम्परागत धारणा छ । तर शिक्षाले महिलाको श्रम बजारको क्षमतामा बृद्धि गरी विकास प्रक्रियामा आफ्नो अर्थपूर्ण स्थानको दावा गर्न अग्रसर मात्र गराउँदैन महिला मुक्तिको कारक तत्व पनि बन्न सक्छ भन्ने मान्यता अनुसार यदि महिला विकासमा शिक्षालाई जोड्ने हो भने उनीहरुको वर्तमान अवस्थामा सुधार ल्याउन सकिन्छ (वजिर सन् २०००) । यो कुरा कम्लहरीको सन्दर्भमा पनि मेल हुन जान्छ । धेरैजसो

कम्लहरी बालिका/किशोरी शिक्षाबाट बञ्चित छन् । स्कुल जाने उमेरमा अर्काको घरमा कम्तीमा पनि एक वर्षको शर्त र सम्झौता सहितको घरेलु कामदारको रुपमा बस्नुपर्ने बाध्यताका कारण उनीहरु शिक्षाबाट बञ्चित हुन पुगेका छन् । पढाइको लागि महत्वपूर्ण मानिने ६/७ वर्षदेखि १८/१९ वर्षको उमेर सम्म कम्लहरी हुने भएकाले उनीहरु शिक्षाबाट वञ्चित हुन्छन् । हुन त थारु बालिका/किशोरी शिक्षामा नआउनुका कारण कम्लहरीको रुपमा बस्नु पर्ने बाध्यताका साथै थारुहरुको सामाजिक, सांस्कृतिक अवस्था र त्यसबाट विकास भएको सोच मानसिकता उत्तिकै बलियो रहेको छ । थारुहरुमा शिक्षा प्रति उति आकर्षण र उत्साह नभएको मानिन्छ । उदाहरणको लागि "पढो गुने कौनै काम हलो जोतो मामै माम " र "आधो पढो हरसे गयो पुरा पढो घरसे गयो " । भन्ने जस्ता उखानहरु उनीहरुमा प्रचलित रहेको छ । बेसमा कार्यरत दिपलाल चौधरीका विचारमा थारु समुदायमा कामलाई मात्र मान्यता दिने र काम गरेर खानुपर्छ भन्ने धारणा भएको कारण उनीहरुमा पढाइ भन्दा काममा बढि समय व्यतित गर्दछन् । पढे पनि, सरकारी होस वा गैरसरकारी निकायमा उपल्लो वर्गको हालीमुहाली हुने, जागिर पाउन आफ्नो मान्छे, नातावाद, कृपावाद चल्ने भएकोले उनीहरुमा शिक्षामा नआएको उनको विचार छ । थारुहरुमा मात्र नभएर उपल्लो वर्ग वा जातमा पनि पहिले पढनु पर्छ वा पढाउनु पर्छ त्यसमा पनि छोरीलाई पढाउनु पर्छ भन्ने भावना नरहेको विचार उनले व्यक्त गर्छन् ।

**चित्र नं. २**




स्रोत : स्थलगत अध्ययन, २०६७

चित्र नं. २ मा, ४६ जना मुक्त कम्लहरीहरु मध्ये २८ जनाका बाबु निरक्षर रहेका छन्, १५ जनाले ५ कक्षासम्म पढेका छन्, २ जना ६ देखि ८ सम्म र १ जना ९ देखि १० सम्म पढ्ने रहेका छन् भने ११ देखि १२ सम्म पढेका शून्य रहेका छन् । त्यसैगरी मुक्त कम्लहरीका आमा ३३ जना निरक्षर रहेका छन्, ५ कक्षा सम्म पढ्नेमा ८ जना रहेका छन् । कम्लहरीका दाजुभाइ ११ जना निरक्षर छन्, ५ सम्म पढ्नेमा १२ जना रहेका छन् । ६ देखि ८ सम्म पढ्नेमा १८ जना रहेका छन्, ९ देखि १० सम्म पढ्ने ३ जना र ११ देखि १२ सम्म पढ्ने २ जना रहेका छन् । कम्लहरीका दिदी-बहिनी २५ जना निरक्षर रहेका छन, ५ सम्म पढ्नेमा १० जना, ६ देखि ८ सम्म पढ्नेमा ९ जना, ९ देखि १० सम्म पढ्नेमा  २ जना रहेका छन् । मुक्त कम्लहरीहरु ४६ जना मध्ये मुक्ति पश्चात् पनि २६ जना निरक्षर रहेका छन्, ५ सम्म पढ्नेमा ९ जना, ६ देखि ८ सम्म पढ्नेमा ११ जना रहेका छन् ।

थारु धार्मिक मान्यता अनुसार थारुले पढ्नु हुँदैन भन्ने विश्वासका कारण नपढ्ने संस्कारले बढावा पाएको छ । कम्लहरीको पारिवारिक पृष्ठभूमि हेर्दा प्रायको बाबु आमा निरक्षर र दाजुभाईले प्राथमिक शिक्षा सम्म पढेका छन् । थारु जातिमा मात्र नभएर कथित ठूला जातिले पनि छोरीलाई पढाउने चलन नभएको कारण उनीहरु शिक्षाबाट विमुख छन् । थारु समाजमा छोरी पाल्न गाह्रो मान्ने, कम्लहरी पठाउने चलन भएकोले थारु बालिका कम्लहरी बनेका छन् । छोरी अर्काको घर जाने जात भनेर उसमा लगानी गरेर प्रतिफलको आशा नगर्ने छोरीलाई कम्लहरी पठाउने र छोरालाई स्कुल पठाउने गरेका थुप्रै उदाहरणहरु छन् ।

## ५.२ कम्लहरी हुँदा स्कुल जान नपाएको

अधिकांश कम्लहरीहरु विद्यालय जान पाएका छैनन् अहिले पनि कम्लहरी रहिरहेका ४ जना मध्ये २ जना स्कुल जान पाएका छैनन् । त्यसैगरी मुक्त ४६ कम्लहरी मध्ये कम्लहरी रहेका वेला ३७ जनाले पढ्न पाएका थिएनन् । उनीहरुले शिक्षा नपाउनुको प्रमुख बाधक कम्लहरी रहदाको शर्त रहेको छ । कम्लहरी बस्न जाने बखत कम्लहरीका अभिभावकले शिक्षा भन्दा पैसाको इच्छा राख्ने र पहिले नै आधा वा पुरै ज्याला प्राप्त गर्ने मालिकले सकेसम्म काम नै गराउन पाए हुन्थ्यो भन्ने मानसिकता राख्ने र १४-१५ घण्टा काममा नै खटाउने हुँदा कम्लहरीले पढ्न पाउँदैनन् ।

## तालिका नं. ३

## उत्तरदाताले कम्लहरीको रुपमा विताएको समय

| क्र.सं. | समय वर्षमा | उत्तरदाता | प्रतिशत |
|---|---|---|---|
| १. | १-३ | ३ | ६ |
| २. | ३-५ | १९ | ३८ |
| ३. | ५-८ | १७ | ३४ |
| ४. | ८-१२ | ७ | १४ |
| ५. | १२ भन्दा माथि | ४ | ८ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ३ मा उत्तरदाताले कम्लहरीको रुपमा विताएको आफ्नो जीवनको महत्वपूर्ण समयलाई देखाइएको छ । सवैभन्दा बढी १९ जनाले ३-५ वर्ष कम्लहरीको रुपमा जिवन विताएका छन । त्यस्तै १७ जना ५-८ वर्ष कम्लहरी बनेका छन् । ८-१२ वर्ष कम्लहरी बस्ने ७ जना रहेका छन् भने १२ वर्ष भन्दा बढी ४ जना र १-३ वर्ष बसेका ३ जना रहेका छन् । कम्लहरीहरु प्रायः घरेलु कामको लागि लगिने र काममा मात्र सिमित हुने हुँदा उनीहरुले शिक्षा पाउने आफ्नो प्रतिभाको विकास गर्ने अवसर प्राप्त गर्दैनन् र चेतना ज्ञान र सुचनाबाट पनि विमुख हुन्छन् ।

अधिकांश कम्लहरीका अभिभावक निरक्षर रहेका छन् । जसले गर्दा अभिभावकको प्रेरणा र सक्रियतामा कम्लहरीले शिक्षा पाउने सम्भावना अत्यन्तै न्यून रहेको छ । अभिभावक निरक्षर र आफ्ना नजिकका नातेदार पनि निरक्षर भएको र उनीहरुले पनि आफ्ना छोरीलाई नपढाएको

कारण कम्लहरी पनि निरक्षर रहनु पर्ने बाध्यता रह्यो । माया चौधरी पूर्व कम्लहरी हुन् । उनी आफ्नो विवाह अगाडिबाट कम्लहरी बस्न थालेकी हुन् र विवाह पश्चात् पनि बस्दै आइन् । उनी निरक्षर छिन् मालिकले छोराछोरी पढाएको देखेर उनले जेनतेन छोरालाई स्कुल पठाइन तर छोरीलाई पठाइनन् । उनी भन्छिन् "मेरो नजिकको नातेदार कसैले पनि छोरीलाई पढाएका छैनन्, त्यसैले मैले पनि पढाइन" । छोरीलाई नपढाएको हुँदा नपढाउने संस्कारले प्रश्रय पाइरह्यो ।

निश्चित शर्तमा लगिएका कम्लहरीहरु वन्देजमा हुने गर्छन् उनीहरुको निर्णय प्रक्रियामा कुनै सहभागिता हुँदैन फलतः त्यसले उनीहरुको भविष्यमा प्रभाव पार्दछ । "घर चलाउन गाह्रो भयो भनेर स्कुल छुटाएर वर्षको ४००० रुपैया पाउने शर्तमा कम्लहरी बसाइदिनुभयो, मालिकले पनि मलाई पैसा हालेर किनेको हुँदा उसकै काममा दिन वित्थ्यो, छोरीले पनि पढ्न सक्छन् भन्ने सोच नै थिएन त्यसैले पढ्न पाइन" लहानी चौधरीले आफ्नो अनुभव सुनाइन । कम्लहरी हुँदा किन पढ्न नपाएको होला ? भन्ने प्रश्नको जवाफमा सर्मिला चौधरी आफ्नो बाल्यकाल यसरी स्मरण गर्छिन, " ६ वर्षकी थिए विहान ५ वजे उठेर आँगन बराल्थे, त्यसपछि ग्यारेज पखाल्थे । चिया नास्ता कोठा कोठा पुऱ्याउनु पर्थ्यो । मेरो उमेरका केटाकेटी थिए उनीहरुको दिशा धोइदिने देखि झोला बोकेर स्कुल पुऱ्याउनु पर्ने सम्म गर्नु पर्थ्यो । फर्केर आएर खाना खान्थे, भाँडा सफा गर्थे, घर पोछा लगाउथे, यति गर्दैमा केटाकेटीको खाजा पुऱ्याउने समय हुन्थ्यो । अनि केटाकेटी लिन जान्थे । फेरि बेलुकाको घरधन्दा सुरु हुन्थ्यो । कामबाट एकछिन फुर्सद हुँदैनथ्यो, कतिवेला पढ्ने, कतिवेला स्कुल जाने ? मालिकले त पढाउने सर्तमा ल्याएका थिए पढाएनन् । घरमा राती आफै पढ्न खोज्दा बत्तीको पैसा चढ्छ भन्दै बत्ती निभाइदिन्थे अनि कसरी पढ्नु ? सानैबाट अर्काको घरमा मात्र बसेको हुँदा 'हामी काम गर्ने जात, काम नगरी खान पुग्दैन' भन्ने मात्र सोच्थे ।

केही कम्लहरीहरु पढ्ने शर्तमा लगिए पनि उनीहरुले शिक्षा पाएका हुँदैनन् । सिता चौधरी पढ्ने शर्तमा सदरमुकाम घोराही कम्लहरी बसिन् तर पछि उनलाई घोराहीबाट काठमाडौं र काठमाडौबाट चितवन पुऱ्याइयो । पढ्ने शर्तमा लगिए पनि उनले पढ्न पाइनन् । पढ्न त पाइनन् पाइनन् उनी ५ वर्ष सम्म परिवारसँग सम्पर्कविहिन हुनुपऱ्यो, उनी ५ वर्ष पछि चितवनबाट भागेर आइन् उनले आफ्नो श्रमको पारिश्रमिक पनि पाइनन् । सिता त एउटा

उदाहरणीय पात्र मात्र हुन् सिता जस्ता यहाँ धेरै कम्लहरीहरु छन् जसले न त आफ्नो परिश्रमको उचित पैसा पाएका छन् न त शिक्षा नै । समाजमा रहेको वर्गीय भावना जस्तो तल्लो र उपल्लो भन्ने रहेका कारण पनि पढाउने शर्तमा लगिएका कम्लहरीहरुले पढ्न पाउदैनन् । उदाहरणको लागि मालिकले तैले पढेर के गर्न सक्छेस् ? भनेर पटक पटक भन्ने र गरिव भनेर हेय भाव र छुद्र व्यवहार देखाउने हुँदा कम्लहरीले पढ्न पाउँदैनन् । शिक्षककै घरमा कम्लहरी बसेकी थिइन राधा चौधरी तर अक्षर चिन्न पाइनन् । "मालिकले अर्काकी छोरीलाई किन पढाउने भन्ने सोचेर होला, घरको काम कसले गर्छ भनेर पढाएनन्" उनी भन्छिन् । थारुहरु नाइ नास्ती गर्न नसक्ने सोझो र इमान्दार जात भएकोले अरुले सजिलै दवाउन सक्ने र जसले गर्दा पढ्न नपाएको र नसकेको उनको विचार थियो । सानो रकमको बाबजुद धेरै काम गर्नुपर्ने साथै आफ्नो आमाबाबु बाट पनि टाढिनु पर्ने अवस्था कम्लहरीहरुको बाध्यता छ । पढाउने शर्तमा कम्लहरीहरु विभिन्न जिल्लामा पुऱ्याइन्छन् तर उनीहरुले शिक्षा पाएका हुँदैनन् । उनीहरु स्कुल त पुग्छन् तर आफू पढ्न होइन जमिनदार वा मालिकको छोराछोरीलाई पुऱ्याउन मात्र ।

## घटना ३

म तीन कक्षामा पढ्दै थिए । जेठी छोरी भएकोले बुवाले मलाई खर्च चलाउन गाऱ्हो छ कम्लहरी बस्नुपर्छ भन्नुभयो अनि म कम्लहरी बने । नजिकैको गाउँ देखि लिएर बजार र काठमाडौं सहरसम्म कम्लहरी बनेर पुगे, कम्लहरी बनेपछि पढाई पनि छुट्यो । कम्लहरी हुँदा विहान ५/६ बजेदेखि बेलुका ९/१० बजेसम्म घरधन्दामा व्यस्त हुन्थे । ८ वर्ष सम्म कम्लहरी जिवन विताए । म ३ वर्ष अगाडि मात्र कम्लहरीबाट मुक्त भएर मजदुरी गरेर घरमै बसेको थिए । होटल तालिम लिने मौका र होटल खोल्न सहयोग गर्ने प्रतिवद्धता प्लान संस्थाको कर्मचारीबाट पाएँ । ७ दिने तालिम लिएर होटल खोले । पढ्न त मन त थियो स्कुल दिउसो हुन्छ । मेरो परिवार मेरो कमाईमा आश्रित छ । म पढ्न गए कमाउने मान्छे कोही हुँदैन त्यसैले पनि पढिन । हुन त उमेर पनि धेरै भइसकेको छ, अहिले २२ वर्ष भए । पढेपछि ४ कक्षाबाट शुरु गर्नुपर्छ, यो उमेरमा ४ कक्षामा पढ्न सुहाउँदैन । हुन त पढेर पनि के गर्ने ? जागिर खान सोर्स चाहिन्छ हाम्रो सोर्स पुग्दैन । होटलमा सामान्य हिसाव गर्न जाने पुग्छ, त्यो जानेको छु । होटलबाट राम्रै आम्दानी भएको छ ।

- सिला चौधरी (नाम परिवर्तन)

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

परिवार गरीव र अशिक्षित तथा कामलाई महत्वपूर्ण मान्ने हुनाले थारु बालिका कम्लहरी बन्न पुग्ने कुरा घटना नं. ३ ले स्पष्ट पारेको छ । गरीवी र उत्पादनमुलक सिपको कारण थारु बालिका कम्लहरी हुन्छन् किनकी उनीहरुसँग त्यहि अर्थात घरेलु कामको सिप छ ।

यसरी थारुहरुमा रहेको अन्धविश्वास, अभिभावकको निरक्षरता र शिक्षामा लगानी गर्न नचाहने प्रवृत्तिले गर्दा कम्लहरीहरु शिक्षाको पहुँच भन्दा टाढा रहेका छन् । आर्थिक स्थिति कमजोर रहेको र काम गर्न पठाएमा केही आम्दानी हुन्छ भन्ने मनसायले कम्लहरी पठाउने गर्छन । कम्लहरी गइसकेपछि कम्लहरी हुँदाको शर्तले उनीहरुको जीवन अझ कष्टकर हुनजान्छ । जसले गर्दा काम बढि महत्वपूर्ण हुन्छ र पढाई एच्छिक । थारुहरु सोझो र इमान्दार हुनाले (लामिछाने २०६०) मालिकले सजिलै उनीहरु माथि शासन जमाउँछन् तर कम्लहरीमा प्रतिवाद गर्ने सामर्थ्यता हुँदैन र अन्त्यमा मालिकले सर्त पुरा गर्दैन ।

## घटना ४

मेरो एउटा भाइले ८ कक्षा पढेर छाड्यो, अर्को भाइले ६ कक्षामा पढेर छोड्यो तर मैले पढ्न पाइन । १० वर्षको उमेरमा खर्च धान्न गाऱ्हो भयो भनेर बाबाले कम्लहरी बसाइदिनु भयो । १६ वर्षको उमेरसम्म कम्लहरी बसे । कम्लहरी बसेको घरमा काम धेरै हुन्थ्यो, दैनिक १६/१७ घण्टा काम गर्नु पर्थ्यो, स्कुल पनि टाढा थियो, अर्काको छोरीलाई किन पढाउने र तैले पढेपछि घरको काम कसले गर्छ भन्दै स्कुल जान दिएनन् मालिकले । ३ वर्ष अगाडि कम्लहरी मुक्त भएपछि होटल खोले, अनि संस्थाको सहयोगमा पढ्न पाए । विहान बेलुका होटल चलाउँछु दिउँसो स्कुल जान्छु । अहिले २० वर्ष भए कक्षा ६ मा पढ्दैछु । स्कुलको समय दिउँसो भएकोले काम गर्न र पढ्न अप्ठयारो भइराखेको छ । अब पढ्दिन होला उमेर पनि धेरै भएको छ । होटलमा चाहिने सामान्य हिसाव किताव राख्न जानेको छु । आत्मनिर्भर भएर बाँच्न चाहन्छु । गरिवी र छोरीले पढ्न हुन्न भन्ने भावना भएकोले म कम्लहरी बन्नुपऱ्यो । मेरो बुवाआमा शिक्षित भएको भए म पनि सानैदेखि स्कुल जान पाउँथे होला ।

\- सीता चौधरी (नाम परिवर्तन)

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

कम्लहरीले शिक्षा नपाउनुमा प्रमुख अवरोध कम्लहरी हुँदा हुने गरेको शर्त रहेको छ । कम्लहरी बस्ने बखत कम्लहरीका अभिभावक वा कम्लहरी र मालिक बीच के कस्ता शर्त वा सम्भौता भएको हुन्छ । त्यसैमा पढ्ने नपढ्ने भर पर्छ कम्लहरी जाने वेलामा नै कम्लहरीले पाउने ज्याला अभिभावकले प्राप्त गर्ने भएकोले पछि बालिका/किशोरीलाई मन नपरे वा वस्न मन नलागे पनि छोड्न पाउँदैनन् । कम्लहरी लैजाने क्रममा नै पुरै एक वर्षको शर्त, ज्याला दिने वा शिक्षा दिने हुने भएकोले वीचमा इच्छा लाग्दा पनि पढ्ने अवसर पाउँदैनन् कम्लहरीहरु । कोही कोही शिक्षित परिवारले पढ्न चाहने बालिका/किशोरीलाई मात्र कम्लहरी लैजाने गरेको पनि अवलोकनको क्रममा पाइएको थियो । कम्लहरीलाई पढाउनु पर्छ भन्ने भावना भएका, कम्लहरीलाई पढाउने गरेका मालिक पनि यदाकदा भेटिन्छन् तर अधिकाशं कम्लहरीहरु कामका लागि मात्र लगिएका हुन्छन् ।

## ५.३ कम्लहरी हुँदा थोरैले स्कुल जान पाए पनि प्रगति गर्न नसकेको

कम्लहरीलाई पढाउने प्रवृति पनि भर्खरै शुरु भएको हो । बढ्दो शहरीकरणसँगै कम्लहरीहरु पनि शहर केन्द्रित हुन थाले पछि पढाउने चलन स्थापित भएको हो । कम्लहरीहरु घरबाट स्कुल टाढा भएर पढ्न नपाएका भने होइनन् । किनभने अहिले कम्तीमा पनि हरेक गा.वि.स. मा प्राथमिक वा माध्यमिक तहसम्मका स्कुलहरु सरकारको वा समुदायको पहलमा खोलिएका छन् । यी पढ्न पाएका कम्लहरीहरु सर्तका आधारमा पढ्न पाएका हुन् । कम्लहरी बस्ने मालिक वा घरले भन्दा पनि कम्लहरीको परिवारले कम्लहरीले शिक्षा पाउँछे कि पाउँदीन भनेर निर्धारण गर्दछ । कम्लहरी बसिरहेका ४ जना मध्ये २ जना मात्र स्कुल जान पाएका थिए । उनीहरु पनि उमेर अनुसारको कक्षामा पढिरहेका छैनन् । उनीहरुमध्ये १ जना नियमित स्कुल जान नपाउने र फेल हुने गरेको पाइयो भने अर्को जेनतेन उत्तिर्ण गरेको पाइयो । उनीहरुले आफूलाई पढ्न मन लागेको वेला पढ्न नपाउने र मालिकको घरको कामको चापले पढ्नलाई समय नपाउने वताएका छन् । मालिकले पनि कम्लहरीलाई पढाउनु पर्छ भन्ने भावनाका साथ स्कुल भर्ना गरिदिएको जस्तो लाग्दैन । यदि त्यसो हुँदो हो त उनीहरु नियमित स्कुलमा जान पाउँथे र घरमा पनि पढ्ने समय छुट्टाइएको हुन्थ्यो । त्यसैगरी विगतमा कम्लहरी जीवन विताएर अहिले मुक्त जिवन विताइरहेका ४६ जना कम्लहरीहरुसँग कुराकानी गरिएको थियो । ४६ जना

मुक्त कम्लहरीहरुमध्ये कम्लहरी रहेको वेला ९ जनाले मात्र पढ्न पाएका थिए । ९ जना मध्ये ५ जना कक्षा ४ सम्म पढ्न पाएका थिए भने ४ जनाले २ कक्षासम्म पढ्न पाएका थिए । अहिले मुक्त जीवन विताइ रहेका ४६ जना मध्ये २५ जनाले पढ्न थालेका छन् । पढिरहेका मुक्त कम्लहरीहरु १३ देखि २० वर्ष उमेरका रहेका छन् । कम्लहरी बसेका र पढ्न पाएका २ जना पनि नियमित स्कुल जान नपाएको वताए भने उनीहरुले घरको काम सिध्याएर मात्र स्कुल जान पाउछन् र स्कुलबाट फर्केपछि फेरी घरको काममा लाग्नुपर्छ घरमा पढ्ने समय छुट्टाएको पाइदैन जसले गर्दा उनीहरु मन लागेको वेला पढ्न पाउँदैनन् । यसरी केहि कम्लहरीले पढ्न पाए पनि उनीहरुले स्कुलमा राम्रो गर्न सकेका छैनन् ।

## घटना ५

विमला चौधरी (नाम परिवर्तन) विहान ५ बजे उठ्छिन अनि ९ बजे सम्म घरको काममा तल्लीन हुन्छीन्, खाना खाएर स्कुल जान्छीन्, स्कुल पुग्न हिडेर १० मिनेट लाग्छ । कामले स्कुलमा थकाई लाग्छ । त्यसैले होला स्कुलमा पढाएको बुझ्दीनन्, दुई पटक फेल भइसकिन् । स्कुलबाट फर्केर आएर फेरी भाँडा माझ्ने, खाना बनाउने, लगायतका घरको काममा व्यस्त हुन्छीन् । राती ९ बजे काम सकिन्छ, पढ्न खोज्छिन् तर थकाई लाग्छ र पढ्दा बुझ्दीनन्, सिकाउने पनि कोही छैन अनि उनी पढ्दा पढ्दै निदाउछिन् । घरमा पाहुना आएको दिन स्कुल जान पाउदीनन् । उनी परीक्षामा दुई पटक फेल भइसकेकी छन् । उनको परीक्षा नजिकिदै छ तर उनले पढ्न सकिरहेकी छैनन् । उनले आफू पढ्न नजानेर फेल भएको ठान्छिन् तर पढ्न नपाएर फेल भएको उनी आफैलाई थाहा छैन । यो दैनिक दिनचर्या हो विमलाको जुन कुरा १५ दिन विमला कम्लहरी बसेको घरमा सँगै बस्दा अनुसन्धानकर्तालाई नजिकबाट नियाल्ने मौका मिल्यो ।

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

कम्लहरी अनिता चौधरी भन्छिन् "कहिले स्कुल जान पाउँछु कहिले पाउदिन । मालिकको घरमा पाहुना धेरै आएको दिन र काम धेरै भएको दिन स्कुल जान पाउदिन । पढ्ने शर्तमा आएको तर स्कुल सधैं जान पाउँदीन त्यसैले फेल हुन्छु" । पढ्न पाए पनि नियमित स्कुल जान नपाउने हुँदा अधिकांश कम्लहरीहरुको पढाइको स्थिति कमजोर रहेको छ ।

उनीहरुले विद्यालय भर्ना हुने अवसर त पाएका छन् तर पढ्ने र नियमित स्कुल जाने समय पाएका छैनन् । कम्लहरी बस्दा पढाउने शर्त भएपनि, कति समय पढ्न पाउने र कति समय काम गर्ने भन्ने छुट्टाइएको छैन । मालिकले शर्त पुरा गर्न मात्र स्कुल भर्ना गरिदिएका छन् । मालिकको घरको कामको चाप, स्कुलमा पढाएको नबुझ्ने र घरमा आएर पढ्ने समय नहुने भएकाले कम्लहरीहरुले प्रगति गर्न सकेका छैनन् भन्न सकिन्छ । कम्लहरीहरु स्कुल जान पाए पनि उनीहरु कामका कारण मानसिक तनावमा हुने हुनाले प्रगति गर्न नसकेको हुन सक्छ । किनभने उनीहरु हतार हतार काम सिध्याएर र केही काम अपुरो छोडेर स्कुल जान्छन्, स्कुलबाट फर्कन नपाउँदै फेरी काममै लादिनुपर्ने भएकोले उनीहरु एक छिन पनि तनाव मुक्त आनन्दित वातावरणमा सोच्न, रम्न नपाएको हुँदा स्कुलको पढाइमा उति चासो नभएको हुन सक्छ । साथै थारु जातिमा बढि कम्लहरी हुने र प्रायः थारु भाषा नै बोल्ने हुनाले भाषा पनि पढाइ राम्रो नहुनु वा पढाई प्रति चासो नहुनुको कारक हुन सक्छ ।

स्कुलमा कम्लहरीको पहुँच नपुग्ने र त्यहाँसम्म पुगेर बुझ्ने सामर्थ्य नभएकाले मालिकले विभिन्न बहाना बनाएर स्कुल नपठाउने गरेको पाइयो । मालिकहरुको थारुहरुले किन पढ्नुपर्‍यो । यिनीहरुमा पढ्ने चलन छैन भन्ने मानसिकता हावी रहेको पाइयो । अर्न्तवार्ताको क्रममा कम्लहरीहरुको पढाइबारे सोध्दा केही मालिकले घरमा बस्दा खान पाएका थिएनन्, कम्लहरी भएर खान पाएका छन् किन पढ्नु पर्‍यो, पढेर के गर्न सक्छन् र ? भन्ने उत्तर पटक पटक दिएका थिए । यसबाट स्पष्ट हुन्छ कि मालिकहरु थारुले पढ्न हुन्न, पढेर यिनीहरुले केहि गर्न सक्दैनन् । यिनीहरु काम गर्ने जात हुन् भन्ने मानसिकता पालेर वसेका छन् जसले गर्दा कम्लहरीहरुलाई पढ्न पठाउँदैनन् । पछिल्लो समयमा कम्लहरी राख्न नपाइने भनेर कम्लहरी प्रथा विरुद्ध भएका कार्यक्रमको प्रभावका कारण सामाजिक संघ संस्थाको आँखा छल्न मालिकले कम्लहरीलाई स्कुल भर्ना गरिदिएका छन् । पढ्न पठाए पनि त्यो औपचारिकता निभाउनमा मात्र सिमित रहेको हुन्छ । आर्थिक अवस्था कमजोर भएर कम्लहरी बन्न परेको हुँदा प्रायः अभिभावकले पढाउने भन्दा पैसा पाउने शर्तमा कम्लहरी पठाउँछन् । कम्लहरी पठाउँदा नै वर्षभरिको शर्त गर्ने र केही रकम पहिले नै प्राप्त गर्ने भएकोले पछि कम्लहरी बसिरहेको बखत कम्लहरीलाई काम गर्न मन नलागेमा वा पढ्ने इच्छा व्यक्त गरे पनि उसको त्यो इच्छा पुरा हुने सम्भावना न्यून हुन्छ ।

## ५.४ मुक्त भएपछिको अवस्था

कम्लहरीले शिक्षा पाउने संभावना कम हुन्छ किनभने कम्लहरी रहँदा उनीहरु शर्तको परिधिभित्र बस्नुपर्ने र मालिकको निगरानीमा रहनुपर्ने हुन्छ । तर मुक्त भएपछि उनीहरुले आत्मनिर्णय गर्न पाउने हुँदा शिक्षामा आउने सम्भावना बढि हुन्छ । हुन त गरिवीको कारण देखाएर कम्लहरी गएका बालिका मुक्ती पछि पनि सोही कारणले शिक्षाबाट बञ्चित हुने अवस्था छ तर त्यो परिस्थितिको कम्लहरीहरु आफैले सामना गर्ने प्रयास गरेका छन् ।

मुक्त कम्लहरी कृष्णी कुमारी चौधरी भन्छिन् " आमाले म ५ वर्षकी हुँदा काम गर्न पठाइदिइन् । मालिकले पाले त्यही ठूलो भएपछि काम गर्न थाले । ८ वर्ष कम्लहरी बसरे छाडे, मलाई पढ्ने इच्छा जाग्यो । घरका मान्छेले भाइलाई पढाएका थिए तर मलाई छोरी अर्काको घरमा जाने जात भनेर पढाउन खोजेनन्, आफैले मजदुरी गरेर पैसा जम्मा गरे र स्कुल भर्ना हुन गए । स्कुलमा जाँदा सरहरुले त्यति वास्ता गरेनन्, धेरै कोशिस गरेपछि बल्ल मैले पढ्न पाए । अहिले १८ वर्ष भए ८ कक्षामा पढ्दै छु । स्कुलमा लाग्ने सम्पूर्ण खर्च म आफैले विदाको दिन मजदुरी गरेर जुटाउँछु" । विगत सम्झदै आफ्नो पिडा व्यक्त गरिन् ।

कम्लहरीबाट मुक्ति पाएपछि पढ्न आएकी निर्मला चौधरी भन्छिन्, " मैले कहिले पनि सोचेको थिएन......पढ्न पाउँछु, कसैसँग आँखा उठाएर कुरा गर्न सक्छु ......... । सधैं मालिकलाई साहेव, रानी भनेर बोलाउन पर्थ्यो । मुक्त भएपछि पढ्न पाए, कम्लहरीको विरुद्धमा आवाज उठाउन थाले, राष्ट्रपति, प्रधानमन्त्री सँग भेटेर कम्लहरीको वारेमा कुरा गरे" । त्यस्तै सञ्जु चौधरी भन्छिन् " १७ वर्षको उमेर सम्म कम्लहरी भए । शिक्षककै घरमा बसेको थिए तर अक्षर चिन्न पाइन । मुक्त भएपछि अनौपचारिक शिक्षा लिए र ४ कक्षामा भर्ना भए । अहिले ५ मा पढ्दै छु मुक्त भएपछि पढ्ने अवसर संस्थाको सहयोगले गर्दा जुट्यो" ।

मुक्त कम्लहरीहरु जसले कम्लहरी बनेको छोटो समयमै मुक्ती पाए उनीहरु र कम्लहरी रहँदा पनि पढ्न पाएकाहरु उमेरअनुसारको कक्षामा पढिरहेको पाइयो तर जो लामो समयसम्म कम्लहरी रहेर मुक्ती पाए वा कम्लहरी रहदा पढ्नै पाएनन् उनीहरु उमेर अनुसारको कक्षामा पढिरहेका छैनन् । उमेर ठूलो र कक्षा सानो भएको हुँदा पढाई छोड्न सक्ने सम्भावनाहरु धेरै

रहेको पाइन्छ । यहाँ उमेर ठूलो भएपछि पढ्न हुँदैन भन्न खोजिएको होइन तर यो प्रजनन्को उमेर भएकोले स्कुले शिक्षाले निरन्तरता नपाउने सम्भावना उत्तिकै प्रबल छ ।

दाङ्गमा विभिन्न संघ संस्थाको सहयोगमा ३८०० बालिका/किशोरीले कम्लहरीबाट मुक्ति पाएका छन् । यसरी मुक्ति पाएका मध्ये २८०० जना विभिन्न संघसंस्थाको सहयोगमा विद्यालय भर्ना भई अध्ययन गरिरहेका छन् भने अझै मुक्त हुन नसकेका १७० जना बालिका/किशोरीहरु कम्लहरी रहेका छन् । [ढ]कम्लहरीहरुको पढाइको स्तर मध्यम खालको छ । मुक्त कम्लहरीहरु विद्यालय जाने गरेपनि कक्षामा पछाडितिर बस्ने र छलफल र प्रश्नोत्तरमा भाग नलिएको उच्च माध्यमिक विद्यालय नारायणपुरका शिक्षकहरुले बताए । थारु बालिका/किशोरीहरु लजालु स्वभावको हुने भएकोले जाने नजानेको कुनै प्रतिक्रिया नदिने, प्रश्न नसोध्ने, शिक्षकहरुसँग कुराकानी नगर्ने र बोल्न पनि नचाहने हुँदा उनीहरुले हिनताबोध गरेको हो वा समस्या के हो बुझ्न नसकेको शिक्षकहरुले जानकारी दिए । २/४ जना कम्लहरीको पढाई राम्रो भएपनि अरु कमजोर छन् । ठूलो भएपछि पढ्न शुरु गरेको र एकै पटक ४/५ कक्षामा भर्ना भएको हुँदा यस्तो भएको हो की भन्ने शिक्षक हरुको अनुमान छ । कक्षामा हुने विषयगत छलफलमा निष्क्रिय हुने गरेपनि अन्य अतिरिक्त क्रियाकलापमा कम्लहरीहरु अगाडि रहको शिक्षक शोभाराम चौधरी बताउँछन् ।

शिक्षकहरुले यस्तो विचार व्यक्त गरेपनि यसो हुनुमा संस्थागत संरचना पनि उत्तिकै जिम्मेवार रहेको हुन्छ जस्तो लाग्छ । जस्तै स्कुलमा पढाइ हुने विषय वस्तु दैनिक जिवनमा उपयोग नहुने हुनाले रुचि नभएको हुन सक्ने, विद्यालय भर्ना हुनका लागि उमेर हदवन्दि र स्कुल संचालनको समय पनि उत्तिकै दोषि रहेको हुन सक्छ । कम्लहरी पढ्न आउन अगाडि धेरै काम गरेर थाकिएका, पेटभरि खान नपाएको शिक्षकले पढाउने शैली मन नपरेको वा पढाई हुने विषयवस्तु प्रति रुचि नभएको, भाषा नबुझेको वा पढाई बाध्यात्मक रहेकोले कक्षामा निष्कृय बसेको हुन सक्ने सभावनाहरु पनि छन् तर यसप्रति कसैको ध्यान पुगेको देखिदैन ।

अर्न्तवार्ता लिएका मुक्त कम्लहरीहरुको शिक्षा प्रतिको अभिरुचि धेरै रहेको पाइयो । कम्लहरी हुँदा पनि पढ्ने इच्छा र पढ्नु पर्छ भन्ने भावना भएपनि मालिकको घरको कामको चाप र मालिकको व्यवहारले पढ्न नपाएको गुनासो गरेका थिए । पढ्न थालेका केहि

[ढ] एफ.एन.सी.का मान बहादुर क्षेत्रीसँग गरिएको अर्न्तवार्तामा आधारित ।

संघसंस्थाको सहयोगमा पढाई सुचारु गरेका छन् । सोसाइटि वेलफेयर एक्शन नेपालले कम्लहरीका लागि खोलेको लावाजुनि छात्रावासमा बसेर पढीरहेका छन् । उक्त छात्रावासमा बसिरहेका कम्लहरीहरुको शिक्षामा सघाउ पुऱ्याउन शिक्षिकाको व्यवस्थाको साथै विषयगत टयुशनको व्यवस्था समेत गरेको पाइयो । जस्तोसुकै कारणबाट कम्लहरी हुन पुगेपनि अहिले पढ्न पाएकोमा उनीहरु खुसी छन् । मुक्त गरिएका कम्लहरी जो अभिभावक विहिन छन् वा जसको घर फर्कने अवस्था छैन । उनीहरुलाई छात्रावासको व्यवस्था गरिएको छ । त्यसका लागि स्वानले २०६४ सालमै दाङ्ग जिल्लाको सोनपुर गा.वि.स. नार्तिमा लावाजुनि (नयाँ जिवन) नामको छात्रावासको स्थापना गरेको थियो । उक्त छात्रावासमा अहिले ५० जना मुक्त कम्लहरी बालिका ∕किशोरी बसेर पढिरहेका छन् ।

स्कुलमा भर्ना हुनाका लागि उमेरको हदवन्दि र उमेर धेरै भएपछि शिक्षक वा विद्यार्थीले नै कस्तो व्यवहार गर्छन भन्ने चिन्ताले स्कुल जान मन नलागेको पनि केही कम्लहरीहरुले बताएका थिए । स्कुल महिला मैत्री नभएको र महिला शिक्षकको कमी भएकाले केटीहरुले यस्तो समस्या भोग्नु परेको हुनसक्छ । बालिका∕किशोरीले आफ्ना शैक्षिक एवम् प्राकृतिक समस्या महिला शिक्षकसँग व्यक्त गर्न सजिलो महशुस गर्ने तर स्कुलमा महिला शिक्षकहरुको अभाव पनि कम्लहरी शिक्षाबाट वञ्चित हुनुको कारण हुन सक्छ ।

" कम्लहरी मुक्त भएपछि स्कुल जान थाले, पढेको केही बुझिन, माथिको सहयोग लिनुपऱ्यो भनेर साथीसँग सिक्न खोजे तर उनले पढ्न जान्दैनौ भने किन स्कुल आको ? भनिन्, त्यसैले पढ्न छाडे" भन्छिन् सरीता चौधरी । कम्लहरी स्कुल नजानु वा उमेर धेरै भए महिला नपढ्नु स्कुलको वातावरण असहयोगी हुनुका साथै परिवार र समाजमा पितृसत्तात्मक सोच हावी भएर हो जस्तो लाग्छ । स्कुलको समय प्रायः दिउँसो हुन्छ जुन समय भनेको अधिकाशं गरिव परिवारको कमाउने समय हो । दिउँसो स्कुल गए बेलुका छाक टार्न समस्या पर्छ । त्यसकारण पनि स्कुल जान पाउँदैनन् ।

स्कुलमा शिक्षक र विद्यार्थीले कुनै समुदाय वा जनजातीलाई अन्य विद्यार्थीको दाँजोमा फरक व्यवहार अर्थात उचनिचको व्यवहार देखाउने हुँदा स्कुल छोड्ने वा स्कुल आउन नचाहने देखिएको छ । साथै उनीहरु स्कुल नजान, अभिभावकहरुले कामलाई बढी महत्व दिने र शिक्षालाई कम महत्व दिने भएकोले पनि होला किनभने कामबाट तुरुन्त मुल्य पाउने तर

शिक्षाबाट त्यो मुल्य पाउनका लागि लामो समय कुर्नुपर्ने हुन्छ (नेसाक सन् १९९८) जसले गर्दा पढाई कम महत्वको हुन जान्छ । परिवारले तथा स्कुलमा शिक्षकले गर्ने लैङ्गिक विभेदले पनि छात्राहरु स्कुल नजान स्कुल छोड्न बाध्य हुन्छन् । छात्राहरुलाई छात्रहरुसँग तुलना गरेर उनीहरुलाई अल्छि, असक्षम, कम तीक्ष्ण र मिहिनति हुँदैनन् भनेर शिक्षकहरुले भन्ने गरेको पाइन्छ । जसले गर्दा छात्राहरु आफ्नो क्षमताप्रति विश्वस्त रहँदैनन् (माथेमा सन्२००७) ।

महिलाको शिक्षामा तीन वटा कारणले प्रभाव पारेका छन् जुन शिक्षाका प्रमुख बाधक हुन् । यी कुराहरु कम्लहरीको सन्दर्भमा पनि मिल्न जान्छ । ती हुन् विद्यालय वातावरण, संस्थागत संरचना र पारिवारिक वातावरण । विद्यालय वातावरण भित्र पर्ने कारणहरुमा किताव केन्द्रित पढाई जसले महिलालाई दैनिक क्रियाकलापमा कुनै सहयोग पुऱ्याउँदैन, विद्यालय भर्ना हुनका लागि उमेर हदवन्दि र स्कुल संचालनको समय आदि हुन् । स्कुलको समय प्रायः दिउसो हुन्छ र त्यो समय भनेको निम्न आर्थिक स्तरका परिवारको कमाउने समय हो । त्यसैगरी स्कुलमा पढाई हुने विषयवस्तु, शिक्षकको पढाउने शैली र शिक्षकको लगाव पनि उत्तिकै दोषी हुन्छन् । त्यसैगरी संस्थागत संरचना पनि दोषी हुन्छन् । उपयुक्त भौतिक पूर्वाधार नभएकाले पनि महिलाको शिक्षामा प्रत्यक्ष असर गरेको छ । स्कुल र घरको दुरी टाढा हुनु, स्कुल पुग्न धेरै समय लाग्नु वा खर्च लाग्नु, स्कुलमा शुल्क तिर्नुपर्ने, निशुल्क कापी कलमको व्यवस्था नहुनु, शौचालय वा खानेपानीको व्यवस्था नहुनु वा महिलाका लागि छुट्टै शौचालय नहुनुले गर्दा महिलाहरु स्कुल जाँदैनन् र गएपनि लामो समयसम्म टिक्दैनन् (कार्लोकर सन् २००० शिक्षा विभाग सन् २००८) । त्यस्तै पारिवारिक वातावरणमा परिवारमा पुरुषलाई बढी सुविधा दिने, महिलाको सामाजिकरण र अभिभावकको छोरीहरुबाट अपेक्षित भूमिका जस्तै घरको काम गर्ने, साना केटाकेटी हेर्ने, बुढाबुढीको स्याहार गर्ने, सानो उमेरमा विवाह गर्न राजी हुनुपर्ने, आदि कुराहरुले महिलाको शिक्षा ऐच्छिक हुन जान्छ जसबाट महिलाको शिक्षामा प्रत्यक्ष प्रभाव परेको छ (कार्लोकर सन् २०००) ।

मुक्त भएपछि जो कम्लहरीहरुले उचित संरक्षण र सहयोग पाए उनीहरु शिक्षा पाउन सफल भए तर जसले सहयोग र संरक्षण पाएनन् । उनीहरुको समस्या जस्ताको त्यस्तै रहेको छ । पश्चिम नेपालका बाँके, वर्दिया, दाङ्ग, कैलाली र कञ्चनपुरबाट मुक्त गराइएका कम्लहरीहरुले मुक्त भएको ६ महिनासम्म पनि विद्यालय जान नपाएपछि १२ सय मुक्त कम्लहरी

बालिकाहरु पुनः कम्लहरी बस्न बाध्य भएका छन् । एकातर्फ समयमा छात्रवृत्ति नपाएर १२ सय बढि मुक्त कम्लहरी विद्यालय जान नपाइ पुनः कम्लहरी बन्न बाध्य भएका छन् भने पाएकोले पनि छात्रवृत्तिको रकम निकै कम भएकोले पढाई विचमै छोड्नुपर्ने अवस्था आउने बताएका छन् (गोरखापत्र, २०६७) । कम्लहरीहरु मुक्त भएपनि जिविकोपार्जनको समस्याले गर्दा पुनः कम्लहरी बस्नुपर्ने अवस्था रहेको छ । स्कुल जाने उमेरकालाई मुक्त गरेर स्कुल पढाउने कार्य र नजानेकालाई सीपमूलक तालिमको व्यवस्था विभिन्न संघ संस्थाले गरेपनि त्यो यथेष्ट छैन । सीममूलक तालिम पाएका मुक्त कम्लहरीहरु मध्ये मञ्जु भन्छिन् "तालिम त लिएको तर त्यो काम गरेर खान पुग्दैन" । यो कुरालाई हेर्ने हो भने कम्लहरीलाई मुक्त गर्दैमा कम्लहरी प्रथा उन्मूलन हुने देखिदैन । कम्लहरी प्रथालाई उन्मूलन गर्न कम्लहरीको पुनस्थापना र शिक्षाको जिम्मेवारी सरकारले लिनुपर्छ । साथै थारुहरु स्वयम्मा पनि कम्लहरी प्रथा विरुद्ध चेतना जाग्न जरुरी हुन्छ ।

# अध्याय छ

## सारांश र निष्कर्ष

### ६.१ सारांश

निश्चित शर्त वा वन्देजमा कुनै मालिक वा मध्यस्तकर्ता र अभिभावक वा स्वयम् कम्लहरी बीच लिखित वा मौखिक सम्झौता भई निश्चित समयावधिका लागि (प्रायः माघको पहिलो साताबाट पुषको अन्तिम सम्म) निश्चित ज्याला, अन्न वा अन्य सुविधा पाउने शर्तमा घर बाहिर काम गर्न गएका/पठाइएका वा काममा लगाइएका थारु बालिका/किशोरी वा महिलालाई कम्लहरी भनिन्छ । कमैया भन्नाले मेहनती थारु पुरुष जो सम्पूर्ण परिवार सहित जमिनदारको लागि काम गर्थ्यो र त्यस वापत उत्पादनको केहि हिस्सा र रकम प्राप्त गर्थ्यो तराइका विभिन्न जिल्लामा थारुहरु भएपनि कमैया प्रथा भने तराइका पाँच जिल्ला दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थियो । त्यसैगरी कम्लहरी प्रथा पनि यिनै ५ जिल्लामा बढी पाइन्छ । ९०% कम्लहरीहरु कमैया परिवारबाट जाने एफ एन सी को अनुभव रहेको छ ।

पश्चिम नेपालमा रहेको कमैया प्रथाको बारेमा अध्ययन अनुसन्धान प्रशस्तै भएका छन् । तर कम्लहरी प्रथा र त्यसले शिक्षामा पारको असरमा केन्द्रित भएका अध्ययनहरु कम छन् । नेपाल लगायत अन्य देशहरुमा महिलाको शिक्षामा समान पहुँच नहुनुका कारणवारे धेरै अध्ययन अनुसन्धान भएका छन् । यी अध्ययन अनुसन्धानले महिलाको शिक्षामा कम पहुँचको स्थिति र यसो हुनुका विभिन्न कारणहरु देखाएका छन् । तर ती अध्ययन अनुसन्धानले थारु महिलाको शैक्षिक स्थितिलाई समेट्न सकेको छैन किनभने थारु महिला कम्लहरी प्रथामा बाँधिएका छन् । यो प्रथा अन्य जातिका महिलामा नपाइने हुँदा यो अन्य भन्दा फरक र पृथक अनुभव हो । जसवारे कम चर्चा भएको छ । त्यसैले थारु कम्लहरीहरुको शैक्षिक स्थितिबारे अध्ययन

आवश्यक भएको हो । कमैया प्रथा सँगै जोडिएको यस प्रथाले कमैया प्रथाको उन्मूलन भएको दशक वित्दा समेत निरन्तरता पाइरहनु पछाडिको मुख्य कारण महिलाका समस्यालाई समस्या नठान्नु र महिलाका आवाज बाहिर आउन नसक्नु दुवै उत्तिकै जिम्मेवार रहेका छन् ।

दाङ्गमा गरिएको यो अध्ययन थारु महिलाको शैक्षिक स्थितिमा केन्द्रित रहेको छ । यसको मुख्य उद्देश्य थारु महिला कम्लहरी हुनाको कारण पत्ता लगाउने, कम्लहरी प्रथाले थारु महिलाको शिक्षामा पारेको प्रभावको विश्लेषण गर्ने हो । कम्लहरी प्रथामा कम्लहरीको रोजगारीका साथै उसको परिवारको रोजीरोटी पनि जोडिएको र निश्चित शर्तका आधारमा काम गर्ने हुँदा उनीहरु बधुवा हुन्छन् तर बाल श्रमिक व्यक्तिको रोजगारीमा सिमित रहेको हुँदा उनीहरु कम्लहरी जस्तो बाध्यात्मक परिस्थितिमा रहेका हुँदैनन् । त्यसैले बाल श्रम र कम्लहरीमा केही फरक रहेको छ ।

कमैया र कम्लहरी प्रथाका बारेमा विभिन्न विद्वान्हरुले विभिन्न प्रकारका मत प्रकट गरेका छन् । इन्सेक (२०४९) ले कमैयालाई "साह्रै जोतिन सक्ने, कमाइवाल, आर्जनी, पौरखी वा हिकमति, जग्गा धनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका किसान" भनि कमैयालाई परिभाषित गरेको छ । कमैया प्रथा सम्भवतः नयाँ मुलुक भनेर चिनिने बाँके, वर्दिया, कैलाली, कञ्चनपुरमा विर्ताका रुपमा हजारौ विघा जमिन बाँड्न थाले पछि शुरु भएको तर्क गरिएको छ । थारुहरुले नयाँ मुलुकलाई आफ्नो श्रमले खेतीयोग्य जमिनमा परिवर्तन गरे । उनीहरु विभिन्न आश्वासनमा काम गर्न त्यहाँ पुऱ्याइए तर उनीहरु र उनीहरुका सन्तानहरुले केही पाएनन् । बरु उनीहरु र उनीहरुका सन्तान बाँधा बस्न बाध्य बनाइए (सुवेदी २०५७) । थारुहरु कमैया हुनुको दुई कारण छन् । पहिलो कारण थारुहरु जग्गा विहिन भएको हुनाले उत्पादनको लागि अरुको आश्रय लिनुपऱ्यो र दोस्रो आफ्नो खर्चका लागि ऋण लिनुपर्ने भएकाले कमैया हुनुपर्ने बाध्यता रहऱ्यो । कमैया हुनेहरुमा थारु जातिका थिए र उनीहरु तराईका रैथाने थिए । कमैया बस्ने र छोड्ने सम्झौता माघि पर्व पछि शुरु हुन्थ्यो । कमैयाले लिएको ऋण चुक्ता गरेपछि मात्र कमैयाबाट मुक्ति पाउथ्यो । यदि कुनै थारुले काम गरिरहेको जमीनदारलाई छोड्नु परेमा सम्पूर्ण ऋण तिर्नु पर्दथ्यो वा नयाँ जमीनदारबाट सापट लिएर बुझाउनु पर्दथ्यो । कमैया आन्दोलन २०५७ वैशाख १९ गते कैलालीका शिवराज पन्तको अधीनमा रहेका १९ जना कमैयाले आफ्नो स्वतन्त्रता र ऋण रद्द गराउन सरकारी निकायमा

दायर गरेको मुद्दाबाट शुरु भएको थियो । आन्दोलन अघि बढ्दै जाँदा हजारौं त्यस्ता मुद्दाहरु जिल्ला प्रशासनमा पर्न थाले । अन्तमा २०५७ साउन २ गते नेपालका सवै किसिमका बधुवा कृषि मजदुर 'मुक्त' भएको घोषणा भयो । मुक्तिको घोषणा भएपनि उनीहरुसँग लामो समयसम्म अन्तर सम्वन्धित जग्गा र जिविकोपार्जनसँग जोडिएको जमिनमा उनीहरुको केही हक नलाग्ने गरी जमिन सँगको सम्बन्ध छुटाउदा वास्तवमा जमिनदारले मुक्ति पाए तर कमैयाले पाएनन् ।

पश्चिम नेपालमा थारुहरु कमैया र कम्लहरी जस्तो बधुवा प्रथामा बाँधिन पुग्नुको एउटा प्रमुख/आधारभुत कारण जग्गा विहिनता र गरिवी हो । आफ्नो जग्गा जमिन नभए पनि कृषिमा नै निर्भर रहने हुँदा यिनीहरु जमिनदारबाट शोषित र पिडित रहे । कमैया प्रथाको उन्मूलन पछि यिनै कमैयाका किशोर अवस्थाका छोरीहरु घरायसी काममा लागि राखिदै आएका छन् । सामान्यतया ८-९ वर्ष देखि १८-२० वर्ष सम्मका किशोरीहरु खास गरी शहरी क्षेत्रमा हुने खानेका घरमा कम्लहरीको रुपमा रहदै आएका छन् । मालिकको घरमा कम्लहरीले पिडा र यातना पाए पनि कम्लहरी घर फर्कन पाउँदैनन्, किनभने लैजाने वखत एक वर्ष पुरा गर्ने बाँचा मालिकले कम्लहरीका अभिभावकलाई गराएका हुन्छन् । मालिकले कम्लहरीलाई जुनसुकै वेला निकाल्न सक्छ तर उसलाई बाँचा पुरा गर्न कसैले वाध्य पार्न सक्दैन ।

थारुहरु सरल, सोझा र इमान्दार भएको हुनाले उनीहरुलाई काममा लगाउन सजिलो हुने हुनाले थारु कम्लहरीको बढी माग हुने तर्क गरिन्छ । कम्लहरी प्रथा हट्न नसक्नुको पछाडि गरिवीको साथसाथै जातीयताको पनि उत्तिकै ठूलो भूमिका छ । थारुमहिलाको जनशक्ति घरको काममा बढि चाहिने र महिला शिक्षालाई आरामदायीको रुपमा हेरिने हुँदा महिलाको शिक्षामा न्यून उपस्थिति छ । साथै परिवारको कमजोर आर्थिक स्थितिका कारण साँझ विहानको छाक टार्न मुश्किल पर्ने ती परिवारलाई स्कुलको खर्च व्यहोर्न गाऱ्हो पऱ्यो फलतः ती परिवारका केटाकेटी शिक्षाबाट बञ्चित हुन पुगे । पढ्ने उमेरका थारु महिला कम्लहरीको रुपमा काम गर्न जान्छन् र अधिकांश कम्लहरी बालिका घरेलु कामदारको रुपमा मात्र सिमित छन् । स्कुल जाने उमेरका थारु बालिकाहरुको जनशक्ति परिवार पाल्नमा खर्चिएको हुँदा उनीहरुको शिक्षामा उपस्थिति निकै कम छ ।

दाङ्ग जिल्लामा केन्द्रित यस अनुसन्धानको ढाँचा स्थलगत अध्ययनमा आधारित खोजमूलक एवम् वर्णनात्मक रहको छ । यसमा थारु कम्लहरीहरुको शैक्षिक अवस्थाको वारेमा

तथ्यहरु संकलन गरी त्यस वारेमा वर्णनात्मक रुपमा व्याख्या गरिएको छ । दाङ्गमा ४६ जना मुक्त कम्लहरीहरुलाई उद्देश्यपूर्ण नमूना छनौट विधिबाट उनीहरुसँग अर्न्तवार्ता गरिएको हो । त्यसैगरी दाङ्गमा कम्लहरी बसीरहेका थारु बालिका/किशोरीहरु मध्ये ४ जनासँग कुरा गरियो । त्यसैगरी मुक्त कम्लहरी, वसिरहेका कम्लहरीहरु र थारुहरुको बारेमा अध्ययन अनुसन्धान गरेका व्यक्ति, थारु र कम्लहरीले पढ्ने स्कुलका शिक्षक, शिक्षिका यस क्षेत्रमा लामो समयसम्म काम गरेका व्यक्ति, कम्लहरी र मुक्त कम्लहरीले पढ्ने स्कुलका शिक्षक, शिक्षिका, यस क्षेत्रमा लामो समयसम्म निरन्तर कलम चलाईरहेका विभिन्न व्यक्तित्वहरु गरी ९ जनासँग अर्न्तवार्ता गरियो । गुणात्मक अध्ययन भएको हुनाले प्राप्त तथ्याङ्कलाई व्याख्या र वर्णन गरी विश्लेषण गरिएको छ भने प्राप्त केही संख्यात्मक तथ्याङ्कलाई तालिका र चित्रमा प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा अवलोकन, अर्न्तवार्ताका आधारमा तथ्याङ्क संकलन गरिएको छ । खासगरी गुणात्मक प्रकृतिका तथ्याङ्कहरुमा जोड दिइएको छ । अर्न्तवार्ता र अवलोकन गरिएका कम्लहरी र मुक्त कम्लहरीहरु मध्ये ५ जनाको वैयक्तिक अध्ययन तयार गरिएको छ । विभिन्न विधि तथा तरीकाबाट प्राप्त तथ्याङ्कलाई वर्गीकरण गरी एक अर्कासँग दाँजेर व्याख्या वर्णन र विवेचना गरी विश्लेषण गरिएको छ ।

यो अनुसन्धान दाङ्गको केहि गाउँहरुमा मात्र गरिएको यो अध्ययनले यस्तै प्रकृतिका समस्या अन्यत्र भएको भए त्यहाँको अवस्थाको प्रतिनिधित्व नगर्न पनि सक्छ । तर सिमान्तकृत समूहका महिला कसरी शिक्षाबाट वञ्चित भएका छन् भन्ने एउटा मिहिन विश्लेषण भने गर्न सक्छ ।

दाङ्गमा विभिन्न खालका कम्लहरीहरु रहेका छन् । यी विभिन्न प्रकारका कम्लहरीहरुलाई ४ प्रकारमा विभाजन गर्न सकिन्छ । एक अभिभावक विहिन कम्लहरीहरु, दोस्रो ऋण तिर्नका लागि बनेका कम्लहरीहरु, तेस्रो अधियाँ जग्गा कमाउनका लागि बनेका कम्लहरीहरु र चौथो अतिरिक्त आम्दानीका लागि बनेका कम्लहरीहरु । थारु समाजमा कम्लहरी प्रथालाई सहजरुपमा लिइन्छ । अभावग्रस्त आर्थिक स्थिति भएकोले एक वर्ष अर्काको घरमा काम गर्न जानुपर्छ भन्ने मान्यतालाई स्वाभाविक रुपमा लिएको पाइन्छ । पहिले कम्लहरी पठाउनु बाध्यताबाट विकसित भयो र पछि यो संस्कारको रुपमा स्थापित भएको छ । कम्लहरी प्रथा संस्कार र मानसिकताको रुपमा र थारुहरुको सामाजिकीकरणको अभिन्न अंग बनिरहेको छ । अधिकाशं कम्लहरी परिवार

सँग जमिन छैन । जिविकोपार्जनका निम्ति थारुहरु प्रायः कृषिमै निर्भर रहन्छन् । कृषिमा निर्भर रहने र आफ्नो जग्गा जमिन पनि नभएका कारण थारु जातिमा अधिया कमाउनका लागि छोरीलाई कम्लहरी पठाउनु पर्ने बाध्यता छ ।

समाजको बनोट, वर्गीय असमानता जस्तो सानो ठूलो, धनी गरिव, गरीखाने र दलायर खाने जस्ता सामन्ती संस्कार, अरुको श्रममा मस्ती गर्ने श्रम शोषक समाज आदि समाजमा विद्यमान रहेकाले कम्लहरी प्रथालाई सहज रुपमा लिएको पाइन्छ । जसले गर्दा यो परम्परा कायम रहन र फस्टाउने अवसर पाएको हो । राजनीतिक नेतृत्वको अदुरदर्शिताको कारणले राजनीतिक रुपमा यस्ता परम्परालाई समस्याको रुपमा लिएको पाइँदैन ।

सवै खाले कम्लहरी चाहे त्यो गाउँमा बसेको होस् वा शहरमा उनीहरु दैनिक १५ घण्टा काम गर्छन । गाउँमा बस्नेहरुले भाँडा माझ्ने, घर बराल्ने, दैनिक दुई पटक घाँस काट्ने, लुगा धुने, भकारो सोर्ने, ग्वाला जाने, वेला वखत वनमा पात टिप्न र दाउरा लिन जाने, वारीमा काम गर्ने (खन्ने, तरकारी रोप्ने, पानी चार्ने) र कहिले काँहि कुटन पिसनको लागि मिलमा जाने गर्दछन् । त्यस्तै शहरतिर वस्नेले भाँडा माझ्ने, कोठा सफा गर्ने, खाना बनाउने, लुगा धुने, पानी भर्ने, सामान किन्ने, साना बच्चा भएमा तिनको धाइ आमाको काम पनि गर्छन् । हाड घोटेर काम गरेपनि उक्त कार्यको सम्मान र इज्जत भने छैन । यति काम गरेवाफत उनीहरुले पाउने पारिश्रमिक भनेको वर्षको एक जोर कपडा, दुई जोर चप्पल र उमेर अनुसार वर्षको ५००० देखि १२००० रुपैया सम्म हुन्छ । उक्त परिश्रमिकलाई दैनिक रुपमा हिसाव गर्दा उनीहरुले १३ रुपैया ६९ पैसा देखि ३२ रुपैया ८७ पैसा सम्म मात्र प्राप्त गर्दछन् ।

विभिन्न प्रकारका कम्लहरी भए पनि कम्लहरी हुनुको मुख्य कारण भूमिहिनता र निम्न आर्थिक अवस्थासँग जोडिएर आएको पाइन्छ । कम्लहरी बसेका सवै जसोका आफ्नो परिवारको जग्गा जमिन छैन जसको छ उनीहरुको २ देखि ५ कट्ठा मात्र छ जुन एक परिवारका लागि अप्रयाप्त छ । कमजोर आर्थिक अवस्था, निरक्षर अभिभावक कृषि वा दैनिक ज्यालामजदुरी पेशामा संलग्न परिवार र परिवार संख्या धेरै भएका परिवारका बालिका/किशोरी प्रायः कम्लहरी रहेको पाइन्छ । अधिकाशं कम्लहरीहरु विद्यालय जान पाएका छैनन् । अधिकाशं कम्लहरीका अभिभावक निरक्षर रहेका छन् जसले गर्दा अभिभावकको प्रेरणा र सक्रियतामा कम्लहरीले शिक्षा पाउने सम्भावना अत्यन्तै न्यून छ । अभिभावक निरक्षर र आफ्ना नजिकका नातेदार पनि

निरक्षर भएको र उनीहरुले पनि आफ्ना छोरीहरुलाई नपढाएको कारण कम्लहरी पनि निरक्षर रहनुपर्ने बाध्यता रहयो ।

थारुहरु नाइ नास्ती गर्न नसक्ने सोझो र इमान्दार जात भएकोले अरुले सजिलै दवाउन सक्ने भएकोले पढ्न नपाएको र नसकेको विचार कम्लहरीहरुको रहेको छ । सानो रकमको बाबजुद धेरै काम गर्नुपर्ने साथै आफ्नो आमाबाबु बाट टाढिनु पर्ने अवस्था कम्लहरीहरुको बाध्यता छ । पढाउने शर्तमा कम्लहरीहरु विभिन्न जिल्लामा पुऱ्याइन्छन् तर उनीहरुले शिक्षा पाएका हुँदैनन् । यसरी थारुहरुमा रहेको अन्धविश्वास, अभिभावकको निरक्षरता र शिक्षामा लगानी गर्न नचाहने प्रवृत्तिले गर्दा कम्लहरीहरु शिक्षाको पहुँच भन्दा टाढा रहेका छन् । आर्थिक स्थिति कमजोर रहेको र काम गर्न पठाएमा केही आम्दानी हुन्छ भन्ने मनसायले कम्लहरी पठाउने गर्छन् । कम्लहरी गइसकेपछि कम्लहरी हुँदाको शर्तले उनीहरुको जीवन अझ कष्टकर हुन जान्छ । जसले गर्दा काम बढि महत्वपूर्ण र पढाई ऐच्छिक हुनजान्छ । कम्लहरी भएर पढ्न पाएका तर नियमित स्कुल जान नपाउने कम्लहरी भन्दा नियमित स्कुल जान पाउने कम्लहरीहरुको शिक्षाको स्थिति राम्रो रहेको छ । स्कुलमा कम्लहरीहरुको पहुँच नपुग्ने र त्यहाँसम्म पुगेर बुझ्ने सामर्थ्य नभएकाले मालिकले विभिन्न बहाना बनाएर स्कुल नपढाउने गरेको पाइयो ।

मुक्त कम्लहरीहरु जसले कम्लहरी बनेको छोटो समयमै मुक्ति पाए उनीहरु र कम्लहरी रहँदा पनि पढ्न पाएकाहरु उमेर अनुसारको कक्षामा पढिरहेको पाइयो तर जो लामो समयसम्म कम्लहरी रहेर मुक्ति पाए वा कम्लहरी रहँदा पढ्न नै पाएनन् उनीहरु उमेर अनुसारको कक्षामा पढिरहेका छैनन् । उमेर ठूलो र कक्षा सानो भएको हुँदा पढाई छोड्न सक्ने सम्भावनाहरु धेरै रहेको छ । २/४ जना कम्लहरीहरुको पढाई राम्रो भएपनि अरु कमजोर छन् । ठूलो भएपछि पढ्न शुरु गरेको र एकै पटक ४/५ कक्षामा भर्ना भएको हुँदा यति धेरै जनाको पढाई कमजोर भएको हुन सक्छ ।

## ६.२ निष्कर्ष

जग्गा विहिन भएका कारणले गर्दा थारुहरु कमैया कम्लहरीजस्तो बाध्यात्मक प्रथामा बाँधिन पुगे । अधिकांश थारुहरु गरिव भएका कारण उनीहरुले उक्त प्रथाबाट मुक्ति पाउन सकेनन् । कमैया प्रथाबाट मुक्ति पाए पनि आधारभूत आवश्यकता पुर्ति गर्नका लागि उनीहरुले आफ्नी छोरी/बुहारीलाई कम्लहरीको रुपमा पठाउन बाध्य भए । कम्लहरीले गर्नुपर्ने काम धेरै भएकोले उनीहरु चेतनाबाट विमुख भए जसको परिणाम स्वरुप उनीहरु शिक्षाबाट वञ्चित भए । यसरी थारु महिलाहरु निरक्षर हुनु कम्लहरी प्रथा एउटा कारण बनेको छ । कम्लहरी प्रथा यथावत रहनु गरिवी प्रमुख कारणको रुपमा देखा परेको छ । कमैया प्रथाबाट २०५७ साल साउन २ गते मुक्ति पाएपनि आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा कुनै सुधार नआएकोले उनीहरुले आफ्नी छोरी/बुहारीलाई कम्लहरीको काममा लगाउन अझैं बाध्य छन् । जसको परिणाम स्वरुप उनीहरु शिक्षाबाट वञ्चित भएको अवस्था अझै यथावत छ । यसले कम्लहरी बन्नुपर्ने र निरक्षर रहनुपर्ने दुश्चक्रलाई जारी राखेको छ । यद्यपि अन्य समुदायका महिलाहरु पनि शिक्षाबाट बञ्चित भएका छन् र त्यसका विभिन्न कारणहरु रहेका छन् । ति धेरै कारणहरु मध्ये एउटा गरिवी र अर्को लैङ्गिक विभेद रहेको छ । तर थारु महिला शिक्षामा नआउनु कम्लहरीको रुपमा प्रस्फुटन भएको गरिवी हो, जुन अन्य समुदायमा पाइदैन ।

थारुहरु परम्परादेखि नै कृषि कार्यमा संलग्न भएको हुँदा उनीहरुको पहिले देखिनै शिक्षामा कम सहभागिता रहेको छ । शिक्षा प्रतिको कम आकर्षण र पढ्न हुन्न भन्ने धार्मिक अन्धविश्वासका कारण थारुहरु निरक्षर छन् । बाबु आमा र नजिकका नातेदार निरक्षर भएका कारण थारु पुरुषहरुले पढ्न पाए पनि थारु महिलाहरु अझैं निरक्षर हुनु परिरहेको अवस्था छ । परिवारको कमजोर आर्थिक स्थिति, परिवारमा हुने लैङ्गिक विभेद, अशिक्षा, सोझो र इमान्दार जात भएको कारण थारु बालिका कम्लहरी हुन पुग्छन् । यस बाहेक कम्लहरी गएपछि पढ्न

पाउने आश्वासन, जागिर दिने आश्वासन, जग्गा कमाउन पाइने आशा र केहि पैसा पाउने आशामा कम्लहरी बन्न पुग्छन् । कम्लहरी बनेका यी बालिका केहिले पढ्न पाए पनि अधिकांशले पढ्न पाएका छैनन् ।

थारुहरु अरुबाट शोषित र पिडित भएकोले निरक्षर, गरिव छन् । थारु परिवारले खाने र लाउने समस्या देखाउँदै कम्लहरी पठाउने गरेका छन् तर कमजोर आर्थिक अवस्थाको कारण देखाए पनि छोरालाई भने स्कुल पठाउने गरेका छन् । यसबाट कम्लहरी पठाउनु गरिवी भन्दा पनि सामाजिक र लैङ्गिक भेदभावको उपज हो भन्ने कुरा प्रस्ट हुन आउँछ । अझै पनि पश्चिम नेपालको पाँच जिल्लाका थारु बालिका/किशोरीहरु कम्लहरीको रुपमा नेपालको विभिन्न जिल्लामा पुऱ्याइएका छन् । कम्लहरी प्रथाका कारण धेरै जसो थारु बालिका शिक्षाबाट बञ्चित हुन पुगेका छन् । पढ्ने उमेर ७/८ वर्षको उमेर देखि १८/२० वर्षको हुँदासम्म कम्लहरी हुने हुँदा उनीहरु पढ्न पाउँदैनन् । साथै कम्लहरी पठाउने वेलामा नै कम्लहरीका अभिभावकले पढाउने भन्दा ज्याला लिने शर्त र पहिले नै आधा ज्याला लिने हुँदा कम्लहरीले पढ्न पाउँदैनन् । केही कम्लहरीले पढ्न पाए पनि दैनिक १५/१६ घण्टा काम गर्नुपर्ने उनीहरुको अर्को बाध्यता हो, कामको चापका कारण पढ्ने अवसर पाइहाले पनि इच्छा लाग्दा पढ्न पाउँदैनन् । सामाजिक कुसंस्कार र समाजमा धनी, गरिव, तल्लो, उपल्लो भन्ने मान्यता हावी रहेको र राजनीतिक रुपमा यी कुराहरुले संरक्षण पाइरहेको हुँदा यस प्रथाले प्रशय पाएको हो ।

नजिक स्कुल भएपनि मालिकको घरको कामको चाप, मालिकको खराव व्यवहारका कारण पढ्न पाउँदैनन् । आजको प्रतिस्प्रर्धात्मक समाजमा बाँच्नका लागि शिक्षा अनिवार्य बनेको छ । तर थारु बालिका आर्थिक असक्षमता र सामाजिक कुसंस्कार र लैङ्गिक विभेदका कारण दक्ष नागरिक बन्नबाट बञ्चित पारिएका छन् । थारु बालिकाहरुलाई कम्लहरीबाट मुक्त गरी कम्लहरी प्रथालाई सदाका लागि अन्त्य गर्न थारु बालिकाहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनु पर्ने देखिन आएको छ ।

## सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद । २०६७ । शिक्षा सेवा प्राविधिक सहायक । आशिष पुस्तक भण्डार । काठमाडौं : पृ. ३०७ ।

इन्सेक, सन् २००४ । आदिवासी जनजाति र मानवअधिकार । मानव अधिकार वर्ष किताव । काठमाडौं : इन्सेक ।

इन्सेक । २०४९ । नेपालमा कमैया प्रथा भित्र बाँधा मजदुर  पृ. ३७-४५ । काठमाडौं : इन्सेक ।

कुवँर, लोग्शरी । २०६६ । किन हुन सकेन कम्लहरी प्रथाको अन्त्य ? मर्निङ् बेल दैनिक , २ असोज, पृ. ३ ।

के.सी., दुर्गालाल । २०६३ । सिर्जनशील यात्रामा कम्लहरी नानीहरु, पृ. ८० । दङ्गीशरण थारु राजा सुकौरा महोत्सव, स्मारीका । दाङ्ग थारु बुद्धिजीवी परिषद ।

के.सी., दुर्गालाल । २०६५ । किशोरी हराउँछन्, उजुरी पर्दैनन् । कान्तिपुर, १२ कार्तिक, पृ ९ ।

गोरखापत्र, २०६७ । छात्रवृत्ति नपाएपछि फेरि कम्लहरी बस्न बाध्य । ११ असोज, पृष्ठ १० ।

गौतम, टेक नाथ । २०४४ । थारु जातिको इतिहास तथा संस्कृति या (थारु पुराण) । दाङ्ग श्री आम्बिका ट्रेडर्स ।

घिमिरे, के.पी. । २०५५ । जहाँ हरेक माघिमा युवतीहरु विक्रि गरिन्छन् । कान्तिपुर, ३० पुस, पृ. १ ।

चौधरी, कृष्ण कुमार । २०६६ । दाङ्ग जिल्लामा कम्लहरी प्रथाको अन्त्यका दिगो उपायहरु ।

प्रसाद , मोहनलाल । २०३४ । थारु जाति र शिक्षा । काठमाडौँ : साझा प्रकाशन ।

फुजिकुरा, तात्सुरो । सन् २००४ । कमैया आन्दोलन र धैर्यताको राजनीति । नेपालमा गरिवीको बहस । भास्कर गौतम, जगन्नाथ अधिकारी र पूर्ण बस्नेत, पृ. १८४-१९६ । काठमाडौं : मार्टिन चौतारी ।

बाँस्कोटा, प्रतिभा । २०६५ । सबैलाई रुवाइन कम्लरीले । कान्तिपुर , २७ पुस पृ. ३ ।

मुक्तपाइला, वर्ष ५, अंक २, सन् २००८, एक्सन एड ।

लामिछाने, रघुनाथ । २०६० । के हो कमैया प्रथा । मुक्त कमैया, पृ. ९ । दाङ्ग व्याक वार्ड सोसाइटि यजुकेशन ।

लामिछाने, रघुनाथ । २०६६ । कम्लहरी, पृ १६-२३ । असहाय नानीहरुको साथी (एफ एन सी) ।

शर्मा चिरञ्जीवी, शर्मा निर्मला । २०६५ । शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार । पृ. २११-२२२ ।

श्रेष्ठ रोशनः २०५७ । मुक्ति त पाइयो तर कहाँ जाने ? हिमाल खबर पत्रिका । १३ साउन पृ. १८-२१ ।

सुवेदी, अनुप । २०५७ । कमैयाः बन्धन टुट्यो तर नयाँ संसार मिलेन । काठमाडौँ ।

Bhatta, Pramod. Lila Adhikari, Manu Thapa and Ramesh Rai. 2008 A.D. Structures of Denail: Social Exclusion in Nepal's Higher Educaton. In Studies in Nepali History and Society.

Bista, Dor Bahadur, 2004 A.D. Tharu. In Peoples of Nepal Pg. 141-150. Kathmandu: Nepal.

Burghart, Richard. 1984 AD. The formation of the concept of nation state in Nepal. The journal of Asian studies: 44 : 101-105

CBS, (2062 B.S.) Life Expectancy survey 2060-61, Nepal Planning commission.

Dhakal, Suresh, Janak Rai, Dambar Chemchong, Dhruba Maharjan, Pranita Pradhan, Jagat Maharjan and Shreeman Chaudhary, 2002 A.D. Issues and Experiences: Kamaiya System, Kanara Andolan and Tharu in Bardiya, Kathmandu: Society for Participatory Cultural Education (SPACE).

Kahanal, Bal Krishna. 1999 A.D. Educational Condition of Tharus in Nepal. A Sociological Study of the tharus of Narayanpur VDC Dang. T.U. Kathmandu.

Karlekar. Malarika 2000 A.D. Girl's Access to schooling An assessment. In the gender gap in Basic Education NGOs and Change Agents. Rekha Wazir Education. New Delhi: Sage publication World Bank 2006 A.D. unequal citizens. Gender, Caste and Ethnic Exclusion in Nepal, Kathmandu.

Lamichhane, Padma Raj. 2005 A.D. Bonded labour (Kamaiya) in Nepal. Kathmandu.

Mathema, Kedar Bhakta. 2007 A.D. Crisis in Education and future Challenges for Nepal. European Bulletin of Himalayan Research

Rajaure, Dorne Prasad. 1977 A.D. Anthropologic study the Tharu of Dang Deukhuri. Kathmandu.

Rajaure, Dorne Prasad. 1981 A.D. The Status of women in Nepal. The Tharu women of Sukhrwar

Sharma, Siva, 1999 A.D. Kamaya System in Nepal. International Labour Organizational South Asia Multidicipilnary Advisary Team (SAT). New Delhi.

Sinha, Shantha. 2000 A.D. Child labour and Education. In Gender Gap in Basic Education.

# अनुसूची १

## जानकार व्यक्तिहरुका लागि प्रश्नावली

१) दाङ्ग जिल्लामा शुरुमा विद्यालय कहाँ कहाँ खुलेका थिए ?

२) शूरुमा ति विद्यालयमा पढ्न जाने विद्यार्थी कुन-कुन जातका हुन्थे ?

३) थारुहरुको उपस्थिति कस्तो थियो ?

४) थारु महिलाको उपस्थिति कस्तो थियो ?

५) थारुहरुको यस्तो उपस्थितिका कारणहरु के-के होलान ?

६) थारु महिलाको शिक्षामा कम सहभागिता हुनुका कारणहरु के- के होलान ?

७) कम्लहरी प्रथा कहिले देखि शुरु भएको हो ?

८) थारु संस्कृतिमा कम्लहरी प्रथालाई कसरी लिइन्छ ?

९) अधिया प्रथा र कम्लहरीको कुनै सम्बन्ध छ कि छैन ? छ भने कस्तो सम्बन्ध छ ?

१०) कम्लहरी प्रथालाई तपाई कसरी लिनुहुन्छ ?

११) थारु महिलाहरु किन कम्लहरी भएका होलान ?

१२) दाङ्गका थारु महिलाहरु नै कम्लहरी हुनाको कारणहरु के-के होलान ?

१३) थारु महिलालाई स्कुल नपठाएर कम्लहरी किन पठाएका होलान ?

१४) थारु लोक संस्कृति र शिक्षाको कुनै सम्बन्ध छ कि छैन ? छ भने कस्तो सम्बन्ध छ ?

१५) थारुहरुले शिक्षालाई कसरी बुझेका छन् ?

१६) थारु बस्ती नजिक स्कुल छ कि छैन ?

१७) यदि छैन भने नहुनुका कारणहरु के-के हुन ?

१८) छन् भने कति छन् र कहिले स्थापना भएको ?

१९) उक्त स्कुल समुदायको पहलमा स्थापना भएको हो कि कुनै व्यक्तिले स्थापना गर्नमा पहल गरेका थिए ?

२०) उक्त स्कुलमा कति कक्षा सम्म पढाई हुन्छ ?

२१) तपाईको विचारमा थारु महिलाको शिक्षामा पहुँच पुग्नमा मुख्य समस्या के-के छन् ?

२२) थारु महिलाको शिक्षामा पहुँच नपुग्नुमा मुख्य कसको कमजोरी मान्नुहुन्छ ? र किन ?

२३) थारु महिलाको शिक्षामा पहुँच बढाउन के गर्नु पर्छ ?

# अनुसूची २

## थारु कम्लहरीहरुको लागि तयार पारिएको प्रश्नावली

१. नाम.............................. उमेर............................

२. ठेगाना................. जिल्ला.................. गा.वि.स..................... वा.नं.............

३. परिवार संख्या..............छोरा............ छोरी..................

४. विवाहित....................... अविवाहित............................

५. बाबुको शिक्षा ?

(क) निरक्षर (ख) अनौपचारिक शिक्षा (ग) प्राथमिक शिक्षा (५सम्म) (घ) नि.मा.वि. शिक्षा (८सम्म) (ङ) मा.वि. शिक्षा (१०सम्म) (च) एस.एल.सी. (छ) प्रवीणता प्रमाणपत्रतह

६. आमाको शिक्षा ?

(क) निरक्षर (ख) अनौपचारिक शिक्षा (ग) प्राथमिक शिक्षा (५सम्म) (घ) नि.मा.वि. शिक्षा (८सम्म) (ङ) मा.वि. शिक्षा (१०सम्म) (च) एस.एल.सी. (छ) प्रवीणता प्रमाणपत्रतह

७. बाबुको पेशा ?

(क) कृषि (ख) ज्यालामजदुरी (ग) जागिर (घ) अन्य (भए उल्लेख गर्ने)

८. आमाको पेशा ?

(क) कृषि (ख) ज्यालामजदुरी (ग) जागिर (घ) अन्य (भए उल्लेख गर्ने)

९. तपाई स्कुल जानुभयो ?

(क) गए (ख) गइन

१०. जानुभयो भने कुन स्कुलमा पढेको ? नाम के हो ?

(क) सरकारी (ख) नीजि

११. तपाइको दाजु/भाई स्कुल जानुभयो कि जानु भएन ?

(क) जानुभयो (ख) जानुभएन

१२. जानुभयो भने कति कक्षा सम्म पढ्नु भयो वा पढ्दै हुनुहुन्छ ?

(क) १ कक्षा (ख) २ कक्षा (ग) ३ कक्षा (घ) ४ कक्षा (ङ) ५ कक्षा (च) ६ कक्षा

(छ) ७ कक्षा (ज) ८ कक्षा (झ) ९ कक्षा (ञ) १० कक्षा

१३. तपाई कति उमेरको हुँदा स्कुल जानुभयो ?

(क) ५ वर्ष भन्दा कम (ख) छ वर्ष (ग) ७ वर्ष (घ) ८ वर्ष (ङ) ९ वर्ष

(च) १० वर्ष भन्दा माथि

१४. स्कुल जाँदै हुनुहुन्छ कि छाड्नु छाड्नुभयो ?

(क) जान्छु (ख) छाडे

१५. स्कुल जादै हुनुहुन्छ भने कति कक्षामा पढ्दै हुनुहुन्छ ?

(क) १ कक्षा (ख) २ कक्षा (ग) ३ कक्षा (घ) ४ कक्षा (ङ) ५ कक्षा (च) ६ कक्षा

(छ) ७ कक्षा (ज) ८ कक्षा (झ) ९ कक्षा (ञ) १० कक्षा

१६. छाड्नुभयो भने किन छाड्नुभयो ?

(क) स्कुलमा लाग्ने शुल्क तिर्न नसकेर (ख) कम्लहरी बसेको हुनाले (ग) फेल भएर

(घ) स्कुल टाढा भएर (ङ) पढ्न मन नलागेर (च) उमेर धेरै भएर (छ) अन्य (भए उल्लेख गर्ने)

१७. स्कुलमा कहिले फेल हुनुभयो कि भएन ?

(क) भए (ख) भइन

१८. कति पटक फेल हुनुभयो ?

(क) एक पटक (ख) दुइ पटक (ग) अन्य (भए उल्लेख गर्ने)

१९. कुन कुन विषयमा फेल हुनुभयो ?

(क) नेपाली (ख) अंग्रेजी (ग) गणित (घ) विज्ञान (ङ) अन्य (भए उल्लेख गर्ने)

२०. के कारणले फेल भएको होला ?

(क) सिकाउने मान्छेको कमी (ख) पढ्ने समय नभएर

(ग) पढ्न मन नलागेर (घ) अन्य (भए उल्लेख गर्ने)

२१. घरमा पढाइमा सहयोग गर्ने कोही छ कि छैन ? छ भने को छ ?

२२. अहिले तपाई के गर्दै हुनुहुन्छ ?

(क) पढ्दै र कम्लहरी बस्दै (ख) कम्लहरी बस्दै (ग) अन्य (भए उल्लेख गर्ने)

२३. कम्लहरी किन बस्नु पर्‍यो ?

(क) घर खर्च धान्न नसकेर (ख) जग्गाको लागि कम्लहरी बस्नु पर्ने भएर

(ग) स्कुलमा लाग्ने खर्च तिर्न नसकेर (घ) अन्य (भए उल्लेख गर्ने)

२४. कम्लहरी भएपछि स्कुल जान पाउनु भयो कि भएन ?

(क) पाएँ (ख) पाइन

२५. पाएको भए कसरी पाउनु भयो ?

२६. पाउनु भयो भने कति वर्ष सम्म जानु भयो ?

२७. नपाएको भए किन नपाएको होला ?

२८. तपाईको घर देखि स्कुल कति टाढा छ ?

२९. त्यहाँ कति कक्षासम्म पढाइ हुन्छ ?

३०. अहिले बसेको घर देखि स्कुल कति टाढा छ ?

३१. बस चढ्नु परे कति भाडा लाग्छ ?

३२. तपाइ त्यहि घरमा कम्लहरी बस्नुका कारणहरु के-के हुन ?

३३. कति उमेर हुँदा कम्लहरी बस्नु भयो ?

(क) १०-१२ वर्ष (ख) १३-१५ वर्ष (ग) १५ वर्ष भन्दा माथि

(घ) अन्य (भए उल्लेख गर्ने)

३४. कम्लहरी हुँदा के-के काम गर्नुपर्छ ?

३५. कति बजेबाट काम शुरु हुन्छ र कति बजे सकिन्छ ?

३६. तपाइलाई कसले कम्लहरी बस्न पठायो ?

(क) बुवा (ख) आमा अन्य (भए उल्लेख गर्ने)

३७. तपाइको जग्गा जमिन कति छ ?

३८. तपाईको जग्गामा उब्जेको अन्नले कति महिना खान पुग्छ ?

३९. तपाईको परिवारले कसैको अधिया कमाउनु हुन्छ कि हुदैन ?

(क) हुन्छ (ख) हुदैन

४०. अधिया कमाउने भए अधियाबाट आएको अन्नले वर्ष भरी खान पुग्छ कि पुग्दैन ?

(क) पुग्छ (ख) पुग्दैन

४१. पुग्दैन भने तपाईको परिवारको आम्दानीको मुख्य स्रोत के-हो ?

४२. कम्लहरी बसे बाफत तपाइको परिवारले के पाउनुहुन्छ ? र तपाईले के पाउनु हुन्छ ?

(क) पैंसा (ख) अन्न (ग) अन्य (भए उल्लेख गर्ने)

४३. यदि पैंसा हो भने तपाईले कमाएको पैंसा कसले पाउँछ ?

४४. तपाईलाई कम्लहरी बस्न मन लागेको छ कि छैन ?

(क) छ (ख) छैन ।

४५. तपाईलाई कम्लहरी बस्न किन मन छैन ?

(क) धेरै काम गर्नु पर्छ (ख) पढ्न पाइदैन (ग) कम पैंसा पाइन्छ

(घ) जमिनदारको व्यवहार राम्रो छैन (ङ) अन्य (भए उल्लेख गर्ने)

४६. मन लाग्छ भने किन ?

४७. कम्लहरी हुँदा कस्तो लाग्छ ?

४८. तपाइको विचारमा थारु महिलाले कम पढ्नुको कारण के हो ?

४९. थारु महिलाको शिक्षामा पहुँच बढाउन के गर्नुपर्ला ?

# अनुसूची ३

## मुक्त कम्लहरीहरुका लागि प्रश्नावली

१. नाम................ उमेर.................... विवाहित............. अविवाहित...................

२. ठेगानाः- जिल्ला................... गा.वि.स. ....................... वा.नं.................

३. परिवार संख्या............... छोरा................छोरी...................

४. बाबुको शिक्षा ?

(क) निरक्षर (ख) अनौपचारिक शिक्षा (ग) प्राथमिक (५सम्म) (घ) नि.मा.वि.(८सम्म)

(ङ) मा.वि.(१०सम्म) (च) एस.एल.सी. सम्म (छ) अन्य (भए उल्लेख गर्ने)

५. आमाको शिक्षा ?

(क) निरक्षर (ख) अनौपचारिक शिक्षा (ग) प्राथमिक (५सम्म) (घ) नि.मा.वि.(८सम्म)

(ङ) मा.वि. शिक्षा (१०सम्म) (च) एस.एल.सी. (छ) अन्य (भए उल्लेख गर्ने)

६. बाबुको पेशा ?

(क) कृषि (ख) ज्यालामजदुरी (ग) जागिर (घ) अन्य (भए उल्लेख गर्ने)

७. आमाको पेशा ?

(क) कृषि (ख) ज्यालामजदुरी (ग) जागिर (घ) अन्य (भए उल्लेख गर्ने)

८. तपाई स्कुल जानुभयो ? जानुभयो भने कुन स्कुलमा पढेको ?

(क) सरकारी (ख) नीजि

९. कति उमेरको हुँदा स्कुल जानुभयो ?

(क) ५ वर्ष भन्दा कम (ख) छ वर्ष (ग) ७ वर्ष (घ) ८ वर्ष (ङ) ९ वर्ष

(च) १० वर्ष भन्दा माथि

१०. तपाइको दिदी बहिनी स्कुल जानु भयोकि भएन ?

(क) जानु भयो (ख) जानु भएन

११. जानुभयो भने कति कक्षा सम्म पढ्नु भयो वा पढ्दै हुनुहुन्छ ?

१२. तपाईको दाजु भाइ स्कुल जानु भयो कि भएन ?

(क) जानुभयो (ख) जानु भएन

१३. जानुभयो भने कति कक्षा सम्म पढ्नु भयो वा पढ्दै हुनुहुन्छ ?

१४. तपाई स्कुल जाँदै हुनुहुन्छ कि छाड्नु भयो ?

(क) जान्छु (ख) छाडे

१५. जानुहुन्छ भने कति कक्षामा पढ्दै हुनुहुन्छ ?

१६. छाड्नु भयो भने किन छाड्नु भयो ?

(क) स्कुलमा लाग्ने शुल्क तिर्न नसकेर (ख) कम्लहरी बसेको हुनाले (ग) फेल भएर

(घ) स्कुल टाढा भएर (ङ) अन्य (भए उल्लेख गर्ने)

१७. कति कक्षा सम्म पढेर छाड्नु भयो ?

१८. स्कुल पढ्न छाडेर के गर्नुभयो ?

(क) कम्लहरी बसे (ख) घरको काम गरेर बसे (ग) ज्यालादारी काम गरेर बसे

(घ) अन्य (भए उल्लेख गर्ने)

१९. कम्लहरी बस्नुका कारणहरु ?

(क) घर खर्च धान्न गाह्रो भएर (ख) स्कुलमा लाग्ने खर्च तिर्न नसकेर

(ग) जग्गाको लागि कम्लहरी बस्नुपर्ने भएर (घ) अन्य (भए उल्लेख गर्ने)

२०. कति वर्ष कम्लहरी बस्नु भो ?

२१. कति उमेरको हुँदा कम्लहरी बस्नुभयो ?

२२. कम्लहरी हुँदा के-के काम गर्नुपर्दथ्यो ?

२३. कति बजे बाट काम शुरु हुन्थ्यो र कति बजे सकिन्थ्यो ?

२४. तपाईलाई कसले कम्लहरी बस्न पठायो ?

(क) बुवा (ख) आमा (ग) दाजु/भाइ (घ) अन्य (भए उल्लेख गर्ने)

२५.	कम्लहरी हुँदा स्कुल जान पाउनु भयो कि भएन ?

(क) पाए	(ख) पाइन

२६.	पाएको भए कति वर्ष सम्म स्कुल जानु भयो ?

(क) १ वर्ष	(ख) २ वर्ष	(ग) ३ वर्ष	(घ) ४ वर्षभन्दा माथि

(ङ) अन्य (भए उल्लेख गर्ने)

२७.	पाउनु भएन भने किन पाउनु भएन ?

२८.	कम्लहरी बाट कसरी मुक्त हुनुभयो ?

२९.	कहिले मुक्त हुनुभयो ?

३०.	कम्लहरी बाट मुक्त भएपछि के गर्दै हुनुहुन्छ ?

(क) स्कुल जान्छु	(ख) घरमै बस्छु	(ग) आयमुलक काम गर्छु

(घ) संघ संस्थामा संलग्न छु	(ङ) अन्य (थप उल्लेख गर्ने)

३१.	तपाइ कुनै संघ संस्थामा संलग्न हुनुहुन्छ ? वा तपाइको कुनै संघ संस्थासँग सम्बन्ध छ ?

३२.	तपाइको राजनीतिक दल वा सामाजिक कार्यकर्तासँग कस्तो सम्बन्ध छ ?

३३.	तपाईको जग्गा जमिन कति छ ? बार्षिक आम्दानी कति हुन्छ ?

३४.	अब के काम गर्ने सोच्दै हुनुहुन्छ ?

३५.	तपाइको विचारमा थारु महिलाले कम पढ्नुको कारण के हो ?

३६.	थारु महिलाको शिक्षामा पहुँच बढाउन के गर्नु पर्ला ?